अनन्तरं काशिराजेन सुदर्शनेन च संस्तुता सती ताभ्यां वरं ददौ । काशी-नगर्यामयोध्यायाञ्च मम पूजा कारयितव्येति कथयित्वान्तरधात् । सुवाहुः काश्यामसिघट्टे दुर्गामन्दिरं निर्माय पूजामकरोत् प्रचारयच्च । सुदर्शनोऽपि अयोध्यायां गत्वा सपत्नमातरमनुनीय पूर्वं देवीमन्दिरं निर्माय तत्र देवीमूर्तिं संस्थाप्य पूजां कृत्वा मात्रनुज्ञया स्वपैतृकराज्यासने उपविवेश, इति ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अत्र काव्ये समाविष्टच्छन्दांसि तेषां लक्षणानि च

- प्रथमसर्गे आदौ (१-३) शार्दूलविक्रीडितं वृत्तम् , ततः द्वितीयस्य अष्टमश्लोकपर्यन्तं, तृतीयसर्गेऽपि प्रायः उपजातिवृत्तम् -

  सूर्याश्वैर्मसजस्तता सगुरवः शार्दूलविक्रीडितम् ।

  उपेन्द्रवज्रा जतजास्ततो गौस्यादिन्द्रवज्रा यदि तौ जगौ गः ।
  अनन्तरोदीरितलक्ष्मभाजौ पादौ यदीयावुपजातयस्ताः ॥

- द्वितीयसर्गे नवमश्लोकादारभ्य, पञ्चमसर्गे च प्रायः वसन्ततिलका वृत्तम् - उक्ता वसन्ततिलका तभजा जगौ गः ॥

- चतुर्थसर्गे प्रायः वंशस्थवृत्तम्- जतौ तु वंशस्थमुदीरितं जरौ ।

- षष्ठसर्गे एकादशे च प्रायः अनुष्टुव्वृत्तम् -
  पञ्चमं लघु सर्वत्र सप्तमं द्विचतुर्थयोः ।
  षष्ठं गुरुर्विजानीयादेतद्वृत्तस्य लक्षणम् ॥

- सप्तमे, दशमेऽपिसर्गे प्रायः भुजङ्गप्रयातम् - भुजङ्गप्रयातं चतुर्भिर्यकारैः ।

- अष्टमसर्गे प्रायः स्वागतावृत्तम्- स्वागतेति रनभाद् गुरुयुग्मम् ।

- नवमसर्गे प्रायः द्रुतविलम्बितम्- द्रुतविलम्बितमाह नभौ भरौ ।

- द्वादशसर्गे प्रायः पृथ्वीवृत्तम् -
  जसौ जसयला वसुग्रहयतिश्च पृथ्वी गुरुः ।

सर्गान्ते तु वृत्तं परिवर्तितम् ।

卐

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जगदम्बिकावैभवम्

प्रथमः सर्गः

यो देवः सविताऽखिलस्य जगतो ब्रह्माऽन्यरूपेण यो
विष्णुः पालयिता य एव च शिवः संहारको मायया ।
यश्चाचक्षुरनन्तदृग् बहुशिरा योऽपाणिपादो जवी
वेदैरुक्तमनन्यथैव घटते तस्मै नमो ब्रह्मणे ॥१॥

पूर्वं प्राथमिकीं नमामि ददतं शिक्षां स्वतातं ततः
सद्वैयाकरणं प्रसन्नवदनं श्रीहेमनाथं गुरुम् ।
तर्काध्यापनबोधनेऽतिकुशलं श्रीलोकनाथं तथा
वन्देऽहं पठितः स्मरामि सततं श्रीटङ्कनाथं परम् ॥२॥

सद्विद्यां प्रति देशिकं ह्यहरहः प्रातःस्मृतेर्भाजनं
तं वन्दे दधिरामसंज्ञकमहो ! तुष्टः कथं व्यस्मरम् ?
एतेषां हृदयोदयात्मदयया मन्दात्मबुद्धेर्मम
विद्याभ्यासमतिर्गतिश्च सहसा काव्येऽपि धृष्टायते ॥३॥

(नेपाली अनुवाद)

जुन देवताले ब्रह्मा भएर जगत्‌को सृष्टि गर्दछन्,जो विष्णु भएर पालन गर्दछन् , जो शिव भएर संहार गर्दछन् यो सबै मायाका साथले गर्दा भएको हो एक्लै समर्थ छैनन् । जुन देवता आँखा नभएका किन्तु अनन्त आँखा हुने, धेरै शिर भएका, जुन देवता हात पाउ नभएका किन्तु वेगवान् छन् भनेर वेदले बताएका छन् अन्यथा होइन, त्यस्ता परब्रह्मलाई नमस्कार गर्दछु ॥१॥

पहिले आफूलाई प्राथमिक शिक्षा दिनु हुने आफ्ना पितालाई प्रणाम गर्दछु अनि हँसिलो मुख भएका व्याकरण शास्त्र जान्ने गुरु श्रीहेमनाथ घिमिरेलाई अनि तर्कशास्त्र पढाउन र बुझाउन सिपालु गुरु श्रीलोकनाथ ढकाललाई प्रणाम गर्दछु । त्यस्तै मैले पढेका अर्का गुरु श्रीटङ्कनाथ पराजुलीलाई पनि बराबर सम्झन्छु र प्रणाम गर्दछु ॥२॥

यसैगरी सद्विद्याका उपदेशक, हरेकदिन प्रातः स्मरणयोग्य, गुरु दधिराम मरासिनीलाई प्रणाम गर्दछु । वहाँको कृपा पाएर सन्तुष्ट भएको मैले वहाँ जस्तालाई कसरी बिर्सन्थें र ? यी सबै गुरुहरूको हृदयमा उदाएको दयाले गर्दा मन्द बुद्धि भएका म जस्ता मानिसको बुद्धि विद्याभ्यासमा लाग्यो र त्यसबाट काव्य रचनामा धृष्टता गर्नेसामर्थ्य पनि भयो ॥३॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विशालभूमाविह भारतस्य मध्ये प्रदेशः किल कोसलाख्यः ।
तस्मिन्नयोध्येति विशिष्टनाम्नी पुर्यस्ति सूर्यान्वयराजधानी ॥४॥

या मोक्षदाः सप्तपुरः प्रदिष्टा योद्धुं न शक्या रिपुभिर्बलिष्ठैः ।
तस्मान्मुनीन्द्रैः कथितास्त्ययोध्या नाम्नाप्ययोध्येति प्रथां प्रयाता ॥५॥

या मोक्षदाः सप्तपुरः प्रदिष्टास्तासां समुच्चारण एव नाम्नाम् ।
आदावयोध्येति निरुच्यमाना तस्या विभूतिः किमु वर्णनीया ॥६॥

यस्यां मुमुक्षारसिका वसन्ति वयोऽवसाने स्वतनुं विहातुम् ।
त्रिसन्ध्यमाप्लुत्य जपं चरन्ति कुशासनस्थाः सरयूतटेषु ॥७॥

सीतासमेतस्य सलक्ष्मणस्य श्रीरामचन्द्रस्य गृहे गृहेऽपि
अहर्निशं पूज्यत एव मूर्तिः किं वैभवं तत्परतोऽस्तु तस्याः ॥८॥

सीतासमेतस्य सलक्ष्मणस्य श्रीरामचन्द्रस्य हनूमतश्च ।
व्यूहश्चतुर्णामपि दृश्यतेऽन्तः सहस्रधा दर्पणभित्तिभेदात् ॥९॥

यो विशाल भारत वर्षको माझमा कोसल नाम गरेको देश छ, त्यो देशमा अयोध्या भन्ने विशिष्ट नाम गरेको एउटा शहर छ जुन सूर्यवंशी राजाहरूको राजधानी हो ॥४॥

नाम लिए मात्र मोक्ष दिने भनिएका सात पुरी मध्ये एक पुरी अयोध्या हो, जसलाई वलिष्ठ शत्रुहरूले पनि युद्ध गर्न नसकिने ठानेर मुनिहरूले अयोध्या भनेका थिए त्यसै कारण अयोध्या भन्ने नामले प्रख्यात भएको छ ॥५॥

जुन मोक्ष दिने सात पुरी वताइएका छन् तिनीहरूको नाम उच्चारण गर्दा पहिले अयोध्या भन्ने नाम आउँछ त्यसको महिमा के वर्णन गर्न सकिन्छ र ! त्यस पुरीमा शरीर ढलेपछि मोक्ष हुन इच्छा गर्ने मानिसहरू वस्छन् र सरयू नदीका तटमा त्रिकाल स्नान गरी कुशासनमा वसी जप गर्दछन् ॥ ६-७॥

त्यस पुरीका घर घरमा सीता र लक्ष्मणले सहित भएका श्रीरामका मूर्ति रातदिन पूजा गरिएका छन्, त्यसभन्दा बढ्ता ऐश्वर्य त्यो पुरीको के होस् र ! सीता र लक्ष्मणले युक्त रामचन्द्र तथा हनूमान् समेत गरी चार जनाको समूह पनि ऐनामय भित्ताको कारणले गर्दा ती घरभित्र हजारौ ठाउँमा देखिन्छन् ॥ ८-९॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निर्माय यस्यां भवनं नवीनं वाल्मीकिरामायणमादितोऽन्तम्-
यावत् समुट्टङ्क्य शिलासु भित्तौ स्थूलाक्षरैः स्थापितमस्त्यशेषम् ॥१०॥

तस्यां पुरि क्ष्मापतिपुष्यमित्रः सूर्यान्ववाये ध्रुवसन्धिनामा ।
बभूव राजा रविवंश्यहेतो रविर्यथाऽसह्यखरोष्मतेजाः ॥११॥

यस्मिन् गुणाः सत्यदयादयस्तु स्थानान्तरं क्वाप्यनवाप्य सर्वे ।
स्थिताः समेत्यैव परस्परं ते त्यक्त्वा विरोधं पुपुषुर्गुणित्वम् ॥१२॥

चकार राज्यं स मनोः क्रमेण परम्पराप्राप्तमनन्यलभ्यम् ।
श्रीरामचन्द्रेण च भुक्तपूर्वं समृद्धमत्यन्तमदीर्घसूत्री ॥१३

यस्मिन् द्विजा वैदिककर्मनिष्ठाः क्षत्राः प्रजापालनदत्तचित्ताः ।
वैश्याः स्ववीर्याश्रयिणश्च शूद्रास्त्रिवर्णसेवानिरता बभूवुः ॥१४॥

तस्मिन्नृपे शासति कोसलेषु चौराः कृतघ्नाश्च खलाश्च नासन् ।
राज्ञो भयाद्बुद्धिविपर्ययाच्च राजा यथा स्याज्जनतास्तथा स्युः ॥१५॥

त्यस नगरीमा नयाँ भवन बनाएर वाल्मीकि रामायण आदिदेखि अन्त्यसम्म समग्र ठूला अक्षरले शिलामा कुँदेर भित्तामा टाँसिएको छ ॥१०॥

त्यस नगरीमा, सूर्यवंशमा पुष्यमित्र नाम गरेका राजा भए । तिनका छोरा ध्रुवसन्धि नामका अर्का राजा भए, सूर्यवंशी हुनाको कारणले ती ध्रुवसन्धि, सूर्य जस्तै असह्य खरा र तेजिला पनि थिए ॥११॥

सत्य, दया आदि गरिएका गुणहरू अन्यत्र कतै ठाउँ नपाएर सबै जम्मा भएर परस्परमा विरोध छाडी तिनै राजामा वसी राजाको गुणीपनलाई बढाए ॥१२॥

मनु महाराजदेखि परम्परा सम्बन्धले प्राप्त भएको, कोही पराइले लिन नसकिएको तथा श्रीरामचन्द्रले पहिले भोग गरिएको समृद्ध राज्यलाई अल्छी नभइकन ती ध्रुवसन्धिले भोग गरे ॥ १३ ॥

जुन नगरीमा व्राह्मणहरू वैदिक कर्म गर्ने, क्षत्रियहरू दुनियाको पालन गर्नमा चित्त दिएका, वैश्यहरू आफ्नो पराक्रमको आश्रय गर्ने र शूद्रहरू त्रिवर्गको सेवामा तत्पर रहेका थिए ॥१४॥

ती राजाले राज्य गर्दा कोसल देशमा चोर, कृतघ्न, छुल्याहा र मूर्ख कोही भएनन् । राजाको डरले र वुद्धि वदलिएर पनि 'जस्ता राजा उस्तै जनता' भए ॥१५॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एवं समाराधयतः प्रजाः स्वा दिनेषु गच्छत्स्वचिराद्युवत्वे ।
भोगाभिलाषो नृपतेर्बभूव विवाहवाञ्छां प्रकटीचकार ॥१६॥

विदल्लकाद्या नृपमन्त्रिवर्या राज्ञो हिते कर्मणि दत्तचित्ताः ।
कन्यार्थनार्थं त इतस्ततोऽगुः कन्याललामापुरयत्नतोऽन्याम् ॥१७॥

कलिङ्गदेशाधिपतिः क्षितीशो विवाहयोग्यां तनयां निरीक्ष्य ।
दूतं युयोज ध्रुवसन्धये तु सम्बन्धमिच्छन्नथ वीरसेनः ॥१८॥

आगत्य दूतस्त्वरितं त्वयोध्यां समन्ततो मन्त्रिगणैः परीतम् ॥
नृपं समेत्य स्फुटवाक्यमाह सम्बन्धयोगे चतुरः स विद्वान् ॥१९॥

राजन् ! सहामात्य ! ससभ्यवर्ग ! दूतः कलिङ्गाधिपतिप्रयुक्तः ।
नत्वा भवन्तं प्रथमं ब्रवीमि मत्स्वामिनोद्दिष्टमुदन्तमेतम् ॥२०॥

राजन् ? विवस्वत्कुलज ? त्वयाहं सम्बन्धमिच्छामि न तन्मृषा स्यात् ॥
श्रुत्वा भवन्तं हि विवाहकाममावेदये मन्मनसोऽभिलाषम् ॥२१॥

यस रीतिले आफ्ना प्रजालाई पालन गर्दा केही दिन वितेपछि राजालाई विषय भोगको इच्छा भयो र उनले विवाह गर्ने इच्छा प्रकट गरे ॥१६॥

राजाको हित हुने काममा चित्तदिने, विदल्ल आदि गरिएका श्रेष्ठ मन्त्रीहरूले कन्यार्थका निमित्त यता उता गएर खोजी गरे, किन्तु श्रेष्ठ कन्या भने प्रयासै विना अन्यत्रबाट पाए ॥१७॥

कलिङ्ग देशका अधिपति राजा वीरसेनले आफ्नी छोरी विवाह गरिदिन योग्य भएकी देखेर ध्रुवसन्धिराजासंग सम्वन्ध जोड्ने इच्छा गरी एक दूत पठाए ॥१८॥

त्यो दूत सम्बन्ध जुटाउन चतुरो र विद्वान् पनि थियो । छिटो नै अयोध्यामा आइपुगेर मन्त्रीहरूले घेरिएका राजासंग स्पष्ट वाक्यमा यसरी भन्यो ॥ १९॥

मन्त्रिवर्ग र सभ्यवर्गले सहित हुनु भएका हे राजन् ! म कलिङ्ग देशका राजाले पठाएको दूत हुँ, पहिले हजुरलाई नमस्कार गरेर मेरा मालिकले भन्नु भएको यस्तो कुरा भन्दछु ॥ २०॥

"सूर्यवंशी महाराज ! हजुरका साथ मैले सम्वन्ध जोड्न इच्छा गर्दछु । त्यो कुरा झूटा नहोस्, हजुरले विवाह गर्न इच्छा गर्नु भएको छ भन्ने सुनेर मेरा मनको अभिलाषा बिन्ती गर्दछु ॥ २१॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुत्री मदीया नृप ! षोडशाब्दा मनोरमाख्यास्ति विवाहयोग्या ॥
नामानुरूपाच्छगुणा कुरङ्गनेत्राऽनवद्याऽऽचरिता कृशाङ्गी ॥२२

श्रुत्वा त्वदीयान् सुगुणान् भवन्तं मनोवचःकर्मभिरावृणीते ।
तन्मत्सुताया मदनातुराया याच्ञाविभङ्गं न भवान् प्रकुर्यात् ॥२३

राजन ? कलिङ्गाधिपतेरुदन्तमिमं मयानीतमतः परन्तु ।
यदत्र कार्यं प्रविविच्य सम्यग् विधेहि मय्युत्तरमाशु देहि ॥२४

राज्ञो वचो दूतमुखान्निशम्य मनोऽनुकूलं ध्रुवसन्धिभूपः ।
सभासदग्रे कथयाम्बभूव हिताहितं येऽत्र विचारयन्ति ॥२५॥

क्षणं सभा मूक इवाभवत्सा किं कार्यमित्यत्र विचारतन्त्रा ।
अनन्तरं त्वेकमतेन सभ्याः समूचिरे तेऽ प्यचिरेण भूपम् ॥२६॥

राजन् ! सुदेशेषु कलिङ्गदेशो विकासशीलो नगरात्मकश्च ।
गङ्गासमुद्रादिकखातदुर्गः परैः समाक्रान्तुमशक्य एव ॥२७॥

राजापि सम्पन्नबलः स्ववीर्यात् सेनाङ्गवीर्यादपि वीरसेनः ।
सम्बन्धमस्माभिरपीच्छति स्याद्धितं विचारावसरो न चात्र ॥२८॥

हे महाराज ! मनोरमा नाम गरेकी सोह्र वर्षकी मेरी छोरी विवाह गर्न लायककी छ, नाम अनुसारका गुणले युक्त छ मृगका जस्ता आँखा भएकी पातली र निर्दोष चरित्र भएकी छ । तपाईंका गुण सुनेर मन, वचन र कर्मले तपाईंलाई नै वरण गरेकी छ त्यसकारण हजुरले कामातुर भएकी मेरी छोरीको आशा भङ्ग गर्नुहुने छैन, स्वीकार गरिबक्सियोस् ॥२२-२३॥

महाराज ! मैले ल्याएको, कलिङ्ग देशका राजाको समाचार यही हो, यस विषयमा गर्नुपर्ने कर्तव्य राम्रो विचार गरेर मलाई चाँडो उत्तर दिनुहोस् ॥२४॥

दूतका मुखबाट राजाको बचन सुनेर आफूलाई पनि मन परेको हुँदा ध्रुवसन्धि राजाले हित र अहितवारे विचार गर्नेहरूको सभामा प्रस्ताव राखे ॥२५॥

यस विषयमा के गर्ने भनी विचाराधीन भई एक छिन त्यो सभा लाटो जस्तै चूप रह्यो । त्यसपछि तुरुन्तै सभासद्हरूले एकमत भएर राजासंग यसो भने । ॥२६॥

हे महाराज ? कलिङ्गदेश असल देशहरूमध्ये एक हो, यो देश विकासशील र धेरै नगर भएको पनि छ, गङ्गा नदीदेखि लिएर समुद्रसम्म किल्ला भएकोले छ । पराइले हमला गर्न नसकिने वाला नै छ । त्यहाँका राजा पनि आफ्नै पराक्रमले सम्पन्न र बलवान् छन्, सेना र राज्याङ्गको वीरताबाट पनि वीरसेन नाम रहेको छ । हाम्रासाथ सम्बन्ध जोड्ने इच्छा गर्छन् भने ठीक छ, हितै हुनेछ, यस कुरामा अरु विचार गर्नु पर्दैन ॥२७-२८॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रुत्वा सभासद्वचनानुकूलं स्वस्याप्यभीष्टं नृपतिः सभायाम् ।
अङ्गीचकार स्वयमेव किन्तु तदुत्तरं मन्त्रिषु सन्निधाप्य ॥२९॥

विदल्लमुख्याखिलमन्त्रिवर्या राज्ञोप्यभिप्रायमपेक्ष्य दूतम् ।
अङ्गीकृतेत्युत्तरयांबभूवुः कन्या कुलालम्बनपुत्रहेतोः ॥३०॥

शृङ्गारितानेकरथाश्वयानः समर्चितादभ्रकरीन्द्रदानः ।
विभूषिताश्चाश्रितयातृवर्गः पदोपपन्नानुगभृत्यवर्गः ॥३१॥

ज्योतिर्विदादिष्टदिने सुलग्ने पुरोहितापादितखेटशान्तौ ।
चकार यात्रां वरयात्रिकैः स राजा कृतस्वस्त्ययनः सहैव ॥३२॥

इत्थं कलिङ्गान् समवाप्य राजा बहिः पुरस्तादवरुह्य यानात् ।
दूतं कलिङ्गाधिपतौ न्ययुङ्क्त स्वस्यागमं बोधयितुं स तूर्णम् ॥३३॥

श्रुत्वा नृपस्यागमनं कलिङ्गराजस्तदागत्य सयातृवर्गः ।
समर्च्य भूपं वरयात्रिकाँश्च निनाय पाणिग्रहणाग्निशालाम् ॥३४॥

पुरोधसा तर्पितवह्निशाले समर्पितब्राह्मणकण्ठमाले ।
समर्चितद्वैरदशुण्डभाले पाणिं स जग्राह सदिष्टकाले ॥३५॥

सभासद्हरूको यस्तो अनुकूल वचन सुनेर आफ्नो इच्छा पनि त्यस्तै हुँदा राजाले स्वीकार गरे परन्तु त्यसको उत्तर मन्त्रीहरूकै अधीनमा राखे ॥२९॥

विदल्ल आदि मन्त्रिवर्गले यो कुरा राजाको मन परेको छ भन्ने जानेर तथा राजकुलको आश्रय हुने छोरा जन्मलान् भन्ने हेतुले 'हामीले कन्या स्वीकार गऱ्यौं' भन्ने उत्तर दिए ॥३०॥

अनि अनेक रथहरू सिंगारेर, ठूला हात्तीहरूको गण्डस्थल पूजा गराएका आफूसंग आश्रय गर्ने जनसमूहलाई भूषित गराएका, आफूसंगसंगै जाने जन्तीहरूलाई पछि लगाएका ती राजा ज्योतिषीहरूले आदेश दिएको राम्रो दिन र सुलग्नमा पुरोहितहरूले ग्रहशान्ति गरेपछि स्वस्ति वाचन तथा मङ्गल पाठ गरेर वरियाँतका साथ कलिङ्गदेशका लागि प्रस्थान गरे ॥३१-३२॥

कलिङ्ग देशमा पुगेपछि शहरदेखि बाहिरै पहिले आफू यानबाट ओर्लेर ध्रुवसन्धि राजाले आफ्नो आगमनको पूर्व सूचना दिनका लागि कलिङ्गराजकहाँ दूत पठाए ॥३३॥

अग्निशालामा पुरोहितहरूले हवन गरिएको, ब्राह्मणहरूका घाटीमा माला लगाइएको तथा गणेशको सुँढ र निधारमा पूजा गरिएको असल र इष्ट लग्न भएको समयमा राजाले पाणिग्रहण (विवाह) गरे ॥३४-३५॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कलिङ्गराजो ध्रुवसन्धिराजं संपूज्य वस्त्राभरणादिभिश्च ।
यानैरनेकै रथदासवर्गैः प्रस्थापयामास वरं सुताञ्च ॥३६ ॥

निवृत्य गेहं श्वशुरालयात् स समेत्य सर्वैर्वरयात्रिभिश्च ।
प्रीत्यैव चक्रे वरयात्रिभोजं दानं ददौ माङ्गलिकं जनेभ्यः ॥३७॥

ततः परं तूज्जयिनीपतेश्च युधाजितो राज्ञ उवाह कन्याम् ।
लीलावतीति प्रथितां स्वनामानुरूपलीलाङ्गविलासभूमीम् ॥३८॥

मनोरमाख्या नृपधर्मपत्नी लीलावती चाप्यपरास्य पत्नी ।
रूपान्विते ते नृपधर्मपत्न्यौ रूपानुरूपाच्छगुणान्विते च ॥३९॥

ताभ्यां स राजा विजहार काले नाना गृहेषूपवनेषु भूयः ।
क्रीडागिरौ कुञ्जवनेषु नानासौधेषु फुल्लाम्बुजदीर्घिकासु ॥४०

दिनेषु गच्छत्सु कदाचिदस्य मनोरमाख्या दयिता नृपस्य ।
असूत पुत्रं नृपलक्षणाढ्यं शुभेषु खेटेषु समुच्चगेषु ॥४१॥

कलिङ्ग देशका राजा वीरसेनले राजा ध्रुवसन्धिलाई वस्त्र र गहनाहरू दिएर पूजा गरी अनेक यान, रथ र दासको समूह दिए र तिनका साथ आफ्नी छोरीलाई पनि पठाए । श्वशुरालबाट फर्केपछि ती ध्रुवसन्धिले पनि सबै वरयात्रीका साथ प्रीति भोज गरे अनि मानिसहरूलाई माङ्गलिक दान पनि गरे ॥३६-३७॥

त्यसपछि फेरि उज्जयिनी देशका राजा युधाजित्‌की कन्या लीलावती भन्ने नाम भएकी र नाम अनुसार नै लीला र अङ्गविलासको आधार भएकीलाई ध्रुवसन्धि राजाले विवाह गरे ॥३८॥

यसरी ती राजाका मनोरमा नाम गरेकी जेठी धर्मपत्नी तथा लीलावती नाम भएकी कान्छी पत्नी, दुवै रूपले युक्त र रूप अनुसार स्वच्छ गुणले युक्त भएका दुई धर्मपत्नी भए ॥३९॥

ती दुवै पत्नीहरूका साथ समय-समयमा ती राजाले कहिले वगैंचामा, कहिले पर्वतमा, कहिले वनका लहरा भएका ठाउँहरूमा, अनेकघरहरूमा र फूलेका कमल शोभित भएका पोखरीका नजीकमा विहार गरे ॥४०॥

दिन वित्दै थिए यस्तैमा कुनै दिन मनोरमा नाम गरेकी राजाकी प्यारी पत्नीले धेरै ग्रहहरू उच्च भएको समयमा राजलक्षणले युक्त भएको छोरा जन्माइन् ॥४१॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुणेन बालस्य च दर्शनार्हरूपेण देहावयवैरपूर्वैः ।
सुविस्मितः सन् नृपतिश्चकार सुदर्शनं तं तनयं हि नाम्ना ॥४२॥

राज्ञो द्वितीयापि तथैव पत्नी जज्ञे सुतं शत्रुजिदाह्वयं च ।
राजा तयोर्जन्मदिने चकार पुरोधसा स्वात्मजजातकर्म ॥४३॥

सुवर्णकुम्भस्थजलेन भूयः स्नानं सुतोत्पत्तिमपेक्ष्य कृत्वा ।
नामाभिधं कर्म तथैव चक्रे जनुर्दिनाद् द्वादशसंख्यकेऽह्नि ॥४४॥

तयोर्हि जन्मावसरे नगर्यां न केवलं राजगृहे प्रहर्षः ।
गृहे गृहेऽपि प्रबभूव हर्षो यथा जनानां हृदयं चकर्ष ॥४५॥

क्रमेण गच्छत्सु दिनेषु बालौ सितेन्दुवद् वृद्धिमितौ स्मितास्यौ ।
क्रीडारतौ पितृमुदं ददानौ तथैव लोकाननुरञ्जयन्तौ ॥४६॥

मनोरमायास्तनयो हि पूर्वं जातस्ततो ज्येष्ठतया प्रसिद्धः ॥
लीलावतीकुक्षिभवः कनिष्ठः परं तयोः स त्वतिचाटुवाक्यः ॥४७॥

वालकका गुणले-हेर्नलायक रूपले र शरीरका अपूर्व अवयवले छक्क परेका राजाले त्यस छोराको नाम पनि **सुर्दशन** राखे ॥४२॥

त्यसै गरी राजाकी द्वितीय पत्नीले पनि **शत्रुजित्** नाम गरेको छोरा जन्माइन् । ती दुवै छोराको जन्मदिनमा राजाले पुरोहितद्वारा उनीहरूको जातकर्म पनि गरे ॥४२-४३॥

पुत्र जन्मेको उपलक्ष्यमा राजाले सुवर्ण कुम्भमा राखिएको जलले स्नान गरे र जन्मको वाऱ्हौं दिनमा नाम कर्म पनि गरे ॥४४॥

ती दुवै छोराहरूको जन्म समयमा शहरमा र राजदरबारमा मात्र खुशियाली भएन, गाउँगाउँमा र घरघरमा पनि हर्ष भयो, त्यसले जनताको मनलाई पनि खुशी पाऱ्यो ॥४५॥

दिन वित्दै जाँदा दुवै वालक शुक्ल पक्षका चन्द्रमा जस्तै वढ्दै गए, हँसिला मुखका भए, खेल्नमा लागे र वावुलाई हर्षित गराए तथा लोकलाई पनि रमाइलो पारे ॥४६॥

मनोरमाका छोरा पहिले जन्मिएका हुँदा जेठा भई प्रसिद्ध भए, लीलावतीका छोरा कान्छा थिए तर ती वालक अति मीठो वोल्नेवाला भए ॥४७॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नृपः प्रजा मन्त्रिगणाश्च सर्वे प्रेमार्द्रदृष्ट्या प्रणयन्ति नित्यम् ॥
न मन्दभाग्येन सुदर्शनन्तु पितापि प्रेमार्द्रदृशा प्रपश्येत् ॥४८॥

इत्थं स गार्हस्थ्यसुखं विवृण्वन् प्रजाः प्रपुष्यन् समयं निनाय ॥
पुत्रं तु गार्हस्थ्यफलं वदन्ति लेभे नृपस्तत् फलयुग्ममेव ॥४९॥

रङ्कोपि पुत्रस्य मुखं विलोक्य नृपं न पश्येदिति लोकसिद्धम् ॥
राजा तु पुत्रद्वयमाप्य कस्मात् प्रजाः प्रगण्यादनुमेयमेवम् ॥५०॥

इत्थं प्रजाः पालयति क्षितीशे न कोप्यभूद् दुःखिजनस्तदा तु ।
जयध्वनिं दध्वनुरस्य हर्म्ये जनाः पुनः प्रत्यहमेवमेत्य ॥५१॥

चिन्ता मनस्येव शशाम तासां क्षेत्रेषु सस्यं द्रविणं जनेषु ॥
दुग्धं तथा गोषु घृतं पयस्सु रसः फलेषु द्विगुणं बभूव ॥५२॥

ववर्ष पर्जन्यगणैर्महेन्द्रो नभीतिरीतेरपि चान्वभावि ॥
न तस्करादेर्भयमुज्जगाम सर्वत्र सर्वाः सुखिताः प्रजास्ताः ॥५३॥

राजा, प्रजा र मन्त्रीहरू सवैले शत्रुजित्लाई सधैं प्रेमपूर्ण दृष्टिले हेर्दथे तर सुदर्शनलाई उनको भाग्य कमी हुँदा वावुले पनि प्रेमपूर्ण दृष्टिले हेरेनन् ॥४८॥

यसरी गृहस्थीको सुख भोग गर्दै र प्रजाको पालन पनि गर्दै राजाले समय विताए । गृहस्थीको फल पुत्र हो भन्दछन् राजाले त्यो पुत्ररूपी फल एकै पटकमा दुइवटा पाए ॥४९॥

'गरीव मानिसले त छोराको मुख देखेपछि राजालाई पनि गन्दैन' भन्ने लोक प्रसिद्धि छ भने राजाले दुइवटा छोरा पाए पछि अरुलाई के गन्लान् भन्ने यस्तो अनुमान गर्नुपर्छ ॥५०॥

यस प्रकार राजाले प्रजा पालन गर्दा दुःखी मानिस कोही पनि भएन, सवै जना दिन-दिनै राजाको दरवारमा आएर जय ध्वनि गर्दथे ॥५१॥

ती प्रजाहरूको चिन्ता मनमा नै शान्त भयो, खेतमा धानवाली, मानिसहरूमा धन, गाईहरूमा दूध, दूधमा घ्यू र फलहरूमा रस पनि दुइ गुना भयो ॥५२॥

इन्द्रले मेघहरूका साथ जल वर्षाए, अतिवृष्टि, अनावृष्टि आदि ईतिको भय पनि कसैले अनुभव गर्नु परेन र चोर आदिवाट डर पनि भएन । यसरी सबै जनताहरू सबै ठाउँमा सुखी भए ॥५३॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एवं प्रयाते समये कदाचिद् वनं प्रपेदे मृगयाभिलाषी ।
सैन्यैः समेतः स मृगाञ्जघान मेध्यान् रुरून् शूकरकम्बुखड्गान् ॥५४॥

राज्ञि प्रवृत्ते मृगयाविहारे भयङ्करेऽन्तर्विपिने निकुञ्जात् ।
निष्क्रम्य सिंहः सहसोदतिष्ठद् राजा शरैस्तं प्रथमं बिभेद ॥५५॥

विद्धोऽपि वाणैर्नृपमग्रभूतं दृष्ट्वा ननादाद्भुतमेव सिंहः ।
गर्जन्तमेनं नृपसैनिकास्ते वाणैरनेकैर्विविधुश्च सिंहम् ॥५६॥

शरैः प्रविद्धोऽविगणय्य वाणान् खमुत्पपात क्षितिपं निहन्तुम् ।
राजाऽपि चर्मासिकरो जघान गड्गेन सिंहोऽप्यवमत्य खड्गम् ॥५७॥

हाहेति शब्दोदयकालमेव नखाग्रपातैर्निजघान भूपम् ।
सिंहोऽपि सेनाशुगभिन्नमर्मा ममार तत्रैव पपात भूमौ ॥५८॥

ते सैनिका मन्त्रिसमीपमेत्य न्यवेदयन् दुर्घटनां नृपस्य ।
श्रुत्वा प्रयाणं नृपतेस्तदानीं कोलाहलोऽभूद्भवने वनेऽपि ॥५९॥

यस्तै रीतिले दिन वित्दै जाँदा कुनै दिन शिकार खेल्ने इच्छा भएका ती राजा सेना सहित भएर वनमा गए र पवित्र रातो मृग, बँदेल, कम्बुमृग, गैंडाहरूलाई मारे ॥५४॥

डरलाग्दो वनमा ती राजा शिकार खेल्नमा तत्पर भएको बखतमा निकुञ्जवाट एउटा सिंह निस्क्यो र राजा माथि जाइलाग्न थाल्यो, अनि राजाले पहिल्यै वाण प्रहार गरेर त्यसलाई हाने ॥५५॥

त्यसरी वाणले हानिएको सिंह पनि अगाडि राजालाई देखेर अद्भुत शब्दगरी गर्ज्यो, गर्जनलागेको सिंहलाई राजाका फौजले अनेक वाणले हाने ॥५६॥

तैपनि ती वाणको वास्ता नराखेर सिंह राजालाई मार्न भनी आकाशमा उर्ल्यो ढाल र तरवार हातमा लिएका राजाले पनि तरवारले हाने, सिंहले पनि तरवारको वास्ता नराखेर हाहाकार शब्द मच्चिएको समयमै नङ्ग्राले राजालाई प्रहार गऱ्यो र राजा मरे । सिंह पनि सेनाका वाणले मर्ममा लागेको हुँदा मऱ्यो र त्यहीं भूइँमा लड्यो ॥५७-५८॥

ती सैनिकहरूले मन्त्रीसंग आएर राजाको त्यो दुर्घटना निवेदन गरे । राजाको देहान्त भएको सुनेर दरवारमा र वनमा पनि कोलाहल भयो ॥ ५९॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मुमूर्छ सर्वोऽप्यवरोधवर्गो मुमोह तन्मान्त्रगणः सशोकः ।
चित्वा चितां चन्दनपिप्पलाद्यैः कृत्वाऽग्निसाद्राजशरीरमेवम् ॥६०॥

संस्कारकर्मादि वनेऽपि तस्मिन् निर्वर्तयामास स मन्त्रिवर्गः ।
गुरोर्वसिष्ठस्य यथा नियोगस्तथा समाप्यैव गृहे जगाम ॥६१॥

अनन्तरं राजपदे नियोक्तुं सुदर्शनं ज्येष्ठवयस्कमेव ॥
गुरुर्वसिष्ठः सचिवाः प्रजाश्च परस्परं मन्त्रममन्त्रयन्त ॥६२॥

जामातरं मृत्युवशं प्रयातं सुदर्शनं राजपदे नियुक्तम् ।
श्रुत्वा युधाजिन्नृपतिः प्रयातः सेनासमेतो दुहितुः सुतार्थम् ॥६३॥

कलिङ्गराजोऽपि च वीरसेनः श्रुत्वा युधाजिन्नृपतेः प्रयत्नम् ।
ससेन एवागमदत्र पुत्रीपुत्रस्य हेतोश्च सुदर्शनस्य ॥६४॥

ससेनयोरागमनं निरीक्ष्य दौहित्रपक्षाश्रितयोस्तयोस्तु ।
प्रजाप्रकृत्योश्च गणः प्रसह्य प्रहस्य नेत्रैः समवालुलोक ॥६५॥

ततो युधाजिन्निजगाद मन्त्रिगणस्य सांमुख्यमितः सधैर्यम् ॥
ज्येष्ठस्य राज्यं न कनीयसः स्याज्ज्यायान् कनियान् कतरोऽनयोश्च ॥६६॥

अन्तःपुरका सबै मानिसहरू मूर्छा परे, मन्त्रीहरूको समूह शोकले गर्दा मोहमा पऱ्यो मन्त्रीहरूले श्रीखण्ड पिप्पलहरूको चिता बनाए र राजाको शरीरलाई भस्म गराए ॥६०॥

अनि वसिष्ठ गुरुको जस्तो निर्देशन हुन्छ त्यसै अनुसार क्रिया कर्म पनि वनमै गराई समाप्त गरेर घरमा गए ॥६१॥

त्यसपछि उमेरमा जेठा भएका सुदर्शनलाई नै राजगद्दीमा राख्नकोलागि गुरु वशिष्ठ, मन्त्रीहरू र दुनियाँले परस्परमा सर सल्लाह गरे ॥६२॥

ज्वाइँ कालका वशमा परेको र सुदर्शन राजपदमा खटाइएको सुनेर युधाजित् राजा सेना सहित भई नातीका निमित्त त्यहाँ आए ॥ ६३॥

कलिङ्गदेशका राजा वीरसेन पनि युधाजित् राजाको प्रयत्न सुनेर आफ्नी छोरीको छोरा सुदर्शनका निमित्त सेना सहित भई अयोध्या आए ॥ ६४॥

ती दुवै राजा आ-आफ्ना छोरीका छोराको पक्ष लिएर त्यहाँ आएको देखी प्रजा प्रकृतिको समुदायले जवर्जस्ती हाँसेर आँखा खोली खूव हेऱ्यो ॥६५॥

त्यसपछि युधाजित् राजाले मन्त्रीहरूका अगाडि आएर धैर्यसाथ भने "जेठाको राज्य हुन्छ, कान्छाको हुँदैन । यी दुइमध्ये जेठो कुन हो र कान्छो कुन हो ?" ॥६६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रुत्वा युधाजिद्वचनं स वीरसेनस्तथा प्राह मयापि शास्त्रम् ।
श्रुतं महाराज ! भवेद्य एव ज्यायान् स एवासनरोहणार्हः ॥६७

ततो युधाजित्पुनराह नप्ता ज्यायान् मम श्रेष्ठगुणो न चान्यः ।
राज्यं ततः शत्रुजिति प्रयुज्य संस्थाप्य सिंहासन आशु सिञ्च ॥६८॥

श्रुत्वा युधाजिद्वचनं स राजा कलिङ्गदेशाधिपवीरसेनः
बालावुभौ सद्‌गुणशीलयुक्तौ रम्यौ न भेदोऽत्र दृशं प्रयाति ॥६९॥

तथापि राज्ञः खलु धर्मपत्नीसुतो ऽग्रजातश्च नृपासनार्हः ।
सुदर्शनो दृश्यत एव योग्यस्तत्रैव वाञ्छा प्रकृतेर्गुरोश्च ॥७०॥

बुद्धा पुनर्मन्त्रिगणस्य योगं गुरोर्वसिष्ठस्य सुदर्शनाय ।
राज्यं प्रदातुं मतमेकमाप्य जगर्ज भूयोऽपि युधाजिदेवम् ॥७१॥

गुणेन शीलेन च विद्ययापि ज्यायान् यथा मे तनयातनूजः ।
सुदर्शनो नैव तथा ततस्तं राज्ये समारोप्य धनं ग्रहीतुम् ॥७२

वाञ्छन्ति दुर्मन्त्रिगणा भवन्तस्तथा विधातुं प्रविचारयन्तु ।
ससैनिके तिष्ठति मय्यधृष्ये नान्ये कनिष्ठं नृपतिं प्रकुर्युः ॥७३॥

त्यस्तै युधाजित्‌को यो वचन सुनेर वीरसेन राजा भन्छन् "महाराज ! मैले पनि शास्त्र सुनेको छु, जुन जेठो हुन्छ उही राज्यासनमा चढ्न योग्य हुन्छ ।" ॥ ६७॥

त्यहाँ पछि युधाजित् फेरि भन्छन् -"मेरो नाती श्रेष्ठ गुणले युक्त भएको छ, अर्को त्यस्तो कोही छैन, यसकारण शत्रुजित्‌लाई राज्याभिषेक गरेर चाँडै सिंहासनमा राख ।" ॥ ६८॥

युधाजित्‌को यस्तो वचन सुनेर कलिङ्गराज वीरसेन भन्छन्- दुवै बालक असल गुण र शीलले युक्त छन् , राम्रा छन् , यस कुरामा केही भेद देखिंदैन । तैपनि राजाकी जेठी धर्मपत्नीबाट पहिले जन्मेको जेठो हुनाले सुदर्शन राजाको आसनमा राख्न योग्य छ । प्रकृतिको र गुरुको पनि इच्छा त्यही छ ॥६९-७०॥

यस्तो मन्त्रीगणको र गुरु वशिष्ठको पनि सुदर्शनलाई राज्य दिनमा जोड र त्यसमा एउटै मत वुझेर युधाजित् राजा फेरि पनि यस्ता रीतिसित गर्जे ॥७१॥

"गुणले, शीलले र विद्याले पनि जस्तो मेरी छोरीको छोरो शत्रुजित् उत्तम छ । त्यस्तो त्यो सुदर्शन छैन । त्यस कारण त्यसलाई राज्यासनमा राखेर धन लिनलाई तिमी दुष्ट मन्त्रीगणले इच्छा गर्छौ । त्यस्तो काम गर्नलाई विचार गर्नु, स-सैनिक, अगम्य, म जीवित हुँदाहुँदै कान्छा चाहिंलाई राजा वनाउन कसले सक्ला ?" ॥७२-७३॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

युद्धं करोमि स्वसुतासुतार्थे यस्यास्ति खड्गः खलु तस्य भूमी ।
इत्थं प्रतिज्ञाय धनुः सवाणं प्रगृह्य सज्जोह्यभवद्युधाजित् ॥७४॥

एवं विवादे सति तत्र कोऽपि न कोपितस्य प्रशमाय शक्तः ।
युद्धाय सज्जोऽभवदेव शीघ्रं सर्वेऽभवन् व्यग्रधियोऽमनस्काः ॥७५॥

श्रुत्वा नृपं तं परलोकयातं पुत्रौ च बालौ सचिवाँश्च खिन्नान् ।
चोरा निषादाश्च तदाऽऽययुस्ते चान्येऽपि तद्राजधनं ग्रहीतुम् ॥७६॥

अराजके वैरयुतेऽपि देशे न्यायाभिशून्ये कलहे प्रदीप्ते ।
चोराभिचारः परिवृद्धिमेति ये सज्जनास्ते तु भवन्ति खिन्नाः ॥७७॥

क्रोधाभिभूतनृपयोः समरः समोऽभूत्
सज्जो बभूव धनुषाग्रसरो युधाजित् ॥
तद्वद्रथोपरिगतो धृतचापपाणिः
सेनां समेत्य समरेऽस्यति वीरसेनः ॥७८॥

इति श्रीभीमकान्तकविविरचिते जगदम्बिकावैभवकाव्ये ध्रुवसन्धिराज्ञः
सिंहाद्धननं वीरसेनयुधाजितोः परस्परस्पर्द्धा नाम प्रथमः सर्गः ॥१॥

मेरी छोरीका छोराको निमित्त युद्ध गर्छु, 'तरवार जसको छ पृथ्वी उसैकी हुन्छिन्' यस्तो प्रतिज्ञा गरी धनुर्वाण हातमा लिएर युधाजित् राजा लड्नका लागि तयार भए ॥७४॥

यस्तो विवादमा रिसाएका युधाजित्लाई शान्त गर्नसक्ने कोही भएन, उनी तुरुन्तै युद्धको लागि तयार भए, अरु सबै के गरुँ के गरुँ' भन्ने बुद्धिका र खिन्न मनका भए ॥७५॥

राजा परलोक गएको, दुइ छोरा पनि बालकै भएको र मन्त्रीहरू खिन्न भएको सुनेर चोरहरू, कुसुण्डा र अरु मानिस पनि ती राजाको धन चोर्न आए ॥७६॥

देशमा राजा नभएमा, वैरभाव भएमा, न्याय न भएमा र झगडा वढेमा चोरी र अन्याय वढ्छन् र जो सज्जन छन् तिनीहरू खिन्न हुन्छन् ॥७७॥

हातमा धनु लिएर युधाजित् पहिले अगाडि सरे, त्यस्तै धनुलिई रथमा चढेका वीरसेन राजाले पनि सेनालाई समेटेर संग्राममा वाण फ्याँक्न थाले । यसरी रिसले जितिएका दुवै राजाको संग्राम वरावर हुन थाल्यो ॥७८॥

यस 'जगदम्बिकावैभव' काव्यको (नेपाली अनुवाद) पहिलो सर्ग पूरा भयो ॥१॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द्वितीयः सर्गः

परस्परं तौ शरवृष्टिपातैराच्छादयामासतुरात्मशत्रुम् ।
अन्योन्यवाणैरपि चिच्छिदाते जेतुं सयत्नावितरेतरञ्च ॥१॥

रथी रथस्थैर्हयिभिर्हयस्थो गजी गजस्थैः पदिभिः पदातिः ।
निसर्गवैरैश्च निसर्गवैरी कृतापराधैश्च कृतापराधः ॥२॥

एवं प्रवृत्ते समरे मृतानां संख्या तु संख्यापयितुं न शक्या ।
तन्मांसकामैर्विहगैर्भ्रमद्भिर्व्याप्तं नभोमण्डलमप्यदृश्यम् ॥३॥

भानोर्मयूखा अपि युद्धभूमीं नापारयन् द्रष्टुमपि प्रयत्नात् ।
कबन्धकण्ठाद्रुधिरैः स्रवद्भिर्विमिश्रितं पङ्कमभूद्रजस्तु ॥४॥

बभूव तद्रक्तमयी नदी च त्रासावहा वैतरणीव घोरा ।
हस्त्यश्ववीरादिकशीर्षवृन्दं तुम्बीफलानीव वहन्त्यशेषम् ॥५॥

मृतस्य वीरस्य शिरः प्रदेशे मांसार्थमेतं परितो भ्रमन्तम् ।
गृध्रं तु मन्ये स्वशरीरमेव जीवः प्रवेष्टुं पुनरिच्छतीव ॥६॥

ती दुवै राजाले वाणको वृष्टि गरी आ-आफ्ना शत्रुलाई ढाके, एक अर्काका वाणले शत्रु पक्षका वाणलाई काटे, दुवै राजाले आ-आफूले अर्कालाई जित्न खुवै प्रयत्न गरे ॥१॥

रथीले रथीसित, घोडा चढनेले घोडा चढ्नेसित, हात्तिवालाले हात्तीवालासित, पैदल हिंड्नेले पैदलसित स्वभावैले वैरी हुनेले स्वभावैले वैरीसित र अपराध गरेकाले अपराधीसित लड्न थाले । युद्धचलेपछि संग्राममा मरेका मानिसको संख्या वताउन नसकिने भयो । ती मुर्दाहरूको मासुखान खोज्ने पक्षीहरू उड्दा आकाश ढाकिएर नदेखिने भयो ॥२-३॥

सूर्यका किरणहरूले युद्धभूमि देख्ने प्रयत्न गरेर पनि त्यसलाई देख्न सकेनन् । त्यहाँको धूलो पनि घाँटी काटिएका मानिसका गलाबाट सर्का हानेका रगतले मुछिएको हुँदा हिलो बन्न पुग्यो ॥४॥

ती वीरहरूका रगतबाट वैतरणी नदी जस्तै सबैलाई तर्साउने एउटा नदी बनिन् र हात्ती, घोडा तथा वीरहरूका शिरको थुप्रोलाई तुम्बाका फललाई झैं गरी बाँकी नराखिकन बगाइन् । त्यतिवेला मरेका मानिसको शिरको मासुखान आएको वरिपरि घुम्ने गिद्धलाई देख्दा आफ्नो शरीरमा फेरि प्रवेशगर्न खोज्ने जीव हो कि भन्ने ठानियो ॥५-६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अन्योन्यशस्त्रप्रविभिन्नगात्रौ प्राणान् सहैवात्र युधि त्यजन्तौ ।
रथैकमारुह्य दिवं प्रयातावेकाप्सरस्युग्रविवादवन्तौ ॥७॥

शस्त्रक्षतप्रोद्गतरक्तलिप्ता विरूपवेशाकृतयो भटाश्च ।
मत्वा रिपुं स्वं सुहृदं निजघ्नुः क्रोधोद्गमे पश्यति कोऽरुणाक्षः ॥८॥

कश्चिच्युवा रिपुशराहतिभिन्नमूर्धाऽऽरुह्या प्सरःसहितमुच्चविमानमित्थम् ।
प्राणप्रिये ! मम शरीरमिदं प्रपश्य नृत्यत्कबन्धमनुदिश्य जगाद पत्नीम् ॥९॥

अन्यो मृतो रिपुशरक्षतभिन्नगात्रो यावद्विमानमभिगच्छति साप्सरास्तु ॥
तावत् प्रियास्य दहने स्वतनुं प्रदह्य जग्राह कान्तमपि पूर्वपतिं विचार्य ॥१०॥

कश्चिद्व्रती युवक एत्य रणे मृतस्तु दिव्याङ्गनामपि विनानुनयेन लब्धाम्
न स्वीचकार रमणीं व्रतनाशभीत्या देहे मृतेऽपि नियमं न जहौ मनस्वी ॥११॥

इत्थं परस्परजयाय दृढप्रयत्नमुच्चैस्तरां विदधतोर्विरतिस्तु मा भूत् ॥
किन्तु प्रहारपरिलूनगलेऽप्यशेषे सैन्यद्वयेऽपि विरतिः सहसा बभूव ॥१२॥

आ-आफ्ना हतियारले काटिएर छिन्न भिन्न शरीर भएका, यही युद्धमा संगै प्राण त्याग गरेका, तत्काल आएको एउटै रथमा चढेका र स्वर्गमा गएका दुवै तर्फका वीरहरू एउटी अप्सराका निमित्त उग्र झगडा गरे ॥७॥

हतियारले काटिएका खतबाट निस्किएका रगतले लिपिएका, आकृति विरूप भएका सिपाहीहरूले आफूतर्फको इष्टलाई पनि शत्रु ठानेर हान्न लागे । रिस उठेपछि राता आँखा भएकाले कहाँ हेर्छ र ? ॥८॥

शत्रुका वाणले शिर काटिएको कुनै जवानले अप्सरा सहित भएको उच्च विमानमा चढेर आफ्नो नाच्न लागेको शरीरलाई देखाएर अप्सरालाई भन्छ- 'हे प्राणप्रिये ! यो मेरो शरीर हेर !' ॥९॥

शत्रुका वाणले काटिएर मरेको अर्को मानिस अप्सरा सहित भएर जव विमानमा चढ्दै थियो त्यही समयमा त्यसकी पत्नीले आगोमा शरीर जलाएर अप्सरा जस्ती भई पूर्वपति यही हो भन्ने विचार गरेर उसलाई समाती ॥१०॥

युद्धमा आएर मरेको कुनै व्रती ठिटाले अनुरोध विना नै प्राप्त भएकी अप्सरालाई पनि ब्रह्मचर्य व्रत नाश हुन्छ भन्ने डरले स्वीकार गरेन, शरीर मरेपछि पनि मनस्वी हुनाले उसले नियम छाडेन ॥११॥

यस्ता प्रकारले परस्परमा विजय प्राप्त गर्न अठोट गर्नेहरूको विश्रान्ति भएन, परन्तु हानाहान गर्दा गला काटिएर दुवै सेना सकिएपछि मात्र विश्रान्ति भयो ॥१२॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एवं विधे नु समरे सति वीरसेनं वाणैर्युधाजिदभिपत्य जघान शत्रुम् ।
लब्ध्वात्मनो विजयमेष जुघोष सैन्ये शिष्टं पलायत मृताधिपवीरसैन्यम् ॥१३॥

श्रुत्वा मृतं जनकमेत्य मनोरमा तु कश्चित्क्षणं प्रविललाप ततः परन्तु ।
पुत्रं ममाऽपि स हनिष्यति किं मयाद्य कर्तव्यमस्ति विषमे पथि कः सहायः ॥१४॥

इत्थं विलप्य नृपतेः प्रियमन्त्रिणं तं विश्वस्तमेत्य निजगाद भयं विदल्लम् ।
सोऽप्याह नात्र विषये क्षणमप्यवश्यं स्थातव्यमस्ति तनयेन तथा भवत्या ॥१५॥

यावन्निवृत्य न रणात्त्वरते युधाजित् तावद्वयं त्वरितमेव व्रजाम काश्याम् ।
तत्रास्ति वाहनबलैः सहितः सुबाहुर्मन्मातुलः शरणदो भविता नृपेन्द्रः ॥१६

अन्यच्च देवि ! निकटेऽस्य तु चित्रकूटनामा महान् घनवनो लषते महीध्रः ।
तत्राश्रमो मुनिवरस्य विशिष्य भारद्वाजाभिधस्य परितस्तरुभिः परीतः ॥१७॥

यस्मिन्ननेकमुनिवर्यसुताः पठन्ति साङ्गान् रहस्यसहिताँश्चतुरोऽपि वेदान् ॥
सर्वत्र पावयति यात्रिजनान्सकर्णान् वेदध्वनिश्च नसि सङ्गतहोमधूमः ॥१८॥

यस प्रकारको युद्धमा युधाजित् आफै आइपरेर आफ्ना शत्रु वीरसेनलाई मारे, आफ्नो विजय भएपछि सेनामा पनि घोषणा गरे । बाँकी रहेका वीरसेनका सैनिक मालिक मरेका हुनाले भागे ॥१३॥

मनोरमा रानी आफ्ना पिता मरेको सुनेर केही वेर विलौना गरेर रोइन् ; "त्यसपछि मेरा छोरालाई पनि मारिदिन्छ कि, मैले आज के गर्ने ? यो विषम मार्गमा मेरो सहयोगी को हुन्छ ?" यस्तो विलाप गरेर राजाको विश्वासिलो र प्यारो मन्त्री विदल्लसंग आफ्नो डर बताइन् । मन्त्रीले पनि "तपाइँ यहाँ क्षण भर पनि वस्नु हुँदैन, छोरा पनि वस्नु हुँदैन, जबसम्म संग्रामबाट युधाजित् आउदैन त्यसभन्दा चाडै हामी काशी जाउँ, त्यहाँ मेरा मामा राजा सुबाहु छन् । उनी प्रशस्त वाहन र फौजले युक्त छन् । उनले हामीहरूलाई शरण दिनेछन्" भने ॥१४-१६॥

हे देवि ? यी सुबाहु राजाको नजीकै चित्रकूट नामको घनावनले युक्त एउटा पर्वत छ, त्यहाँ वरिपरि रुखहरूले ढाकिएको, भरद्वाज नामक ऋषिको विशेष आश्रम छ ॥१७॥

त्यस आश्रममा श्रेष्ठ मुनिका छोराहरूले साङ्ग सरहस्य चारै वेद पढ्छन् । कानले त्यो वेदको ध्वनि सुन्ने र होम गरेको धुँवा नाकमा पर्ने सबै जनहरूलाई तिनले पवित्र गर्दछन् ॥१८॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अन्योऽपि तस्य च मुनेः प्रथते विशेषः कालत्रयस्य विविनक्ति करोति वार्ताम् ।
शापप्रसादमुभयं वदनेऽस्ति तस्य शिष्या अपि स्वगुरुणा समतां प्रयाताः ॥१९॥

सोऽयं महर्षिरपि नो भविता शरण्यो यस्याशिषा शुभमुदेति रुषाऽस्तमेति ।
तस्मात्तदेकशरणा वयमस्य पार्श्वे गच्छाम एव सुभगे ! न विचारकालः ॥२०॥

इत्थं विदल्लकथितं वचनं निशम्य राज्ञी जगाद सचिवं विनयोपपन्ना ।
अद्येह मे शरणदो भव बालकस्य विश्वासभूमिरसि भर्तुरितः पुराऽपि ॥२१॥

लीलावतीं स्वभगिनीमभिगम्य पूर्वं द्रष्टुं व्रजामि पितरं मृतमित्युवाच ।
आमेहि शीघ्रमिति सापि ददावनुज्ञां प्रायाद्रथेन सविदल्लसुता नगर्याः ॥२२॥

त्रस्ता युधाजितमवेक्ष्य तु वेपमाना दृष्ट्वा मृतं पितरमश्रुझरीं स्रवन्ती ।
संस्कार्य शीघ्रमपथेन पलायमाना भागीरथीतटमियाय दिनद्वयान्ते ॥२३॥

तत्रापि तस्करजनैः परुषैर्निषादैः संलुण्ठितांशुकधनानि रथञ्च साश्वम् ।
आरुह्य शीघ्रमुडुपं सभयं ततार भागीरथीमथ जगाम पुरं पुरस्थम् ॥२४॥

ती भरद्वाज मुनिको अर्को विशेष प्रख्याति यो छ- उनी तीनै कालको विचार गर्छन्, जान्दछन्, सराप र आशिर्वाद उनको मुखमा छ, तिनका शिष्यहरू पनि गुरु समान नै जान्दछन् ॥१९॥

ती महर्षि भरद्वाज हाम्रा शरण हुनेछन्, जस्को आशीर्वादबाट शुभ हुन्छ र सरापबाट अस्त हुन्छ हे देवि ! त्यसैले हामी उनकै शरणमा जाउँ, शरण दाता अरु को छ र ? अहिले विचार गर्ने वेला छैन ॥२०॥

यसरी मन्त्री विदल्लले भनेको वचन सुनेर मन्त्रीसंग रानीले नम्रतासाथ भनिन् -आज यस्तो वखतमा तपाइँ मेरो र बालकको शरणदाता हुनुहोस् । आज भन्दा अघि पनि मेरा मालिकको विश्वासपात्र तपाइँ नै हुनुहुन्थ्यो ॥२१॥

यसरी आफ्नी बहिनी लीलावतीसंग गएर 'म मेरा मरेका पितालाई देख्न जान्छु' भनिन् । उनले 'हुन्छ जाऊ, चाँडो आउनू' भनेर आज्ञा दिइन् । त्यसपछि ती रानी विदल्ल मन्त्री र आफ्नो छोरालाई साथमा लिएर नगरबाट हिंडिन् ॥२२॥

त्यहाँ पुग्दा युधाजित्लाई देखेर तर्सेकी हुँदा काँपिन् । पिताको मृत शरीर देखेर आँशुको वर्षा गरिन् , उनको दाह संस्कार गरेर तुरुन्तै अवाटो गरी भागेर दुइदिन पछि भागरथीका किनारमा पुगिन् ॥२३॥

त्यहाँ चोर र निर्दयी कुसुण्डाहरूले वस्त्र, धन, रथ र घोडा लुटेर लगे । अनि झट्ट डुङ्गामा चढेर डरडरै भागीरथी नदी तरिन् र अगाडिको शहरतिर गइन् ॥२४॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काशीपतेः शरणमेतुमुपेक्ष्य राज्ञी गन्तुं द्विजस्य शरणं वरमित्यपेक्ष्य ।
नैवागमन्नृपगृहे सविदल्लका सा लब्धुं शुभाशिषमियाय च चित्रकूटम् ॥२५॥

तत्राश्रमे मुनिजनैरुदितं निशम्य वेदध्वनिं तदनु ताांश्च मुनीन् विलोक्य ।
जाता तदा गतभया मुनिनापि पृष्टा कासि द्रुतं त्वमबले ! वद कस्य कान्ता ॥२६॥

देवीव भासि किमु मानुषजा वनेऽस्मिन् कस्मात्समागतवती ननु बालपुत्रा ।
वामोरु ? सत्यमभिधेहि ममात्र राज्यभ्रष्टेव भासि कमलेक्षण ! एहि शालाम् ॥२७॥

इत्थं मुनेर्वचनमेव सुधोपमेयमाकर्ण्य संस्मृतवती पुरु पूर्वदुःखम् ।
नोवाच किञ्चन मुनिं गलदश्रुधारासंरुद्धकण्ठनयनाऽन्वदिशद्विदल्लम् ॥२८॥

प्रोवाच तं मुनिवरं सचिवो विदल्लः साकेतनाम नगरी निकटेऽस्ति विद्वन् ! ॥
आसीन्नृपस्तदधिपो ध्रुवसन्धि नामा नामानुरूपगुणवानपि यत्र सन्धिः ॥२९॥

तस्यैव सेयमबला सहधर्मपत्नी राज्ञो मनो रमयतीति मनोरमाख्या ॥
सूर्यान्ववायजनिरस्त्यतिधर्मगोप्ता तस्यात्मजोऽजनि सुदर्शननामधेयः ॥३०॥

काशिराजको शरणमा नगएर ब्राह्मणको शरणमा जानु श्रेष्ठ ठानी राजाको शरणमा गइनन् , आशीर्वाद पाउँला भन्ने आशयले विदल्लका साथ चित्रकूटमा गइन् ॥२५॥

त्यहाँ आश्रममा मुनिहरूले पढेको वेद ध्वनि सुनेर अनि ऋषिहरूलाई देखेर निर्भय भइन् । ऋषि भरद्वाजले पनि सोध्नु भयो "हे अबले ! तिमी को हौ, कसकी पत्नी हौ, किन हड्वडाएकी छौ ?" ॥२६॥

देवी जस्ती लाग्छयौ, अथवा मनुष्य नै हौ, यो वनमा बालक छोरालाई लिएर किन आएकी छौ ? हे सुन्दरि ! साँचो भन, मलाई लाग्छ -राज्यबाट भ्रष्ट भए जस्ती छौ, हे कमलनेत्रे ! कुटीमा आऊ ॥२७॥

यस्तो अमृत समान मुनिको वाक्य सुनेर पहिलेको आफ्नो ठूलो दुःखलाई संझिन्, आँशुका धाराले कण्ठ र आँखा रोकिएकाले मुनिलाई केही भन्न सकिनन् किन्तु विदल्ललाई अह्राईन् ॥२८॥

मन्त्री विदल्लले भरद्वाज मुनिसंग भन्दछन् - 'हे विद्वान् ! नगीचै अयोध्या नाम गरेको नगरी छ त्यो नगरीका ध्रुवसन्धि नामभएका (जसका साथ सन्धि पनि नामानुसार ध्रुव हुन्थ्यो) राजा थिए, यी अवला ती राजाकी धर्मपत्नी (राजाको मन रमाउने हुनाले मनोरमा नाम गरेकी) रानी हुन् । सूर्य वंशमा जन्मेका धर्मको रक्षा अति गर्ने सुदर्शन नाम गरेका तिनका छोरा जन्मे ॥२९-३०॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अन्यापि तस्य महिषी तनयोज्जयिन्याः पत्युर्युधाजित उभे अपि धर्मपत्न्यौ ।
लीलावतीति कथिता प्रथिता प्रियाऽपि तस्यास्तु शत्रुजिदिति श्रुत आत्मजोऽभूत् ॥३१॥

राजा कदाचन वने मृगयानुसक्तो यातो बलैः कतिपयैर्मृगयाञ्चकार ।
दैवात्पपात हरिरप्यधिराजमारादुत्थाय चाक्रमबलः सहसा निकुञ्जात् ॥३२॥

राज्ञोऽस्त्रमप्यविगणय्य च सैनिकास्त्रमास्फालयन्नृपगलं नखरैर्ददार ।
राजा नखक्षतवशान्निमिमील नेत्रे सिंहोऽपि सैन्यशरभिन्नशिरा ममार ॥३३॥

राज्ञ्याः पिता नृपतिरप्यथ वीरसेननामा रणेऽम्रियत शत्रुयुधाजितोऽस्त्रात् ।
संयुध्यतोः स्वदुहितुः सुतयोः कृते तु संग्राममेव चरतोरनयी युधाजित् -॥३४॥

हन्तुं समिच्छति नृपार्भकमेनमस्मा त्त्रातुं त्वमर्हसि मुने ! शरणं भवास्य ।
यज्ञाधिकं समुदितं पुरुषस्य पुण्यं यच्चार्तरक्षणमिति प्रविवक्ति शास्त्रम् ॥३५॥

जानासि तत्तु मुनिवर्य ! वृथा ममोक्तिः शास्त्रोक्तिषु प्रभुरलं तपसां निधिश्च ॥
शापे तथाऽऽशिषि भवानुभयोः समर्थः कालत्रयस्य विषमे विषयेऽपि वेत्ता ॥३६॥

अर्की पनि राजाकी पत्नी छन् उनी उज्जैनका राजा युधाजित्की छोरी, लीलावती नाम भएकी र राजाकी प्यारी पनि छन् । शत्रुजित् नाम भएका प्रख्यात उनका एक छोरा भए ॥३१॥

एक दिन शिकारमा आसक्त भएका राजा कतिपय फौजकासाथ वनमा गएर शिकार खेले, भाग्यवश लतागृहवाट एक सिंह निस्केर राजामाथि आइपऱ्यो ॥३२॥

त्यस सिंहले राजाको शस्त्र र सेनाको शस्त्रलाई पनि नटेरी कुदेर राजाको गला नंग्राले चिऱ्यो । नंग्राका चोटले गर्दा राजाले आँखा चिम्ले । त्यो सिंह पनि सेनाका वाणले शिर फुटेर मऱ्यो ॥३३॥

आ-आफ्नी छोरीका छोराका निमित्त युद्ध गर्दा गर्दै यी रानीका पिता राजा वीरसेन शत्रु युधाजित्को हतियारवाट वीरगतिमा गए । अन्यायी युधाजित्ले अझै यी राजपुत्रलाई मार्न खोज्दैछ । यसैकारण यो वालकको शरण होइवक्सियोस् , रक्षा गरिवक्सियोस् 'दुःखीको रक्षा गर्नाले यज्ञ गरेभन्दा वढी पुण्य हुन्छ भनेर' शास्त्रले वताउँछ ॥३४-३५॥

हे मुनिवर्य ? शास्त्र त हजुरले नै जान्नु भएको छ मैले भन्नु त व्यथै हो, शास्त्रोक्तिमा हजुर नै समर्थ होइवक्सिन्छ, तपस्याको खानी पनि हजुर नै हुनुहुन्छ, श्राप र आशीर्वादमा समर्थ हजुर नै तीनै कालको विषम विषय पनि जानिवक्सिन्छ ॥३६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रुत्वा विदल्लवचनं मुनिवर्य आह कल्याणि ! पालय सुतं वस निर्भयात्र ।
शत्रोर्ममाश्रमगतस्य भयं न शङ्क्यं पुत्रो भविष्यति नृपस्तव पद्मनेत्रे ! ॥३७॥

दुःखं कदाचिदपि नैव भवेत्तवात्र शोकोऽपि नैव भविताऽऽश्रमसंस्थितायाः ।
किन्त्वाश्रमे निवसतां फलमूलतोऽन्यद् भोज्यं न लभ्यत इदं तव देवि ! दुःखम् ॥३८॥

श्रुत्वा मुनेर्वचनमित्थमुदीरितं सा स्वस्था बभूव ससुता सविदल्लका च ।
पुत्रं च वन्यफलमूलजलैः सुलभ्यैः सन्तर्पयन्त्यतिसुखेन कुटौ न्यवात्सीत् ॥३९॥

इत्थं तां नृपमहिषीं मुनिः सपुत्रा-
माश्वास्य प्रियवचनैः सुदर्शनन्तु ॥
मा भैषीः पुनरपि ते पितुः स्वराज्यं
प्राप्नोषीत्यतिदययाऽऽशिषा युयोज ॥४०॥

इति श्रीभीमकान्तकविविरचिते जगदम्बिकावैभवकाव्ये पुत्रेण
मन्त्रिणा च सह राज्ञां भरद्वाजशरणगमनं नामः द्वितीयः सर्गः ॥२॥

विदल्लको त्यो वचन सुनेर भरद्वाज ऋषि भन्नुहुन्छ- "हे कल्याणि ! निर्भय भई मेरो आश्रममा वस, छोरालाई पाल, मेरो आश्रममा शत्रुदेखि डरको शङ्का छैन, हे पद्मनेत्रे ! तिम्रो छोरा राजा हुनेछ ॥३७॥

तिमीलाई यहाँ केही दुःख हुने छैन, शोक हुने छैन किन्तु यहाँ वस्नेहरूको लागि फलफूल भन्दा अरु खाद्य वस्तु केही पाइँदैन, हे देवि ! यो दुःख भने तिमीले सहनु पर्छ ॥३८॥

मुनिको यस्तो वचन सुनेर छोरा र मन्त्रीले सहित रानी स्वस्थ भइन् । वनमा मिल्ने फलफूल र जलले छोरालाई तृप्त गराउँदै सुखसित कुटीमा वसिन् ॥३९॥

पुत्रसहितकी रानीलाई यसरी मीठा वचनले आश्वासनदिएर भरद्वाज मुनिले सुदर्शनलाई "वावु ! नडराऊ, फेरि पनि तिम्रा पिताको राज्य पाउने छौ" भनेर दयाले आशीर्वाद दिए ॥४०॥

यस 'जगदम्विकावैभव' काव्यको (नेपाली अनुवाद) दोस्रो सर्ग पूरा भयो ॥२॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तृतीयः सर्गः

अथो युधाजित् खलु वीरसेनमन्यायमार्गेण निहत्य युद्धे ।
गत्वा त्वयोध्यां त्वरितं जनान् वै पप्रच्छ कुत्रास्ति मनोरमेति ॥१॥

जिघांसया तत्र सुदर्शनस्य चारान्न्ययुङ्क्त त्वरयाऽऽनयेति ।
ततः परं स्वं दुहितुः सुतं तं राज्येऽभिषेक्तुं सचिवान् गुरुञ्च- ॥२॥

आकार्य राज्येऽभिषिषेच पौत्रं ज्योतिर्विदादिष्टदिने मुहूर्ते ।
राज्याभिषेकोत्सवकाल एव पेठुर्द्विजास्ते चतुरोऽपि वेदान् ॥३॥

मृदङ्गशंखोर्द्धकवेणुवीणाढक्कानकादुन्दुभयश्च नेदुः ।
न केवलं राजगृहे स हर्षो ग्रामे नगर्यामपि सर्वतोऽभूत् ॥४॥

सन्तुष्टुवुर्वन्दिजनाश्च भूपं बभौ नवीनेव पुरी नवेशे ।
संस्थाप्य राज्ये दुहितुः सुतं तं विधानतो मन्त्रिगणे निवेश्य ॥५॥

ययौ युधाजिन्नृपतिः स्वपुर्यां मनोरथाप्त्याऽतिशयप्रहर्षः ।
ग्रामे नगर्यां च य उत्सवोऽभूद् युधाजितो भीतिवशान्न हर्षात् ॥६॥

ये साधवस्ते तु गृहे निलीय दुःखेन शोकाश्रुजलं न्यषिञ्चन् ।
सुदर्शनः क्वाद्य गतः कुमारो मनोरमा कुत्र गता वराकी ॥७॥

यसपछि युधाजित्ले वीरसेनलाई अन्यायगरी युद्धमा मारेर तुरुन्तै अयोध्या गई मानिसहरूलाई मनोरमा कहाँछन् ? भनी सोधे ॥१॥

सुदर्शनलाई पनि त्यहीं मार्ने इच्छाले गुप्तचरहरूलाई 'तुरुन्त खोजेर ल्याऊ' भनेर खटाए, त्यसपछि आफ्नी छोरीको छोरालाई राज्यमा अभिषेक गर्न मन्त्रीहरू र गुरुलाई बोलाएर ज्योतिषीले बताएको दिन र मुहूर्तमा नाती शत्रुजित्लाई अभिषेक गरे, त्यस उत्सवको मौकामा ब्राह्मणहरूले चारै वेद पाठ गरे, मादल, शङ्ख ऊर्ध्वक, मुरली, सितार, ढोल, नगरा, दमाह इत्यादि बाजाहरू बजे, राजाको घरमा मात्र होइन गाउँ र नगरमा पनि सर्वैतिर हर्ष भयो ॥२-४॥

वन्दिहरूले राजालाई स्तुति गरे, नयाँ राजा भएपछि शहर पनि नयाँ जस्तै भयो । छोरीको छोरालाई राज्यासनमा स्थापना गरी विधान अनुसार आफ्ना मानिसलाई मन्त्रीहरूमा राखेर मनोरथ पूरा भएकोले अति हर्षमानी युधाजित् आफ्नो नगरीमा गए । गाउँमा र नगरमा जुन उत्सव भयो त्यो युधाजित्को डरले मात्र भएको थियो हर्षले होइन ॥५-६॥

जो साधुजन हुन् उनीहरूले घरभित्रै लुकेर "कुमार सुदर्शन आज कहाँ होलान् ? विचरी मनोरमा रानी कहाँ गएकी होलिन् ?" भन्दै शोकका आँशु छिटे ॥७॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस्याः पिताऽन्यायियुधाजिताऽस्त्रै रणे हतो नप्तरि राज्यलोभात् ।
ज्येष्ठो हि राज्यासनमर्हतीति सुदर्शनो ज्येष्ठतरस्तयोर्हि ॥८॥

इत्येव वक्तुं न हि कोऽपि शक्तः सर्वेऽभवन् शत्रुजितो विधेयाः ।
लीलावती चेतसि शङ्कमाना तस्थौ न हर्षं न शुचं चकार ॥९॥

अथो युधाजित् स्वपुरीं निवृत्तः सुदर्शनं चाश्रमगं मुनेश्च ।
शुश्राव चारस्य मुखान्निहन्तुं जगाम सैन्यैः सह चित्रकूटम् ॥१०॥

बलाभिधस्तस्य सहायकारी निषाददेशाधिपतिर्बलिष्ठः ।
कृत्वा तमग्रेसरमाश्रमं स ययौ मुनेः पर्णकुटीरपार्श्वम् ॥११॥

युधाजितोऽभ्यागमनं निशम्य मनोरमा चातितरां चकम्पे ।
शोकाभिभूता मुनिमाह राज्ञी बद्धाञ्जलिं चाश्रुझरीं स्रवन्ती ॥१२॥

मुने ! क्व गच्छामि करोमि किंवा युधाजिदायाति बलैः समेतः ।
तातं ममासौ विनिहत्य राज्ये दौहित्रमात्मीयमथाऽभ्यषिञ्चत् ॥१३॥

आफ्ना नातीलाई राजा बनाउने लोभले युधाजित्ले मनोरमाका पितालाई अन्याय गरी युद्धमा मारे । "जेठाले राज्य पाउनुपर्छ, ती दुई मध्ये सुदर्शन जेठा हुन्" यति भन्न कसैले पनि सकेन, सबै शत्रुजित्का वशमा भए । लीलावती रानी भने मनमा शङ्कामानेर रहिन् उनले हर्ष शोक केही गरिनन् ॥८-९॥

नातीलाई राज्य दिलाएर आफ्नो नगरमा फर्किएका युधाजित् सुदर्शन भरद्वाजको आश्रममा गएका छन् भन्ने कुरा गुप्तचरका मुखवाट सुनेर उनलाई मार्न सेना सहित चित्रकूटमा गए ॥१०॥

युधाजित्को सहायता गर्ने, निषाद देशको राजा बलवान् र नाम पनि बल नै भएको थियो त्यसलाई अग्रसर वनाएर उनी भरद्वाजको आश्रममा पर्णकुटीको नजीकै गए ॥११॥

युधाजित् आए भन्ने सुनेर मनोरमा रानी अत्यन्तै काँपिन्, शोकले ग्रस्त भएकी रानीले हात जोडेर आँसुको वर्षा गर्दै मुनिलाई भन्छिन् 'हे मुनि ! युधाजित् जसले मेरा पितालाई मारेर राज्यासनमा आफ्ना छोरीका छोरालाई अभिषेक गरे उनी फौजका साथ आएका छन् , म कहाँ जाउँ र के गरु ?' ॥१२-१३॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज्येष्ठो ममासौ तनयस्तवाग्रे सुदर्शनस्तद्दुहितुः सुतस्तु ।
कनिष्ठ आसीदनयाद्वलेन ज्येष्ठत्वमाघोष्य चकार भूपम् ॥१४॥

सुदर्शनो मद्दुहितुः सुतस्य शत्रुर्भविष्यस्तदयं हि वध्यः ।
इत्थं विचार्याद्य समागतोऽस्ति सैन्यैः समेतो भवदाश्रमेऽपि ॥१५॥

विश्वासमुत्पाद्य स नेष्यते किं दातुं न चैवार्हसि शत्रवेऽस्मै ।
विश्वासघाती भवितापि पश्चात् तस्माद् भवद्भिः परिरक्षणीयः ॥१६॥

स्वामिन्नहं तत्प्रतनं ह्युदन्तं शुश्राव यत् पाण्डवधर्मपत्नी ।
पञ्चालराजस्य सुता मनोज्ञा या द्रौपदीत्युच्यत एव साध्वी ॥१७॥

वनाधिवासे सति पाण्डवानां सार्धं गता सापि वने पतीनाम् ।
त एकदा धौम्यमुखान् महर्षीन् संगत्य बद्धाञ्जलयो ह्यवोचन् ॥१८॥

वयं व्रजामो मृगयाविहारे सायं समेष्याम इयं वधूटी ।
संरक्षणीया विबुधैर्भवद्भिरित्याहुरामित्यवदन् मुनीन्द्राः ॥१९॥

गतेषु पाण्डोस्तनयेष्वरण्यं तस्यां तथैवाश्रमसंस्थितायाम् ।
यदृच्छया सिन्धुपतिः ससैन्यः समागमत्तत्र जयद्रथाख्वः ॥२०॥

'हजुरका अगाडि जो मेरो छोरा सुदर्शन छ त्यो जेठो हो, युधाजित्को दौहित्र (नाती) कान्छो हो, त्यही कान्छालाई जेठो घोषणा गरेर उनले राजा बनाए' ॥ १४॥

'सुदर्शन' "मेरो छोरीको छोराको शत्रु हो त्यसकारण यसलाई मार्नुपर्छ" भन्ने विचारले हजुरका आश्रयमा पनि उनी सेना सहित आएका छन् ॥१५॥

विश्वास दिलाएर उनले लैजाने हुन् कि तिनी शत्रुलाई नदिइवक्सिएला, पछि विश्वासघाती बन्नेछन्, त्यसकारण हजुरले सुदर्शनलाई रक्षागर्नुपर्छ ॥१६॥

स्वामिन् मैले पुरानो इतिहास सुनेकी थिएँ 'जुन पाञ्चाल राजाकी सुन्दरी छोरी र पाण्डवहरूकी धर्मपत्नी द्रौपदी नाम गरेकी थिइन् । पाण्डवहरूको वनवास भएको समयमा तिनीपनि साथै गएकी थिइन् । एकदिन पाण्डवहरूले धौम्य आदि ऋषिहरूका नगीच आई हात जोडेर भने -'हामी शिकार खेल्न जान्छौं, साँझ आउनेछौं, यी हाम्री पत्नीलाई रक्षा गरिदिनुहोस् मुनीन्द्रहरूले पनि 'हुन्छ' भनेर उत्तर गरे ॥१७-१९॥

यसरी पाण्डुपुत्रहरू वनमा गए पछि द्रौपदी त्यहीं आश्रममा बसेका समयमा आफ्नो स्वेच्छाले सिन्धुदेशका राजा जयद्रथ सेनाहरूका साथ त्यहाँ आए ॥२०॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शुश्राव वेदध्वनिमप्यपूर्वमुच्चारयन्तम्मुनिवर्यवृन्दम् ।
विलोक्य वाहाद्द्रुतमुत्ततार बद्ध्वाऽञ्जलिं तांश्च नमश्चकार ॥२१॥

समागते राज्ञि जयद्रथे तु वरासनं तस्य ददुर्मुनीन्द्राः ।
द्रष्टुं नृपं सत्वरमाययुस्तास्तदाश्रमस्था मुनिवर्यपत्न्यः ॥२२॥

तन्मध्ययाता खलु याज्ञसेनी वर्वूलमध्येव लवङ्गवल्ली ।
दृष्टा हि तेनापि जयद्रथेन कस्येयमित्थं मुनयश्च पृष्टाः ॥२३॥

श्रुत्वा वचस्तस्य जयद्रथस्य प्रोवाच धौम्योऽपि तदाश्रमेशः ।
पञ्चालराजस्य सुताऽबलेयं पतिव्रता पाण्डवधर्मपत्नी ॥२४॥

मदाश्रमे न्यस्य गता इदानीमस्याः प्रियास्ते मृगयाविहारे ।
हत्वा मृगांस्तेऽत्र वधूसमीपे मध्याह्नकाले विनिवृत्य यान्ति ॥२५॥

श्रुत्वा मुनेर्वाक्यमथापि सिन्धुदेशाधिनाथः स समीपमेत्य ।
मुनीननादृत्य जहार भार्यां पाण्डोः सुतानामिति मे शृणोमि ॥२६॥

उनले अपूर्व वेदध्वनि सुने, उच्चारण गर्ने मुनिश्रेष्ठको समूहलाई देखे र तुरुन्त घोडावाट ओर्ली हातजोडेर ती मुनिहरूलाई नमस्कार गरे ॥२१॥

राजा जयद्रथ आएपछि मुनीश्वरहरूले उनलाई वढिया आसन दिए, त्यो आश्रममा वसेका वरिष्ठ मुनिहरूका पत्नीहरू राजालाई हेर्नको लागि तुरुन्त आए ॥२२॥

तिनीहरूका माझमा वसेकी द्रौपदीलाई जयद्रथ राजाले ववूरको माझमा रहेको ल्वाङ्को लहरा' जस्तै देखे र 'यी कसकी पत्नी हुन्' भनी ऋषिहरूसंग सोधे ॥२३॥

ती जयद्रथको वचन सुनेर त्यस आश्रमका स्वामी धौम्यले भने- 'यिनी पाञ्चाल देशका राजा यज्ञसेनकी छोरी पाण्डवहरूकी धर्मपत्नी पतिव्रता द्रौपदी हुन् । यिनका मालिकहरू मेरा आश्रममा नासो राखेर अहिले शिकार खेल्न वनमा गएका छन्, उनीहरू मृग मारेर मध्यान्हको समयमा फर्केर पत्नी नगीच आइपुग्छन् ॥२४-२५॥

ऋषिको यो वचन सुनेर पनि ती सिन्धुराज जयद्रथ नगीचमा आएर ऋषिहरूको अनादर गर्दै पाण्डुपुत्रहरूकी धर्मपत्नीलाई हरण गरे भन्ने मैले सुनेकी छु ॥२६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मध्याह्नकाले मृगयाविहारान्निवृत्य पाण्डोस्तनयैः समेत्य ।
राज्ञी क्वयातेति मुनिः सुपृष्टो जयद्रथेन प्रहृतेत्युवाच ॥२७॥

ततोऽञ्जसैवेत्य सभीमसेन आक्रम्य शत्रोस्तु कचानुदुप्य ।
जयद्रथं पञ्चशिखं विधाय पत्नीं समादाय समाजगाम ॥२८॥

बलिर्बली दैत्यकुलस्य राजा हरेः सुभक्तः शतयज्ञकर्ता ।
त्रैलोक्यमप्यस्य छलेन विष्णुर्जह्रे स्वयं वामनरूपमेत्य ॥२९॥

देवान् समाराध्य गृणन्ति वित्तं देवाः करे दातुमलं समर्थाः ।
आनीय कस्यापि परस्य वित्तं यच्छन्ति भक्ताय स लोभ एव ॥३०॥

वाणिग्जनोऽभ्यर्चति चेष्टदेवं भवेन्महर्द्धिर्मम वेश्मनीति ।
न किं भवेत्सा परवित्तवाञ्छा स एव लोभो जनयत्यघौघम् ॥३१॥

लोभाभिभूतस्य वृथैव दानं वृथैव तीर्थं पठनं वृथैव ॥
यद्यत् स कर्माचरति स्वयं तद् वृथैव यस्मादकृतं कृतं तु ॥३२॥

मध्याह्न समयमा शिकारवाट फर्केपछि पाण्डुपुत्रहरूले रानी कहाँ गइन् भनेर धौम्य ऋषिलाई सोधे उनले पनि जयद्रथले जवर्जस्ती लगे भनेर भने ॥२७॥

त्यसपछि तुरुन्त भीमसेन गएर शत्रुलाई पक्री उसको केश मुडेर पञ्चशिख वनाई आफ्नी पत्नीलाई साथमा लिएर आए ॥२८॥

भगवान्का अति नै भक्त अश्वमेध यज्ञ गरेका दैत्यकुलका राजा वलवान् बलिराजको 'त्रिलोक' विष्णु स्वयंले वामन रूप लिएर हरण गर्नुभयो "त्यो लोभै हो " ॥२९॥

भक्तले देवताको आराधना गरेर धन माग्छन्, देवताहरूले हातमा ल्याएर दिन सक्दैनन् । कुनै पराइको धन ल्याएर भक्तलाइ दिन्छन् त्यो पनि लोभै हो ॥३०॥क

वनियाँले 'मेरा घरमा धनदौलत होस् भनेर इष्ट देवताको पूजा गर्छ त्यो पनि अर्काको धनको इच्छा भएन र ? त्यो लोभ नै हो त्यसले पापको थुप्रो जन्माइदिन्छ ॥३१॥

लोभलेयुक्त भएका मानिसको दान पनि व्यर्थहुन्छ, तीर्थ पनि व्यर्थै हुन्छ , पढाइ पनि व्यर्थै हुन्छ, जे जे कर्म त्यसले गर्छ त्यो सवै व्यर्थ हुन्छ, गरेको पनि नगरे जस्तै हुन्छ ॥३२॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तस्मान्महाभाग ! मुने ! त्विमन्तु विसर्जय स्वं गृहमेतु शीघ्रम् ।
अहं सपुत्रा भवदाश्रमे हि सीतेव वाल्मीकिमुनेर्वसामि ॥३३॥

कस्यापि विश्वासमहं न मन्ये लोभाभिभूतो न बिभेति पापात् ।
परत्र दुःखं नरको भवेद्वा लोभोऽत्र पापं जनयत्यवश्यम् ॥३४

इत्युक्तिमाकर्ण्य मुनिस्तु राज्या युधाजितं सादरमेत्य तूर्णम् ।
पप्रच्छ राजन् ! सबलस्य तेऽद्य मदाश्रमाभ्यागमनं ब्रवीतु ॥३५॥

श्रुत्वा मुनेर्वाक्यमनिन्दितस्य युधाजिदप्याह तवाश्रमेऽस्ति ।
सुदर्शनाख्यो ध्रुवसन्धिपुत्रः समातरं तं निनयाम्ययोध्याम् ॥३६॥

ऋषिस्तु वाक्यान्तर आह राजन् ! नाहं ददे मे शरणं प्रयाताम् ।
तद् गच्छ शीघ्रं भवनं स्वकीयं तिष्ठत्वसौ बालसुताऽऽश्रमे मे ॥३७॥

युधाजिदित्थं वचनं निशम्य जगाद गर्वेण मुनिं पुनश्च ।
नानीय नैवैमि समातृकं तं सुदर्शनं मा स्म हठं नु कार्षीः ॥३८॥

श्रुत्वा सगर्वं वचनं नृपस्य जगाद भूयोऽपि मुनीन्द्र एवम् ।
किं वेत्सि राजन्नपि विप्रवर्यं तपस्विनं चात्मसमानवीर्यम् ॥३९॥

त्यसैकारण हे महामुनि ! यिनलाई पठाउनुहोस्, तुरुन्त आफ्नो घर जाउन्, म हजुरको आश्रममा वाल्मीकि मुनिको आश्रममा सीता जस्तै गरी पुत्रसहित वस्दछु ॥३३॥

म कसैको पनि विश्वास मान्दिन, लोभले जितेको मानिस पापदेखि डराउन्न, अर्को जन्ममा दुःखहोस् वा नरकको वासहोस् लोभले अवश्यै पाप जन्माउँछ ॥३४॥

मनोरमा रानीको यो उक्ति सुनेर मुनि भरद्वाज तुरुन्त राजासंग गई आदरसाथ राजन् ! मेरो आश्रममा फौजसाथ हजुर आउनु पर्ने कारण के पऱ्यो , भन्नुहोस् भनी सोधे ॥३५॥

मुनिको वचन सुनेर राजा युधाजित् भन्दछन् -'हजुरको आश्रममा ध्रुवसन्धिका छोरा सुदर्शन वसेका छन् , तिनका आमाछोरा दुवैलाई अयोध्यामा लैजान्छु ॥३६॥

राजाको वाक्य नटुङ्गिदै ऋषि भन्दछन् -"राजन् ? मेरा शरणमा आएकालाई मैले दिन्न, त्यसकारण तपाइँ तुरुन्त आफ्नो घरमा जानुहोस् । यी रानी बालक पुत्र सहित मेरा आश्रममा वसुन् ॥३७॥

यो वचन सुनेपछि युधाजित्ले सेखीसाथ मुनिलाई फेरि भने -"म आमाले सहित सुदर्शनलाई नलिइकन जाँदिन, हठ गर्दै नगर्नुहोस् ॥३८॥"

राजाको यस्तो गर्वसाथको वचन सुनेर फेरि पनि भरद्वाज भन्नुहुन्छ 'राजन् के तपस्वी, श्रेष्ठ ब्राह्मणलाई पनि आफ्नो समान पराक्रम भएको ठान्नुहुन्छ' ॥३९॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वमेव विप्रोऽन्नमपश्च भुङ्क्ते स्वमेव वस्तेऽर्पयते स्वमेव ।
यद्भुञ्जते क्षत्रमुखास्तु तस्याप्यनुग्रहेणैव न चात्र वादः ॥४०॥

कीदृग्बलं तेऽखिलसैनिकस्य कीदृग्बलं वा तपसो ममैव ।
गर्वायसे व्यर्थमहङ्करोषि सुदर्शनं द्रष्टुमपि क्षमोऽसि ? ॥४१॥

अन्याय्यमार्गेण च वीरसेनं निहत्य राज्यं दुहितुः सुताय ।
राज्यार्हमेनं च सुदर्शनं त्वं जिघांससे साहसिकोऽसि पापे ॥४२॥

यद्यस्ति ते बलमसह्यमतः प्रसह्य
शक्नोषि नेतुमपि किन्तु वसिष्ठधेनुम् ॥
यद्वज्जहार नृपगाधिसुतस्तथा त्वं
हर्तुं समर्थमभिमन्यस एव चेत् त्वम् ॥४३॥

इति श्रीभीमकान्तकविविरचिते जगदम्बिकावैभवकाव्ये सुदर्शनस्य भरद्वाजाश्रमगमनं मुनेराश्वासो युधाजिद्भर्त्सनं भरद्वाजोत्कर्षो नाम तृतीयः सर्गः ॥३॥

ब्राह्मणले आफ्नै अन्न जल खान्छ, आफ्नै वस्त्र पहिर्दछ, आफ्नै दान गर्छ, क्षत्रियादिले जो खान्छन् त्यो ब्राह्मणकै अनुग्रहले हो यसमा विवाद छैन ॥४०॥

धेरै सैनिक भएका तिम्रो बल कस्तो छ ? र मेरो तपस्याको बल कस्तो छ ? गर्व गर्छौ, व्यर्थ अहङ्कार गर्छौ । सुदर्शनलाई देख्न पनि सकौला ? ॥४१॥

अन्याय मार्गले वीरसेनलाई मारेर आफ्नी छोरीका छोरालाई राज्य दियौ, राज्य पाउनुपर्ने यो सुदर्शनलाई तिमीले मार्न खोजेका छौ, पापकर्ममा निकै साहसी छौ । तिम्रो यदि असह्य बल छ भने वलात्कार गरी लैजान पनि सक्छौ, किन्तु वसिष्ठकी गाईलाई विश्वामित्र राजाले झैं हरण गर्न सक्ने आफूलाई ठान्छौ भने 'हरण गर' ॥४२-४३॥

यस 'जगदम्विकावैभव' काव्यको (नेपाली अनुवाद) तेस्रो सर्ग पूरा भयो ॥३॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चतुर्थः सर्गः

अथो युधाजिन्नृपतिः स्वमन्त्रिणं जगाद मन्त्रिन्! करणीयमस्ति किम्।
बलान्नयाम्येव समातरं रिपुं सुदर्शनं किं! वद सर्वसम्मतम् ॥१॥

उदर्कभूतिं प्रतिवाञ्छता सता न चाप्युपेक्ष्यो रिपुरल्पकोऽपि वा।
यदि प्रवृद्धः खलु मृत्यवे भवेत् स राजयक्ष्मेव चिकित्सितोऽपिच ॥२॥

सुदर्शनस्यास्य न सैनिकं बलं न मां ससैन्यं विनिवारयेत् स तु।
उपेक्ष्यते शत्रुरयं मया कथं बलाद्गृहीत्वापि निहन्यते स्वयम् ॥३॥

हते रिपौ शत्रुजिदप्यसौ मया ह्यकण्टकं राज्यसुखं प्रलप्स्यते।
इतस्ततः क्वापि न शङ्कितो व्रजेत् तदर्थमेव प्रयतिष्यते मया ॥४॥

निशम्य मन्त्री स युधाजितो वचो जगाद राजन्! वचनं मुनेः श्रुतम्।
ब्रवीमि गाधेस्तनयस्य भूपतेर्मुनेर्वसिष्ठस्य पुरातनीं कथाम् ॥५॥

पुरा कदाचिन्नृपगाधिसंभवो बभूव नाम्ना नृपकौशिकाख्यः।
मृगाभिलाषी किमु वाऽन्यकार्यतो भ्रमन् वसिष्ठस्य शुभाश्रमं गतः ॥६॥

त्यसपछि राजा युधाजित् आफ्ना मन्त्रीलाई भन्दछन् -हे मन्त्रि! अब के गर्न ठीक होला? शत्रु सुदर्शनलाई जवर्दस्त लानु नै पर्‍यो कि? सर्वसम्मत कुरा भन ॥१॥

"भविष्यमा कल्याणको इच्छा गर्ने मानिसले सानो पनि शत्रुको वेवास्ता गर्नु हुदैन, यदि वढ्यो भने औषधि गरे पनि क्षयरोगले मानिसलाई मारे जस्तै त्यसले अफूलाई मार्छ ॥२॥

यो सुदर्शनको सैनिक बल केही छैन, सेना सहितको मलाई त्यसले हटाउन सक्ने छैन। मैले शत्रुलाई कसरी वेवास्ता गरेर छोडुँ, जवर्दस्त लगेर त्यसलाई मारिन्छ ॥३॥

शत्रु मरेपछि शत्रुजित्ले पनि अकण्टक राज्यको सुख पाउनेछ, यता उता जानुपर्दा निशङ्क हिड्नेछ, त्यसैका निमित्त मैले यत्न गर्नुपरेको छ ॥४॥

राजा युधाजित्को वचन सुनेर मन्त्रीले भने -राजन्! मुनिको वचन सुन्नुभयो? म गाधिराजका छोरा विश्वामित्र राजा र वसिष्ठ मुनिको एउटा पुरानो कथा भन्दछु ॥५॥

अघि कुनैदिन गाधिपुत्र, विश्वामित्र राजा शिकार गर्न हो वा अरु कामले हो घुम्दै-घुम्दै वसिष्ठ मुनिको आश्रममा गएछन् ॥६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मुनिं नमस्कृत्य विवेश विष्टरे वसिष्ठदत्ते स्वबलेन संयुतः ।
निमन्त्रयामास मुनिः ससैनिकं नृपं सहामात्यपुरोधसं तदा ॥७॥

किमद्य दास्यत्यपि भोजनं मम समन्त्रिवर्गस्य ससैनिकस्य च ।
इतीव चिन्ता विवसे नृपे मुनिः समेत्य धेनोर्निकटं न्यवेदयत् ॥८॥

नृपोचितं यन्नृपवेश्मसंभवं चतुर्विधं षड्रसगर्भितं शुचि ।
ददौ नृपार्थं मुनये हि नन्दिनी तदेव भोज्यं नृपतेरभोजयत् ॥९॥

विलोक्य राजा भवनोचितं प्रियं रसैरनेकैः परिपूरितान्तरम् ।
अतीव सुस्वादु सयत्ननिर्मितं विकाशि सद्यः कृतमास्मितोऽभवत् ॥१०॥

मुनेरियं पर्णकुटी निकेतनं मृदा कृता वारिघटी कुशासनम् ।
शिवाक्षमाला पिठरश्च पादुके न दृश्यते संपदितः परं क्वचित् ॥११॥

परन्त्वथैका बहिरत्र दृश्यतेऽनया घटोध्न्याऽऽचरितं गवा महत् ।
इमं परिज्ञाय नृपेण नन्दिनीप्रभावमेनां मुनिरेत्य याचितः ॥१२॥

वशिष्ठ ऋषिलाई नमस्कार गरेर उनले दिएको आसनमा राजा वसे, फौज, मन्त्रीहरूलाई पनि वसाले । ऋषिले राजा, फौज, मन्त्री, पुरोहित सवैलाई भोजन गर्ने निमन्त्रणा दिए ॥७॥

यति धेरै फौज, मन्त्री, पुरोहित र मलाई के खान दिने होलान् भनेर राजाले चिन्ता गर्दै थिए । त्यसै समयमा ऋषिले गाईका नगीच गएर आफ्नो संङ्कट सवै बताए ॥८॥

राजालाई खुवाउन योग्य, राजदरबारमा मात्र संभवहुने, षड्रसले पूर्ण भएको खाने, पिउने, चाट्ने, चुस्ने खाद्य वस्तु राजाको निमित्त भनी नन्दिनीले मुनिलाई दिईन्, त्यही वस्तु राजालाई ऋषिले खुवाए ॥९॥

राजाले त्यस्तो दरवारमा मात्र पाइने, अनेक रसहरूले पूर्ण, यत्नपूर्वक वनाइएको स्वादु र ताजा खाद्य वस्तु देखेर दंग परे ॥१०॥

यी मुनिको घर भन्नु पातले छाएको कुटी छ, पानी पिउन माटाको घैंटो छ, कुशासन, रुद्राक्षमाला, पिर्का, खराउ र पकाई खाने कसौंडी यहाँ भन्दा बढ्ता सम्पत्ति केही देखिंदैन ॥११॥

परन्तु बाहिर एउटी गाई छन् । यिनै घडा झै ठूलो कल्चौंडो भएकी गाईले ठूलो काम गरिन्, यो यिनैको प्रभाव हो भन्ने कुरा जानेर 'यस्ती गाई मलाई चाहिन्छ' भनेर राजाले मुनिसंग गएर ती गाईलाई मागे ॥१२॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

घटौधसं धेनुसहस्रमस्ति मे तवार्पये धेनुरियं प्रदीयताम् ।
नृपोक्तिमाकर्ण्य तदैव नन्दिनीजिघृक्षयोक्तां मुनिरित्थमब्रवीत् ॥१३॥

इयं महाराज ! ममैव नन्दिनी कथं प्रदेयाऽखिलहोमसाधनम् ।
घटौधसं धेनुसहस्रकं तु यद् न शक्यते पालयितुं तवास्तु तत् ॥१४॥

मुनेऽयुतं वा प्रयुतं ददाम्यहं प्रदेहि धेनुं न हि चेद्बलादपि ।
नयामि सद्मस्तव तत्र किं बलं कथं नु शक्ष्यस्यतिवर्तितुं च माम् ॥१५॥

यदस्ति राज्येऽति सदुत्तमं वसु नृपस्य तद्भाव्यमनेन हेतुना ।
सदुत्तमं वस्तु नृपेण लम्भितं कथं नु गोरत्नमिदं न नीयते ॥१६॥

नृपस्य गर्वोक्तिमिमां निशम्य स मुनिर्जगादेदममर्षसंयुतः ।
स्वशक्तिमप्यत्र नृपे प्रदर्शयन् बलं च तेषां गणयन्न हि क्षमम् ॥१७॥

बलान्नयामीति यदुक्तवान् भवान् नयस्व पश्यामि तवास्ति यद्बलम् ।
द्विजस्य संपत्सु नृपस्य भोग्यता न दृश्यते क्वापि च शास्त्रवर्त्मसु ॥१८॥

राजाले भन्छन् -'घडा जस्तै कल्चौंडो भएका हजार गाई हजुरलाई दिन्छु यिनी गाई मलाई दिनुहोस्' । राजाको यो उक्ति सुनेर 'नन्दिनीहरण गर्न यसो भनेका हुन् ' भन्ने ठानी मुनि भन्छन्-'हे महाराज ! यी मेरी नन्दिनी गाई सम्पूर्ण होम कर्मको साधन हुन् कसरी दिउँ र ? घडा झैं कल्चौडो भएका हजार गाईलाई त पाल्न सकिदैन, ती हजुरकै घरमा रहुन् ॥१३-१४॥

राजा भन्छन् - हे मुने ! दशहजार गाई दिन्छु अथवा लाखै दिन्छु , यी गाई मलाई दिनुहोस् , होइन भने वलपूर्वक लैजान्छु , त्यहाँ तपाइँको बल के पुग्छ र ? मलाई हटाउन कसरी सक्नुहुन्छ र ? "राज्यमा जुन वस्तु अति उत्तम छ त्यो राजाको हुनुपर्छ" यस कारण राजाले भेटाएको यस्तो असल वस्तु उत्तम गोरत्न किन न लगौंला ? ॥१५-१६॥

राजाको सेंखीसाथको उक्ति सुनेपछि केही रिसाएर, आफ्नो शक्ति यिनी राजामा देखाउन र क्षत्रियको वल सक्षम नहुँदा तिनी राजालाई कत्ति नगनेर मुनिले भने -'महाराज ! बलपूर्वक लैजान्छु' भनी जुन भन्नुभयो, 'लौ लैजानुस्, तपाइँको बल हेरौं ?' व्राह्मणको सम्पत्तिमा क्षत्रियको भोग कुनै शास्त्रको मार्गमा कहीं देखिंदैन ॥१७-१८॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इतीरिते ते क्षितिपालदुर्भटा व्यमोचयन् गां नृपतेरनुज्ञया ।
दददासि किं मामिति गौरवोचत ददे न चाहं प्रसभं नयन्ति ते ॥१९॥

मुनेरपीत्थं कथनादनन्तरं चुकोप गौ राजकुलं प्रति स्वयम् ।
सुघोरहम्बारवमुच्चचार सा स्वरोमतो दैत्यकुलान्यसीसृजत् ॥२०॥

सशस्त्रहस्ताः कवचावृताश्च ते न गच्छ तिष्ठेति वदन्त एव हि ।
नृपस्य सैन्यं निखिलं निहत्य तां व्यमोचयन् गामपि नन्दिनीं बलात् ॥२१॥

विनिर्गतो दुःखित एकलो नृपो विनिन्दयन् क्षात्रबलं महत्तरम् ।
प्रशंसयन् विप्रबलं दुरासदं द्विजत्वलाभाय वनेऽचरत्तपः ॥२२॥

बहूनि वर्षाणि तपस्तपस्यता द्विजर्षिता प्रापि वरात् प्रजापतेः ।
तवापि राजन् कथितं महर्षिणा 'नयस्व पश्यामि तवास्ति यद्बलम्' ॥२३॥

सहस्रबाहुः कृतवीर्यसंभवो नृपोऽभवन्नर्जुनसंज्ञकः पुरा ॥
जहार धेनुं जमदग्निपालितां शिरोऽच्छिनद्रामं इमं न वेत्सि किम् ॥२४॥

मुनिले यति भनेपछि राजका दुष्ट सिपाहीहरूले राजाकै आज्ञानुसार गाईलाई फुकाए । गाईले मुनिसंग "के मलाई दिनुभयो र ?" भनिन्, मुनिले "मैले दिएको छैन, तिनीहरूले जवर्दस्त लैजान खोज्छन् " यति भने । त्यसपछि गाई स्वयं राजपरिपार संग रिसाइन् , डरलाग्दो 'हंबा' शब्द गरिन् र आफ्ना रौं रौं बाट धेरै दैत्यहरूलाई सृष्टि गरिन् ॥१९-२०॥

कवच लगाएका र हातमा हतियार लिएका ती दैत्यहरूले 'न जा खडा हो' भन्दै राजाको सम्पूर्ण सेनालाई मारेर नन्दिनी गाईलाई पनि बलैले छुटाए ॥२१॥

त्यसपछि राजा विश्वामित्र क्षत्रियको बललाई निन्दा र ब्राह्मणको बललाई प्रशंसा गर्दै एक्लै दुःखित भएर निस्के, ब्राह्मणत्व प्राप्तिका निमित्त तपस्या गर्न वनमा गए ॥२२॥

धेरै वर्षसम्म तपस्या गरेर ब्रह्माजीका वरदानवाट ब्रह्मर्षि पद पाए । राजन् तपाइँलाई पनि मुनि भरद्वाजले "लैजाऊ, तिम्रो बल हेरौं" भने ॥२३॥

अर्को कुरा अघि कृतवीर्य राजाका छोरा हजार हात भएका हुनाले सहस्रार्जुन नाम गरेका राजा थिए , तिनले जमदग्नि ऋषिले पालेकी गाईलाई हरण गर्नाले परशुरामले तिनको शिर काटिदिए, यस्ता परशुरामलाई जान्नुहुन्न कि के हो ?॥२४॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अतोऽहमेवं भवते ब्रुवे हितं क्षमापयामो महितं तपोनिधिम् ।
तपस्विभिर्द्रोहकृतां कुलक्षयं भवत्यवश्यं तदथो विरम्यताम् ॥२५॥

सुदर्शनोऽसौ शिशुरेव चाल्पको ऽप्यकिञ्चनः किञ्चन कर्तुमक्षमः ।
सुखं वसत्वस्य न चापराध्यतः कृतेऽपकारे त्वयि पातकं भवेत् ॥२६॥

दयापि सर्वत्र जनेषु वर्ध्यतां किमीर्ष्यया वैरिजनेऽपि नेर्ष्यताम् ।
तृणायते वज्रमपि क्वचित् क्वचित्तृणञ्च वज्रायत एव कर्हिचित् ॥२७॥

शशोऽपि शार्दूलवधं करिष्यति गजं तथैवं मशको हनिष्यति ।
न साहसं कर्तुमितस्त्वमर्हसि हितं वचो मे मनसि प्रणेष्यसि ॥२८॥

वचःप्रधानस्य हितं विचार्य तद् मुनेर्ययावन्तिकमेव भूपतिः ।
प्रणम्य मूर्ध्ना स्वकृतं क्षमापयञ्जगाम सद्यः सबलो गृहं प्रति ॥२९॥

मनोरमा सा ससुता तदाश्रमे मुनिं समाश्रित्य बभूव निर्भया ।
सुदर्शनं स्वं तनयं कृतव्रतं पुपोष वन्यैः फलकन्दमूलकैः ॥३०॥

यसकारण म हजुरलाई हितहुने कुरा भन्दछु- 'पूज्य तपस्वीसंग क्षमा मागौं, तपस्वीका साथ द्रोह गर्नेहरूको अवश्य कुलक्षय हुन्छ त्यसकारण यो कुरा छाडौं ॥२५॥

यो सुदर्शन पनि सानो बालक, केही नभएको र केही गर्न नसक्ने छ, सुखसित वसोस्, अपराध नगर्नेलाई अपराध गर्नाले हजुरलाई पातक होला ॥२६॥

सम्पूर्ण मानिसहरूमा दया बढाउनुहोस्, ईर्ष्या गरेर के हुन्छ र ? शत्रुसंग पनि ईर्ष्या नगर्नुहोस् , कहीं वज्र पनि तृण जस्तो र कहीं तृण पनि वज्र जस्तो हुन्छ, खरायोले पनि कहिलेकाहिं बाघलाई मार्न सक्छ र कहिलेकाहीं लामखुट्टेले पनि हात्तीलाई मार्न सक्छ , अब हजुरले साहसगर्नु योग्य छैन, मेरो यो हित कुरा मनमा लिइवक्सनेछ ॥२७-२८॥

प्रधानमन्त्रीको त्यो वचनलाई उचित ठानी राजाले मुनिका नजीकमा गएर शिरले प्रणाम गरी आफूले बोलेको कुरामा क्षमा मागे र तुरुन्तै फौजका साथ घरतिर गए ॥२९॥

मनोरमा रानी छोराको साथ मुनि भरद्वाजको आश्रय गरी निर्भय बनेर वसिन् , छोरा सुदर्शनको व्रतबन्ध गरेर उनलाई वनमा हुने फल र कन्दमूलले पालन गरिन् ॥३०॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिने दिनेऽसौ मुनिबालकैः सह विनिर्भयः क्रीडति यत्र तत्र च ।
शशीव पक्षेऽबहुले निरन्तरं जगाम वृद्धिं जननीं प्रतोषयन् ॥३१॥

विदल्लनामा नृपमन्त्रिसत्तमः कदाचिदेकद्विजबालकेन हि ।
सुदर्शने शृण्वति हास्यवार्तया विनिन्दता क्लीब इति प्रभाषितः ॥३२॥

तदद्भुतं वर्णयुगं सुदर्शनो दधार चित्तेऽनुजजाप च स्फुटम् ।
यदा कदाचित् स्फुटविन्दुसंयुतं कदाचिदेकाक्षरमस्तविन्दुकम् ॥३३॥

स विन्दुकं क्लीमिति कामराजकमनुर्महामन्त्रमुदीरितं स्मृतौ ।
तदेव स क्लीविति विन्दुनोज्झितं मनुं स्मरन् सन्नजपद्दिवानिशम् ॥३४॥

स पञ्चवर्षाद्दशहायनावधि जजाप न च्छन्द ऋषिं न देवताम् ।
विवेद देवीं तु तुतोष कर्मणा कुमारबुद्धिः पठनोत्सुकाऽभवत् ॥३५॥

कृतोपवीतो मुनिना स बालको मुनेः सकाशात् प्रपपाठ तीक्ष्णधीः ।
रहस्यमङ्गानि च सागमस्य स सहस्रशाखा निगमस्य चाखिलाः ॥३६॥

यिनी सुदर्शन दिनदिनै मुनिकुमारहरूका साथ निर्भय भई यताउता खेल्दथे र आमाको मन खुशी पार्दै शुक्ल पक्षका चन्द्रमा झैं निरन्तर बढदै गए ॥३१॥

विदल्ल नामगरेका मन्त्रीलाई यस्तैमा कुनै एउटा मुनिपुत्रले सुदर्शनले सुन्नेगरी ठट्टामा निन्दा गरेर 'क्लीव' यस्तो भनेछन् ॥३२॥

सुदर्शनले त्यो अद्भूत कहिले पनि नसुनेको दुईवर्णलाई चित्तमा धारण गरे र स्पष्ट जपे, कहिलेकाहीं स्पष्ट विन्दुसित कहिले विन्दु नभएको एकाक्षर मात्र जपे ॥३३॥

विन्दुले सहित भएको 'क्लीम्' यसलाई कामराजको महामन्त्र भनेर शास्त्रमा वताइएको छ, त्यही मन्त्रको विन्दुरहित 'क्लीव्' यति मन्त्रलाई संझेर सुदर्शनले रातदिन जप गरे ॥३४॥

ती सुदर्शनले पाँच वर्षदेखि दशवर्षसम्म जप गरे, मन्त्रको छन्द, ऋषि र देवता केही जानेका थिएनन् तर त्यो कामबाट देवी खुशी हुनुभयो र कुमारको बुद्धि पढ्नमा उत्सुक भयो ॥३५॥

भरद्वाद्वाराले उपनयन कर्म गराइएका ती वालक तीक्ष्ण बुद्धिका भए र उनै भरद्वाजबाट वेद, वेदाङ्ग, रहस्य र अङ्गसहित सम्पूर्ण वेदका हजारौं शाखा पढे ॥३६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तथैव साङ्गं धनुषः श्रुतिं परामधीत्य शास्त्राण्यखिलानि सर्ववित् ।
विविन्दुमन्त्राक्षरमात्रपाठतः ससर्वविद्यानिधितां समागतः ॥३७॥

कदाचिदेकान्तमठेऽम्बिकां स्मरन् ददर्श देव्या वपुरम्बुजोपमम् ।
सुरक्तवर्णं स सुरक्तवस्त्रकं सुरक्तसर्वाङ्गविभूषणं प्रियम् ॥३८॥

सुपर्णकण्ठस्थितमद्भुतं महत् प्रसन्नचेता अभवत् सुदर्शनः ।
स्तुतिं चकार प्रणिपातपूर्वकमियं हि शक्तिः खलु वैष्णवीति सः ॥३९॥

कदाचिदेकान्तवने नदीतटे विहर्तुकामः स ययौ समातृकः ।
शरासनं सद्विशिखाञ्छिलाशितान् तनुत्रतूणीरमदात्तदाम्बिका ॥४०॥

दिनेषु गच्छत्सु स षोडशाब्दको बभूव सर्वस्य सुदर्शनः प्रियः ।
निषादराजः स्वयमेत्य तत्र तं रथं रथोपस्करमश्वसंयुतम् ॥४१॥

समर्प्य मैत्रीमकरोत् प्रियाशयः सुदर्शनो वन्यफलैस्तमार्चयत् ।
शुभोदये तस्य परेऽपि मित्रतां समाचरन् ये पथि वस्त्वलुण्ठयन् ॥४२॥

नृपस्य काश्या अधिपस्य चात्मजा कलान्तनाम्नी शशिपूर्ववर्णका ।
प्रिया पितुश्चापि ससर्वलक्षणा विवाहयोग्या मदनातुराऽभवत् ।४३॥

त्यसैगरी साङ्ग धनुर्वेद र सम्पूर्ण शास्त्रहरू पढेर सर्वज्ञ भए, विन्दुहीन मन्त्रको एक मात्र अक्षर पढ्नाले सम्पूर्ण विद्याहरूको निधि वने ॥३७॥

एकदिन एकान्त मठमा वसेर अम्विकाको संझना गर्दा फूलेका कमल जस्तो रातो वर्ण भएको, रातै वस्त्र पहिरेको, सर्वाङ्गमा भूषण पहिरेको अतिरम्य जगदम्विकाको स्वरूप पनि देखे ॥३८॥

गरुडका काँधमा वसेको अद्भूत ठूलो स्वरूप देखेर ती सुदर्शन प्रसन्न भए र यी 'वैष्णवी' शक्ति हुन् भन्ने ठानी दण्डवत् प्रणाम गरी स्तुति गरे ॥३९॥

कुनैदिन आमासहित एकान्तवनमा नदीका तिरमा विहारगर्ने इच्छाले गएका थिए त्यहीं अम्विका आएर धनु, तीखावाण, ठोक्रा र कवच दिनुभयो ॥४०॥

दिन वित्दै जाँदा ती सोह्र वर्षका भए , उनी सवैका प्यारा पनि भए , निषादका राजा स्वयं त्यहीं आई रथ, रथका सामग्री र घोडा समेत दिएर खुशीसंग मित्रता गरे अनि सुदर्शनले पनि वनका फलफूल दिएर उनलाई खुशी बनाए । जो निषादहरूले वाटामा घोडासहितको रथ, वस्त्र, धन लुटे भनिएको थियो ती शत्रुहरूले पनि राम्रो भाग्य उदय भएकोले मित्रता गरे ॥४१-४२॥

काशीनरेश सुबाहुकी प्यारी छोरी शशिकला नाम गरेकी थिइन्, सवै लक्षणले युक्त भएकी, विवाह गर्न योग्य उनी कामातुर भइन् ॥४३॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुदर्शनं सुन्दरमात्मयोगिनमनन्यरूप श्रुतवत्यतिश्रुतम् ।
तमेव वव्रे मनसा पतिंवरा ह्यदृष्टमप्यन्यजनानुसारतः ॥४४॥

जगज्जनन्याः परिपूजनात् पुरा वरं ददौ त्वन्मनसा सुदर्शनः ।
समीप्सितः सोऽस्तु पतिर्न चान्यथा स चापि मद्भक्तिरतो मम प्रियः ॥४५॥

प्रसुप्तिकालेऽपि सुदर्शनं प्रियं ददर्श चाम्बावचनं स्मरत्यपि ।
जहास मात्रादिभिरेत्य शंसिता न किञ्चनोवाच महत्त्रपाऽऽकुला ॥४६॥

कदाचिदेषा स्वसखीसमन्विता विहर्तुकामोपवनं समाययौ ।
विचिन्वती पुष्पमतीव चञ्चला सुचम्पकाधः स्थितवत्यतिश्रमात् ॥४७॥

अपश्यदेकं त्वरयागतं द्विजं प्रणम्य मूर्ध्ना मधुरं वचोऽब्रवीत् ।
कुतः प्रदेशाद् भवताऽऽगतं द्विज ! ममापि वक्तुं यदि शक्यमुच्यताम् ॥ ४८॥

द्विजोऽपि तस्या विनयाभिमिश्रितैर्वचोभिरुक्तः प्रियमुत्तरं ददौ ।
अहं भरद्वाजमुनेस्तपोनिधेः शुभाश्रमादागतवान् कृशोदरि ! ॥४९॥

सुदर्शन सुन्दर, आफूलाई सुहाउँदो, अनन्यरूप भएको, सर्वप्रख्यात छन् भन्ने उनले सुनेकी थिइन् , आफूले नदेखेकी भए तापनि अरु मानिसका भनाइबाट नै तिनैलाई मनले पति वरण गरिन् ॥४४॥

अघिदेखि नै जगदम्बिकाको पूजा गरेकी हुनाले वरदान दिनु भयो -'तिम्रा मनले इच्छा गरेको सुदर्शन तिम्रा पति हुनेछन् , अन्यथा हुने छैन, त्यो सुदर्शन पनि मेरो भक्तिमा तत्पर हुँदा मेरो प्यारो छ ॥४५॥

यति सुनेपछि स्वप्नमा पनि प्यारो सुदर्शनलाई देखिन्, अम्बिकाका वचन पनि संझन्थिन्, आमा र संगिनीहरूले कुरा चलाउँदा हाँस्थिन् मात्र, ठूलो लज्जाले आकुल भएर बोल्दिनथिन् ॥४६॥

कुनै एक दिन आफ्नी संगिनीका साथ विहार गर्ने इच्छाले फूलबारीमा गइन्, फूल टिप्दा ज्यादै चञ्चलहुनाले थाकेर चाँपको रूखको छायाँमा बसेकी थिइन् ॥४७॥

त्यही समयमा चाँडो चाँडो हिड्दै गरेको एक ब्राह्मणलाई देखिन् र शिरले नमस्कार गरेर मीठो शब्दमा "हे ब्राह्मण ! हजुर कहाँबाट आउनुभयो, मलाई भन्न उचित हुन्छ भने भन्नुहोस्" भनिन् ॥४८॥

उनका नम्रता मिसिएका वचनले बोलाइएका हुँदा ब्राह्मणले पनि मीठो उत्तर दिए हे कृशोदरि ! म तपोनिधि भरद्वाज ऋषिका आश्रमदेखि आउँदैछु ॥४९॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुता नृपस्यापि समुत्सुका सती सुदर्शनं पृच्छति वाडवं पुनः ।
किमस्ति तत्राश्रम ईक्षणीयकं जनातिगं वस्तु यदस्ति तद् वद ॥५०॥

अनन्तरं प्राह द्विजः शुचिस्मिते ! किमस्त्यरण्ये तपसां निधेः परम् ।
सुदर्शनाख्यो ध्रुवसन्धिपुत्रको यथार्थनामा पुरुषोत्तमोऽस्ति हि ॥५१॥

न येन दृष्टः स सुदर्शनो युवा तमेव मन्ये ह्यसुदर्शनं जनम् ।
जगत्सिसृक्षाव्रतिनाब्जयोनिना गुणान् समुच्चित्य कृतो गुणाकरः ॥५२॥

गुणाकरं द्रष्टुमनास्तु कौतुकात्तमेव पश्येदिति मे मतिः सति ! ।
स्वयं क्वचिद्दृष्टवती न वाप्यमुं सुदर्शनो दर्शनयोग्य एव हि ॥५३॥

योग्योऽसौ किल सुकुमारकः कुमारो
भर्ता ते भवितुमतीव योग्य एव ।
योगः स्यान्मसृणमणेः सुवर्णकेन
नो रीतिं मणिरभियाति योग्यतायै ॥५४॥

इति श्रीभीमकान्तकविविरचिते जगदम्बिकावैभवकाव्ये
ब्राह्मणद्वारा राजकन्यां प्रति सुदर्शनवर्णनं नाम चतुर्थः सर्गः ॥४॥

राजपुत्री पनि उत्सुक भएकी हुनाले ब्राह्मणसंग सुदर्शनलाई सोद्धछिन् -'त्यो आश्रममा देख्न लायक जनप्रिय वस्तु के छ त्यो भन्नुहोस्' ॥५०॥

त्यसपछि ब्राह्मण भन्छन् -'हे शुचिस्मिते ! तपोनिधि मुनि बाहेक अरु जङ्गलमा के छ र ? अँ, ध्रुवसन्धि राजाका छोरा सुदर्शन नाम गरेका र नाम अनुसार नै 'हेर्नमा राम्रा' उत्तम पुरुष छन् । ती सुदर्शनलाई जसले देखेको छैन त्यसलाई म 'आँखा नै राम्रो नभएको मानिस' ठान्दछु, जगत् सृष्टि गर्ने व्रत लिएका ब्रह्माजीले सवै गुण जम्मा गरेर गुणको खानी सुदर्शनलाई बनाए ॥५१-५२॥

हे सति ! गुणको खानी देख्ने मन भएकाले तिनैलाई हेर्नुपर्छ भन्ने मलाई लाग्छ, तिमीले कहीं देखेकी छौ कि छैनौ ? सुदर्शन ता दर्शनयोग्य छन् ॥५३॥

यी सुकुमार कुमार योग्य छन् । तिम्रा पति हुनलाई अति योग्य छन्, उत्तम मणिको सुनका साथ योग हुन योग्य छ, त्यो योग्यतालाई मणिले पित्तलसित समावेश गर्दैन ॥५४॥

यस 'जगदम्बिकावैभव' काव्यको (नेपाली अनुवाद) चौथो सर्ग पूरा भयो ॥४॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चमः सर्गः

इत्थं द्विजस्य वचनश्रवणावसाने पूर्णानुरागजलधौ निममज्ज कन्या ।
प्राहात्मनः सहचरीं मनसोऽनुकूलामज्ञातमानवमपेक्ष्य दुनोति कामः ॥१॥

स्वप्ने कदाचन मयाप्यवलोकितो वाऽदृष्टोऽधुना स विरहे नियुयोज यन्माम् ।
श्रीखण्डचन्दनमहोः मम देहलग्नं जानामि तत्तु गरलेन समं मृगाक्षि ! ॥२॥

माला मनोज्ञकुसुमैरचितापि शीता सा सर्पिणीव विषविन्दुभिरञ्चतीव ।
पूर्णस्य चन्द्रमस एष मयूखवृन्दो मामग्निवद्दहति सुन्दरि ! देहलग्नः ॥३॥

हर्म्ये वसामि न सुखं न वने सुखं मे वापीतटे न च नदीनदरोधसोश्च ।
शय्या न मां सुखयति प्रणयेन दत्तं ताम्बूलमप्यतिशयं न मनोऽनुकूलम् ॥४॥

गीतं न मह्यमतिरोचत एव वाद्यं रात्रौ सुखं न मम नापि दिवा न सायम् ।
मां प्रीणयिष्यति सुदर्शनदर्शनन्तु तृप्तिः परैर्न हि भविष्यति नेत्रयोर्मे ॥५॥

क्वाहं व्रजामि सखि ! यत्र शठः स आस्ते भीता स्वतन्त्ररहिताऽस्म्यबला सलज्जा ॥
एकाकिनी तु विजने विपिने व्रजामि कस्मादहो ! न च ममासव आशु यान्ति ॥६॥

यसरी ब्राह्मणको वचन सुनेपछि ती कन्या पूर्णप्रेमको समुद्रमा डुबिन् र आफ्नो मन परेकी संगिनीसित भनिन् -'यो कामदेवले नदेखेको मानिसको अपेक्षा गरेर मलाई ताप गराएको छ, कहिल्यै स्वप्नामा मैले देखेकी थिएँ कि थिइन, अहिले विरहमा पार्‍यो, हे मृगाक्षि ! श्रीखण्डचन्दन पनि मेरा शरीरमा विष जस्तो भान हुन्छ ॥१-२॥

हे सुन्दरि ! सुन्दर फूलले बनाएको चीसो माला पनि सर्पिणी हो कि, भनेझैं र विषविन्दुले सेचन गर्छ कि भने झैं लाग्छ, पूर्ण चन्द्रमाको यो किरण मेरा शरीरमा लाग्दा पनि आगोले झैं पोल्दछ ॥३॥

दरबारमा बस्छु सुख छैन, वनमा वसेपनि सुख छैन, पोखरीको छेउमा पनि मलाई सुख छैन, नदीको तीरमा पनि सुख छैन, शैय्याले पनि सुख दिन्न, प्रेमले दिएको पानले पनि मेरो मनलाई आनन्द हुन्न ॥४॥

गीत सुन्न पनि मलाई त्यति मन पर्दैन, बाजा पनि पटक्कै रुचाउन्न, रात्रिमा, दिनमा, साँझमा कहिल्यै मलाई सुख छैन, सुदर्शनको दर्शन पाए मलाई आनन्द हुने थियो अरु कुराबाट मेरा आँखालाई तृप्ति हुनेछैन ॥५॥

हे सखि ! म कहाँ जाउँ ? कहाँ त्यो शठ बसेकों छ, डर लाग्छ, म स्वतन्त्र छैन, लाज लाग्ने, अबला र एकली छु, विजन वनमा जाउँ कि ? किन हो मेरा प्राण पनि तुरुन्त जाँदैनन् ॥६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दीनापि मातृजनकान्वययोरधीना कुर्वे किमत्र न पितापि ददाति तस्मै ।
दास्यामि काममहमेव सुदर्शनाय स्वात्मानमत्रविषये न च विघ्नमस्तु ॥७॥

यद्यप्यशेषधरणीतलमण्डलेषु सन्त्यन्यराजतनयाः शतशः समृद्धाः ।
ते मे न यान्ति मनसो विषयं यथैव राज्यच्युतो विबल एष सुदर्शनोऽयात् ॥८॥

इत्थं विचार्य मनसा ध्रुवसन्धिसूनुर्निष्किञ्चनोऽपि विबलोपि वनस्थितोऽपि ।
चित्ते स्थिरोऽभवदहो ! जगदम्बिकायाः सत्याशिषा, बलवती भुवनेश्वरीच्छा ॥९॥

अन्यच्च दीर्घतपसो मुनिपुङ्गवस्य ब्रह्मात्मजात्मजसुतस्य तपः प्रभावात् ।
पूर्णाशिषापि महतां नृपबालकस्य भाग्योदयस्य पिशुनः स विवाहयोगः ॥१०॥

स्वप्नेऽपि पश्यति कदाचन विष्णुमायां सा च प्रसन्नवदना वरदा बभूव ।
राज्यं स्वपैतृकमवाप्स्यसि राजकन्यामुद्वक्ष्यसीति वरमाप्य स निर्भयोऽभूत् ॥११॥

राज्ञीमपेक्ष्य मुनयोऽप्यवदन् सुतस्ते राजा भविष्यति जगज्जननीप्रसादात् ।
सा तानुवाच भवतामनुकम्पया नो दुःसाध्यमस्ति महतां कृपया न चित्रम् ॥१२॥

दुःखी भएर पनि पितृमातृवंशका अधीनमा छु, के गरुँ पिताजीले त्यसलाई बोलाएर दिनुहुन्न, मैले आफै सुदर्शनलाई आत्मार्पण गर्छु, य विषयमा विघ्न नपरोस् ॥७॥

हुन त यो पृथ्वी मण्डलमा शयौं अरु राजपुत्रहरू विविध सम्पत्तिले सम्पन्न छन्, तर ती सवैलाई मेरा मनले देख्दैन , किन्तु राज्यभ्रष्ट भएको, बल फौज केही नभएको सुदर्शन लाई नै देख्छ ॥८।

मनले यस्तो विचार गरेर अकिञ्चन, बलरहित, वनवासी भएपनि सुदर्शन नै जगदम्बिका भगवतीका सत्य आशीर्वादले गर्दा उनका चित्तमा स्थिर भए, आश्चर्य, जगदम्बिकाको इच्छा बलवती छ ॥९॥

अर्को कुरा, लामो तपस्या गरेका , मुनिश्रेष्ठ, ब्रह्माजीका पनाती भरद्वाजको तपस्याको प्रभावबाट र ठूला मानिसहरूको पूर्ण आशीर्वादले राजपुत्र सुदर्शनको भाग्योदयको सूचक, यो विवाह योग भयो ॥१०॥

कुनै दिन सुदर्शनले स्वप्नामा विष्णुमाया भगवतीलाई देखे, देवीले प्रसन्नमुख भएर 'आफ्ना पितृको राज्य पाउने छौ, राजकन्यालाई विवाह गर्नेछौ' भन्ने वर दिनुभयो देवीबाट यस्ता वर पाएर उनी निर्भय भए ॥११॥

रानीलाई पनि मुनिहरू भन्दथे -'जगदम्बिकाको प्रसादबाट तिम्रो छोरा राजा हुनेछन्'। मुनिलाई रानी भन्थिन् -'हजुरहरूको दयाले होला पनि, ठूला मानिसको कृपाबाट कुनै कुरा दुःसाध्य छैन, यसमा आश्चर्य मान्नुपर्ने कुरा केही छैन ॥१२॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सैन्य बलं मम सुतस्य सहायकोऽपि कोषः प्रजाः प्रकृतयश्च सुहृन्नकोऽपि ।
केनाप्तुमर्हति स राज्यमसाधनोऽपि युष्मत्कृपाबलमवाप्य भवेन्नृपोऽपि ॥१३॥

इत्थं गतेषु दिवसे तु सुदर्शनोसावारुह्य यानमभियाति कुतोऽप्यरण्ये ।
अक्षौहिणीसमभिवृत्त इवावभाति देव्या वरेण मुनिवृन्दशुभाशिषा च ॥१४॥

क्लीबेति विन्दुरहितं त्वपि कामबीजं सञ्जल्पतः प्रतिदिनं जपतोऽनुकालम् ।
एतादृशः समभवन्महिमापि तस्य सम्यग्गुरोर्ग्रहणतः फलमस्य किं स्यात् ॥१५॥

पश्यामि नो दिवि न वा भुवि नागलोकेऽप्यप्राप्यमस्ति शिवशक्तिकृपाकटाक्षात् ।
यैः पूर्वजन्मनि न पूजितमस्ति देव्याःपादाम्बुजं त इह दीनतया तपन्ति ॥१६॥

विद्यावयोवपुरभीष्टकलत्रवित्तैरुच्चैस्तमा जगति संप्रति मानवा ये ।
तैः पूर्वजन्मनि कृतं जगदम्बिकाया आराधनं न च परैरनुमेयमेवम् ॥१७॥

ये क्रोधलोभमदकामविमोहरोषमात्सर्यवैरवशगास्तमसाऽऽवृताश्च ।
प्रारब्धकर्मवशतो जगदम्बिका तैर्नाराधितेत्यनुमितिः क्रियतां सुधीभिः ॥१८॥

मेरा छोराको सैनिक बल पनि छैन, सहायक पनि कोही छैन, कोष, प्रजा र प्रकृति, इष्ट मित्र कोही छैन । साधन नभएकाले कसरी राज्य पाउन सक्छ ? हजुरहरूका दयाका बलले राजा पनि हुन सक्ला ॥१३॥

यसै रीतिले दिन वितेपछि यी सुदर्शन यानमा चढेर कहीं जङ्गलमा जान्छन्, त्यहाँ उनी सेनाले घेरिएका जस्ता भान हुन्छन्, त्यो देवीका वरले र मुनिवृन्दका शुभाशीर्वादले हो ॥१४॥

विन्दुहीन भएको 'क्लीव्' भन्ने काम वीज मन्त्र दिन दिनै बोल्नाले र समय समयमा जप गर्नाले पनि सुदर्शनको यस्तो महिमा भयो भने गुरुबाट राम्रोसंग ग्रहण गरेमा त त्यसको फल झन कस्तो होला ? ॥१५॥

जगदम्विकाको कृपा दृष्टिले नपाइने स्वर्ग, भूतल र पातालमा पनि केही देख्दिन, जसले पूर्वजन्ममा देवीको पादकमल पूजा गरेनन् तिनीहरू यस लोकमा दुःखी भएर तापिएका छन् ॥१६॥

विद्या, उमेर, शरीर, मनपरेकी स्त्री र धनले उच्च भएका जो मानिस यस जगतमा छन् तिनीहरूले पूर्वजन्ममा जगदम्बिकाको आराधना गरेका रहेछन्, अरुले गरेनछन् भन्ने अनुमान हुन्छ ॥१७॥

जो रिस, लोभ, माद, कामना, बेहोस, रोष, मात्सर्य र शत्रुताका वश परेका र अज्ञानले ढाकिएका छन् तिनीहरूले प्रारब्ध कर्मले गर्दा जगदम्बिकाको आराधना गरेनछन् भनेर विद्वान्हरूले अनुमान गर्नुपर्छ ॥१८॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ये चापि काणबधिराःकरपादहीना विग्रा अनोष्ठविकृताऽऽकृतयोऽप्यपाङ्गाः ।
ये क्वापि केऽप्यनुदरम्भरयो विवस्त्रास्तैः पूर्वजन्मनि जगज्जननीडिता न ॥१९॥

ब्रह्मादयःसुरगणा अपि सिद्धिकामास्तामेव विश्वजननीं सततं भजन्ते ।
को वेत्ति शक्तिमहिमानमृते रमेशं विश्वेश्वरी परिचिता हि सुदर्शनेन ॥२०॥

स्वप्नेऽपि जाग्रति ददर्श पराम्बिकां तां सत्याशिषा सह वरायुधमर्पयन्तीम् ।
आनन्दमाप स यथा न तथा स्वराज्यलाभात् पुनः शशकिलारमणीविवाहात् ॥२१॥

भूभृत्सुबाहुतनयापि तमेव चित्ते सन्धाय कामपरिपीडितगात्रयष्टिः ।
नानोपचारचरणैरनिशं सखीभिः संसेविता कृशतरां स्वतनुं दधार ॥२२॥

संराधिता भगवती दृशमेत्य सुप्तौ प्रोवाच मानिनि ! सुदर्शन एष भर्ता ।
निर्दिश्यते तव कृते मम भक्त एव भक्ता त्वमप्यसि ययोर्भवतात् प्रसङ्गः ॥२३॥

पुत्री विवाहयिषते नु ममेति बुद्ध्वा राजा सुबाहुरपि निर्मितवान् सुमञ्चान् ।
इच्छास्वयम्वरकृते विविधप्रदेश्यानाकारयन्नृपसुताञ्छतशः स्वयोग्यान् ॥२४॥

जो मानिस काना, बहिरा, हात पाउ नभएका, नाक ओंठ नभएका, आकृति विग्रिएका, अपाङ्ग र कोही कहीं पनि पेटभर खान नपाएका वस्त्र नभएका छन् तिनीहरूले पूर्वजन्ममा देवीको स्तुति, पूजा नगरेका हुन् ॥१९॥

ब्रह्मादि देवगणहरूले सिद्धिको इच्छा भएमा ती जगज्जननीको वारम्वार भजन गर्दछन् । भगवान् विष्णु बाहेक कसैले पनि शक्तिको महिमा जान्दैनन् । त्यस्ती विश्वेश्वरीलाई सुदर्शनले राम्ररी चिनेका छन् ॥२०॥

सुदर्शनले स्वप्नमा र जागामा पनि आफूलाई राम्रा आशीर्वाद र श्रेष्ठ हतियार दिदैं गरेकी ती देवीलाई देखे । त्यस समयमा यस्तो आनन्द पाए जुन आफ्नो राज्य लाभ हुँदा अथवा शशिकला भन्ने सुन्दरीसंग विवाह गर्दा पनि पाएनन् ॥२१॥

त्यस्तै उता राजा सुबाहुकी छोरी शशिकलाले सुदर्शनलाई चित्तमा धारण गर्दा कामनाले शरीरमा पीडा पाएकी हुँदा संगिनीहरूले अनेक उपचारले रातदिन सेवा गर्दा पनि आफ्नो शरीरलाई दुब्लो बनाइन् ॥२२॥

कन्याले आराधना गरिएकी देवी भगवती सुतेको मौकामा अथवा स्वप्नमा दृष्टिमा आएर भन्नुहुन्छ 'हे मानिनि ! यी सुदर्शन तिम्रा पति हुन्, तिम्रा निमित्त निर्देश गरिन्छन्, सुदर्शन मेरा भक्त हुन्, तिमी पनि मेरी भक्तिनी छौ, तिमीहरूको संयोग होस् ॥२३॥

यता सुबाहु राजाले 'छोरीले विवाह गर्न चाहेकी छन्' भन्ने बुझेर इच्छास्वयम्वरका निमित्त राम्रा मञ्चहरू बनाए, देश देशका आफ्नो कुललाई सुहाउने शयौं राजपुत्रहरूलाई निमन्त्रणा गरे ॥२४॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बुद्ध्वा पितुःशशिकला मनसोऽभिलाषं कन्या सखीं प्रति जगाद नरोचते मे ।
पूर्वं मया सखि ! वृतःससुदर्शनोऽस्ति निदिष्ट एव जगदम्बिकया मदर्थे ॥२५॥

बद्धासनो हृदि ममास्ति सुदर्शनो हि सोऽयं वरोऽस्तु मनसापि परं न काङ्क्षे ।
ब्रूहि त्वमेत्य मम मातरमाशु कर्णे नाहं स्वयम्वरगृहे मनसापि यायाम् ॥२६॥

श्रुत्वा सखी वचनमित्थमुवाच गत्वा राज्ञीं स्वयम्वरमठे न सुता तवैति ।
यश्चित्रकूटशिखरे मुनिरक्षितोऽस्ति सोऽयं वरः शशिकलाहृदये निविष्टः ॥२७॥

श्रुत्वेतिवृत्तमखिलं प्रथमं जगाद कोऽयं वरः शशिकलाहृदये प्रविष्टः ।
राज्ञी नृपं समभिगत्य सुतेतिहासं सर्वं निवेदितवती रुदती यथार्थम् ॥२८॥

राजा तु विस्मितमनाः प्रहसञ्जगाद राज्याद् बहिष्कृतमपीच्छति किं वरार्थम् ।
बालोऽस्ति भाग्यरहितो बलकोषहीनो निर्वासितः सकलबन्धुभिरप्युपेक्ष्यः ॥२९॥

मात्रा सहैव विपिने निवसन् मुनीनां लालाटिकः शशिकलावरणे न योग्यः ।
युद्धे कलिङ्गनृपतिर्निहतो यदर्थं सोऽयं युधाजिदपि तं यतते निहन्तुम् ॥३०॥

छोरी शशिकलाले बाबुको इच्छा बुझेर संगिनीहरूसंग भनिन् "स्वयम्वर मलाई मन पर्दैन, अघि नै जगदम्बिकाले मेरा निमित्त निर्देश गर्नुभएको सुदर्शनलाई मैले वरण गरिसकें ॥२५॥

"मेरा मनमा सुदर्शनले आसन बाँधेर बसेका छन्, ती नै मेरा वर होउन्, अरुलाई त मनले पनि इच्छा गर्दिन । सखि ! तिमी जाऊ र मेरी आमाको कानमा यो कुरा भन कि म स्वयम्वर गर्ने कोठामा मनले पनि जाने छैन ॥२६॥

यस्तो वचन सुनेपछि संगिनीले रानीसंग गएर भनिन् 'महारानी ! हजुरकी छोरी स्वयम्वर मठमा आउँदिनन्, चित्रकूटको टाकुरोमा जो मुनिहरूले रक्षा गरिएका छन् ती नै वर शशिकलाको हृदयमा प्रवेश गरेका छन् ॥२७॥

यो इतिवृत्त सुनेर रानीले पहिले भनिन् -'कुन वरले शशिकलाका मनमा प्रवेश गर्‍यो ? ' अनि राजा संग गएर छोरीको सबै इतिहास यथार्थ रुँदै निवेदन गरिन् ॥२८।

दङ्ग परेका राजाले हाँस्दै भने -'राज्यबाट बहिस्कार भएकोलाई पनि पति बनाउन इच्छा गर्छे ? त्यो बालकै छ, भाग्य नभएको, फौज, धन ढुकुटी नभएको र सबै बन्धुहरूले पनि निकालिएको छ, त्यस्तालाई पनि हामीले कसरी छोरी दिऊँ ? ॥२९॥

'आमाका साथ वनमा बसेको, मुनिहरूको मुख ताक्ने त्यो (सुदर्शन) शशिकलाले वरण गर्न योग्य छैन । त्यसका निमित्त कलिङ्गका राजा मारिए अनि युधाजित् पनि त्यसलाई मार्न पयत्न गर्छन् ॥३०॥'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तस्मात् सुता परिणये न ससंभ्रमा स्यादिच्छास्वयम्वरविधौ वरयेत्ततोऽन्यम् ।
सन्त्यन्यदेशपरिपालकराजपुत्रा रूपान्विता बलयुताश्च समृद्धिमन्तः ॥३१॥

इच्छास्वयम्वरविधौ विधिवन्मयैव ह्याकारिता तव कृतेऽन्यवरं वृणीष्व ।
तद् गच्छ बोधय सुतां, महिषी निवृत्य पुत्रीसमीपमधिगत्य शनैरुवाच ॥३२॥

प्राणाधिकप्रियतमे ! नु पितापि पुत्रि ! श्रुत्वा हठं तव दुनोति मनस्यतीव ।
शास्त्रं पिताऽभिलषते पठितः स नास्ति वित्तैषिणी तु जननी न तदस्ति तस्य ॥३३॥

यस्ते वृतोऽस्ति मनसा स तु राज्यहीनस्त्यक्तो जनैरपि धनैरपि पुत्रि ! दीनः ।
नैवाश्रयः स्वसुहृदां स पराश्रितोऽस्ति नैतादृशं वरमवाप्य सुखीयसि त्वम् ॥३४॥

अस्यानुजः सुमुखि ! सुन्दरताऽऽकरोऽस्ति नाम्ना स शत्रुजिदिति प्रथितो गुणाढ्यः ॥
राज्यं करोति पितुरुत्तरकोसलस्य तं वा वृणीहि न सुदर्शनमर्थहीनम् ॥३५॥

अन्यच्च पुत्रि ! शृणु तं विनिहन्तुकामो राजा युधाजिदतिनिष्ठुर एव शत्रुः ॥
अत्राजगाम हननाय मुनेः समीपे नाददृषिः स मुनिशापभयान्निवृत्तः ॥३६॥

"त्यसकारण छोरीले विवाह विषयमा हडबड नगरोस्, इच्छा स्वयम्वरमा अर्केलाई वरणी गरोस्, अरु देशका राजपुत्रहरू राम्रा, बलिया र सम्पन्न पनि छन् " ॥३१॥

इच्छा स्वयम्वर गर्नको लागि तिम्रा निमित्त विधिपूर्वक राजपुत्रहरू बोलाएको छु, अर्के राजालाई वरणी गर "जाऊ र छोरीलाई यो कुरा बुझाऊ" भनी राजाले भने । त्यसपछि रानी फर्केर छोरीसंग सुस्त भनिन् "प्राण भन्दा प्यारी पुत्रि ! तिम्रो हठ सुनेर बुवाले अति नै चित्त दुखाउनु भएको छ, बुबाले पढेको खोज्छन्, त्यसले पढेको छैन, आमाले धनको इच्छा गर्छन्, त्यसको धन कत्ति छैन ॥३२-३३॥'

"हे सुमुखि ! तिम्रा मनले जसलाई वरण गरेकी छौ त्यो त राज्यहीन, धन जन रहित, गरीव छ, आफ्ना इष्टलाई आश्रय दिन सक्दैन, अर्केको आश्रय गरेको छ, त्यस्तो वर पाएर तिमी सुखी हुँदिनौ । तिनको भाइ सुन्दरताको खानी छ, शत्रुजित् भन्ने नामले प्रख्यात छ, गुणी छ, अयोध्यामा आफ्ना बाबुको राज्य गरेको छ, अथवा तिनैलाई वरणी गर, गरीव सुदर्शनलाई वरणी नगर ॥३४-३५॥ "

हे पुत्रि ? अर्को कुरा सुन, तिनलाई मार्न खोज्ने निष्ठुर शत्रु युधाजित् राजा छन्, यहाँ मार्न भनेर ऋषिका नगीचमा आएका थिए ऋषिले दिनु भएन, मुनिले श्राप गर्छन् कि भन्ने डरले फर्के ॥३६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रुत्वा तद्वचनमनल्पभावयुक्तं
कन्या साऽथ शशिकला जगाद वाक्यम् ।
मातर्मन्मनसि समीप्सितोऽबलोपि
निर्दिष्टो भवतु पराम्बिकाप्रसादात् ॥३७॥

ज्ञात्वा तत् करुणार्द्रया प्रकथितं मात्रा गभीरं वचः
स्वप्ने श्रीजगदम्बया शशिकला सम्बोधिताऽऽसीत् पुरा ॥
निर्भीकेन हृदा जगाद वचनं मातर्न भीतिर्मयि
कर्तव्या, जगदम्बिका हृदि धृता साऽऽवां सुरक्षिष्यति ॥३८॥

इति श्रीभीमकान्तकविविरचिते जगदम्बिकावैभवकाव्ये
शशिकलाया अवस्था सुबाहुराजस्य चिन्ता नाम पञ्चमः सर्गः ॥५॥

धेरै अभिप्रायले युक्त आमाको वचन सुनेर शशिकलाले भनिन् -"आमा ! मेरा मनमा इच्छा भएको र जगदम्विकाको प्रसादबाट निर्देश गरिएको, निर्बल नै भएपनि त्यही सुदर्शन मेरो वर होस् ॥३७॥ "

दयाले मनभिजेकी आमाले यस्तो गम्भीर वचन भनेको जानेर पहिले स्वप्नमा जगदम्विकाले निश्चित पारिदिएकी हुनाले शशिकलाले निर्भीक मनले भनिन्- 'आमा ! मेरा विषयमा डर मान्नुपर्दैन, जगदम्बिकालाई हृदयमा राखेकी छु, उनैले हामी दुईलाई रक्षा गर्ने छन् ॥३८॥"

यस 'जगदम्बिकावैभव' काव्यको (नेपाली अनुवाद) पाँचौं सर्ग पूरा भयो ॥५॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

षष्ठः सर्गः

पुनः शशिकला प्राह मातर्मम हृदि स्थितः ।
नापयाति वनस्थोऽपि तमिमं न कथं भजे ॥१॥

यदि दीनोऽस्त्यनर्थोऽस्ति राज्यान्निष्कासितोऽस्तिवा ।
तमेव सर्वदा सेवे सुकन्या च्यवनं यथा ॥२॥

भर्तुः शुश्रूषणं स्त्रीणां सर्वदेवार्चनादपि ।
तत्प्रशस्ततरं मन्ये स्वर्गदं मोक्षदं च यत् ॥३॥

यः स्वप्ने भगवत्या मे तव योग्योऽस्त्ययं वरः ।
इत्युक्त्वायं वरो दत्तो मच्चित्ते लिखितस्ततः ॥४॥

देवता मर्त्यमुद्दिश्य यद्द्याद्यच्च वा हरेत् ।
तदेव भाग्यमित्युक्तं मद्भाग्येनार्पितो भवेत् ॥५॥

यादृशस्तादृशो वाऽस्तु तमृते ऽन्यं न संश्रये ।
इत्यादिवचनैः साध्वी मातरं सा न्यवर्तयत् ॥६॥

शशिकलाले फेरि भन्छिन् -'आमा ! वनवासी भए तापनि उनी मेरा हृदयमा बसेका छन्, हट्दैनन्, त्यस्तालाई कसरी न भजूँ ? ॥१॥

दुःखी, निर्धन भए पनि, राज्यबाट हटाइएको भए पनि सुकन्याले च्यवनलाई झैं तिनैलाई सेवा गर्छु ॥२॥

स्त्रीले सवै देवताको सेवा गर्नु भन्दा पतिको सेवा गर्नु नै श्रेष्ठ ठान्दछु जसबाट स्वर्ग र मोक्ष पनि मिल्दछ ॥३॥

भगवतीले स्वप्नमा तिमीलाई योग्य वर यही छ भनेर वर दिनु भयो त्यसै कारण उनी मेरा चित्तमा लेखिएका हुन् ॥४॥

देवताले मानिसलाई जे दिन्छन्, जे हर्दछन् त्यसलाई भाग्य भनिएको छ । मेरा भाग्यले दिइएका होलान्, जस्तो तस्तो भए पनि तिनलाई छाडेर अर्कोलाई वरण गर्दिन' इत्यादि वचनले आमालाई फर्काइन् ॥५-६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राज्ञी गत्वा स्वभर्तारं पुत्र्युक्तं सर्वमादितः ।
वृत्तान्तं कथयामास राजा खिन्नस्ततोऽभवत् ॥७॥

विवाहदिवसात् पूर्वमाप्तमेकं श्रुतं द्विजम् ।
रहस्येकाकिनी प्राह मातापित्रोरजानतोः ॥८॥

भरद्वाजाश्रमं गच्छ केनाप्यन्यमिषेण भोः ।
तत्र स्थितं राजपुत्रमिदं ब्रूहि सुदर्शनम् ॥९॥

मम प्रतिनिधिर्भूत्वा यथा मे रोचते तथा ।
वार्ता अवसरस्यानुसारान्निर्माय काश्चन ॥१०॥

राजपुत्र ! मदर्थं मे पित्रारब्धः स्वयंवरः ।
न मया पूर्वमेतत्तु ज्ञातं पश्चाच्छ्रुतं ततः ॥११॥

मदर्थे राजपुत्रास्तु ह्यागमिष्यन्त्यनेकशः ।
परं मम स्वान्तभित्तौ देव्या त्वं लिखितोऽसि भोः ॥१२॥

त्वां विहाय परं नान्यं वरये प्रेरितापि कैः ।
मनसा कर्मणा वाचा वृतस्त्वं हि वरो मम ॥१३॥

रानीले आफ्ना पतिसंग गएर छोरीले भनेको वृत्तान्त शुरुदेखि सबै बताइन् त्यसले राजा खिन्न भए ॥७॥

विवाहको दिन भन्दा पहिले शशिकलाले एउटा पढेको विश्वासी बाहुनलाई एक्लै एकान्तमा बाबु आमाले थाहा नपाउने गरी भनिन् ॥८॥

'हे ब्राह्मणजी ! कुनै निहुँले भरद्वाज मुनिका आश्रममा जानुहोस् र त्यहाँ वसेका सुदर्शनलाई मेरो प्रतिनिधि भएर जसरी मलाई रुचाउँछन् त्यसरी अवसर अनुसार मिलाएर यी कुरा गर्नुहोस् ॥९-१०॥

"राजपुत्र ! मेरा निमित्त मेरा बुबाले स्वयम्वरको व्यवस्था गर्नुभएको रहेछ, मैले पहिले थाहा पाइन, पछि मात्र सुनें ॥११॥

मेरा निमित्त अनेक राजपुत्रहरू आउने छन् किन्तु मेरा भित्री मनमा जगदम्बिकाले हजुरलाई लेखिदिनु भएको छ ॥१२॥

हजुरलाई छाडेर कसैले प्रेरणा गरे पनि अर्कोलाई वरण गर्ने छैन, मनले, वचनले र कर्मले तपाइँलाई वरण गरेकी छु, तपाइँ मेरा वर हुनुहुन्छ ॥१३॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अन्यथा यदि जायेत विषमद्मि म्रियेऽन्यतः ।
जगदम्बाप्रसादात्तु शर्मावाभ्यां भविष्यति ॥१४॥

भगवत्या कृतं सर्वं मिथ्या तन्न भविष्यति ॥
न भेतव्यं नृपेभ्योऽपि देवी रक्षां करिष्यति ॥१५॥

गत्वा द्विजश्चित्रकूटं निविवेद सुदर्शनम् ॥
यद्यच्छशिकला प्राह तत्तद्वृत्तान्तमादितः ॥१६॥

सुदर्शनोऽपि तच्छ्रुत्वा गन्तुकामोऽभवत्तदा ॥
विमृश्य द्विजवाक्यानि स्मरन् देव्या वरं तथा ॥१७॥

तमुद्यतं समालोक्य वेपमाना भयातुरा ॥
माता जगाद तनयं दयापूर्णा मनोरमा ॥१८॥

कुत्र गच्छसि पुत्र ! त्वं भूभृतां बलसन्निधौ ॥
एकाकी निर्बलो बालो मां विहाय निराश्रयाम् ॥१९॥

ममाश्रयस्त्वमेवासि नान्यः कश्चन रक्षकः ॥
अपरं शृणु मे वाक्यं युधाजिन्नृपतिः स्वयम् ॥२०॥

येन मे निहतस्तातो ह्यपराधं विनापि च ॥
तत्रागत्य स्वदौहित्रकृते त्वां हन्तुमिच्छति ॥२१॥

यस कुरामा अन्यथा भयो भने विष खानेछु अथवा अन्य उपायबाट मर्नेछु, । तर जगदम्विकाको प्रसादबाट हामीलाई कल्याण हुनेछ ॥१४॥

यो सबै कुरा भगवतीले नै गरेको हो त्यो भूट हुने छैन । राजाहरूबाट पनि डराउन पर्दैन, देवीले रक्षा गर्नुहुनेछ ॥१५॥

ब्राह्मण चित्रकूटमा गएर शशिकलाले जे जे भनेकी थिइन् त्यो सम्पूर्ण वृत्तान्त शुरुदेखि सुदर्शनलाई निवेदन गरे ॥१६॥

सुदर्शनले त्यो वृत्तान्त सुनेर ब्राह्मणका वचनलाई विचार गरी देवीले दिएको वरदान पनि संझदै जाने इच्छा गरे ॥१७॥

जान आँटिको सुदर्शनलाई देखेर डरले आत्तिएकी थर थर काँप्दी र दयाले मनपूर्ण भएकी मनोरमाले छोरालाई भनिन् ॥१८॥

हे पुत्र ! तिमी कहाँ जान्छौ ? एकलो, बालक, बल फौज नभएको, अर्को आश्रय नभएकी मलाई छाडेर राजाहरूका फौजका नजीकमा जान्छौ ? ॥१९॥

मेरो आश्रय तिमीमात्र हौ, रक्षा गर्ने अर्को कोही छैन । अर्को कुरा सुन, राजा युधाजित् जसले मेरा बाबुलाई विना अपराध मारिदियो त्यो आफै त्यँहा आएर आफ्नी छोरीका छोराका निमित्त तिमीलाई मार्ने इच्छा गर्छ ॥२०-२१॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इत्यादिवचनै राज्ञी पुत्रं रोद्धुं समिच्छति ।
सुदर्शनस्तु तत्राह मातरं प्रति युक्तितः ॥२२॥

मातर्मा कुरु सन्देहं क्षत्रियोऽस्मि स्वयम्वरे ।
गच्छामि राजसन्दोहं द्रक्ष्यामि नैव सन्दिहे ॥२३॥

स्वप्ने मदिष्टदेव्याहमादिष्टोऽस्मि निरन्तरम् ।
तत्र गच्छ तवोद्वाहो भविष्यति ममाज्ञया- ॥२४॥

त्वामेव वृणुते कन्या विहायान्यान्नृपात्मजान् ।
इत्यादिवचनैर्देव्या न बिभेम्येकलोऽप्यहम् ॥२५॥

इति मातरमाज्ञाप्य गन्तुमारुरुहे रथम् ।
मातापि देव्याः कवचैराशीर्भिः समयोजयत् ॥२६॥

तथापि निर्भया नासीत् सह गन्तुं समैहत ।
शङ्कयित्वा भयं तत्र पुत्रं प्रति युधाजितः ॥२७॥

जगाद पुत्रं सा राज्ञी त्वां विना क्षणमप्यहम् ।
अत्र स्थातुं न शक्नोमि नय मां यत्र गच्छसि ॥२८॥

यस्ता वचनले रानीले छोरालाई रोक्ने कोशिस गर्छिन् तर सुदर्शनले आमालाई युक्तिसित भन्दछन् -॥२२॥

"आमा ! सन्देह नगुर्नहोस् म क्षत्रिय हुँ, स्वयम्वरमा जान्छु राजाहरूको समूहलाई देख्नेछु, सन्देह गर्दिन । स्वप्नमा मेरी इष्टदेवीले वारम्वार भन्नु भएको छ कि 'त्यहाँ जाऊ तिम्रो विवाह मेरा आज्ञाले राजपुत्रीसित हुनेछ, अरु राजपुत्रहरूलाई छाडेर कन्याले तिमीलाई नै वरण गर्नेछिन्' इत्यादि देवीका वचनबाट एकलो भए पनि म डराउँदिन ॥२३ -२५॥

यसरी सुदर्शनले आमासंग आज्ञा मागेर जानको लागि रथमा चढे । आमाले पनि देवीका वचनले र आशीर्वादले युक्त गराइन् ॥२६॥

त्यसले पनि उनी निर्भय भइनन्, छोराका प्रति युधाजित्‌बाट डरको शङ्का गरेर संगै जाने इच्छा गरिन् ॥२७॥

अनि छोरालाई भनिन् -'तिमी विना यहाँ एकछिन पनि बस्न सक्दिन, जहाँ जान्छौ मलाई पनि उहीं लैजाऊ ॥२८॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इत्येवमुक्त्वा मातापि निर्जगाम सचेटिका ।
आशिषः प्राप्य विप्रेभ्यो निर्जग्मुः सहसा त्रयः ॥२९॥

वाराणसीं पुरीं प्राप्य सुबाहुसदनं गताः ।
तेन भूपतिना दृष्टः पूजितः परमर्द्धिभिः ॥३०॥

गृहवासोऽन्नपानाद्यैः परिचारकसेवनैः ।
अन्यान्यदेशाद्राजानः स्वयम्वरनिमन्त्रिताः ॥३१॥

तुष्टाः समाययुः सर्वे युधाजिदपि भूपतिः ।
सदौहित्रः समायातः सेनाभिः परिवेष्टितः ॥३२॥

हस्त्यारूढाः नृपाः केचित् केचित्स्यन्दनसंश्रिताः ।
अश्वारूढाः परे चान्ये नरवाह्याः समागमन् ॥३३॥

तेषामक्षौहिणीसंख्या त्रिषष्टिरभ्यगण्यत ।
पुरी वाराणसी सैन्यैर्वेष्टितेवाध्यशोभत ॥३४॥

अथ राजसुताः सर्वे सायुधाः सपरिच्छदाः ।
सुदर्शनं विलोक्याहुः परस्परमिदं वचः ॥३५॥

यति कुरा भनेपछि सुसारे केटीलाई साथमा लिएर आमा पनि निस्किन्, ब्राह्मणहरूबाट आशीर्वाद पाएर तीन जना नै निस्के ॥२९॥

काशी नगरीमा पुगेपछि सुबाहु राजाको दरबारमा गए, राजाले देखे पछि प्रशस्त ऐश्वर्यले वास व्यवस्था, कपडा, अन्न, पानी आदिले र परिचारकद्वारा सेवाले सत्कार गरे । स्वयम्वरमा निमन्त्रणा गरिएका राजाहरू अन्य अन्य देशहरूवाट पनि खुशी साथ सवै आए, सेनाहरूले घेरिएका युधाजित् राजा पनि आफ्ना नातीका साथ त्यहाँ आए ॥३०-३२॥

कुनै राजा हात्तीमा चढेका, कुनै वग्गीमा, कुनै घोडामा, कुनै मानिसले वोक्ने शिविकामा आए । तिनीहरूको सेनाको संख्या त्रिसट्ठी अक्षौहिणी गनियो । काशी पुरी सेनाले घेरिए जस्ती भएर सुहाइन् ॥३३-३४॥

त्यसपछि हातहतियार लिएका सवै राजपुत्रहरूले सुदर्शनलाई देखेर आ-आफुमा यसो भन्छन् -॥३५॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एकाकी विकलश्चायं मात्रा सह समागतः ।
नास्य सैन्यबलं कोषो नायुधं न च वाहनम् ॥३६॥

एतान्नृपसुतान् हित्वा कन्यैनं किं वरिष्यति ।
एषां श्रुत्वा वचो राजा युधाजिदिदमब्रवीत् ॥३७॥

यद्येषा राजतनया वरयेत सुदर्शनम् ।
हत्वैनं मम दौहित्रं ग्राहयामि बलादपि ॥३८॥

इत्थं ब्रुवति भूपाले युधाजिति न सङ्गतम् ।
केरलाधिपती राजा जगाद नृपसंसदि ॥३९॥

राजन् ! युद्धं न कर्तव्यमस्मिन्निच्छास्वयम्वरे ।
स्वयम्वरस्तु कन्याया इच्छयैव बलान्न हि ॥४०॥

पूर्वं त्वयाप्यसौ राज्याद् विनिष्कास्य प्रवासितः ।
युद्धे मातामहोऽप्यस्य ह्यन्यायेनैव मारितः ॥४१॥

राज्यमस्य स्वदौहित्रे बलेन भवताऽऽहृतम् ।
कोऽस्यापराधो येनेत्थं हनिष्यसि निरागसम् ॥४२॥

'एक्लो सुदर्शन आमाका साथमा आएको छ, यसका सैनिक बल, ढुकुटी, हतियार तथा वाहन केही छैनन् । यिनी राजपुत्रहरूलाई छोडेर कन्याले के यसलाई वरण गर्लिन् ?" यिनीहरूका कुरा सुनेर युधाजित्ले यसो भने -'यदि यिनी कन्याले सुदर्शनलाई वरण गरिन् भने यसलाई मारेर मेरा नातीका साथ जवर्दस्त विवाह गराउँछु ॥३६-३८॥

राजा युधाजित्ले यस्तो असङ्गत कुरा भन्दै गरेको समयमा केरल देशका राजाले राजाहरूको सभामा यसो भने-॥३९॥

"राजन् ! यो इच्छा स्वयम्वरमा युद्ध गर्नु हुँदैन, स्वयम्वर त कन्याको इच्छाले मात्र हुन्छ, बलले हुँदैन ॥४०॥

पहिले पनि तपाईंले यिनलाई राज्यबाट निकालेर भगाउनु भयो, यिनका मातामहलाई पनि युद्धमा अन्यायले मार्नुभयो, यिनको राज्यलाई बलपूर्वक छिनेर आफ्ना दौहित्रलाई दिनुभयो, यिनको के अपराध छ र यसरी यिनलाई मार्नुहुन्छ ॥४१-४२॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

किं तवापि च दौहित्रो विरूपो निर्गुणोऽथवा ।
कन्या तमेव वरयेद् यदि कस्याप्यमर्षणम् -॥४३॥

न भविष्यति, राजेन्द्र ! विवादं चाद्य मा कुरु ।
धर्म एव तथा सत्यं जयी भवति सर्वदा ॥४४॥

अधर्मश्च तथाऽसत्यं विजयी न कदाचन ।
तस्मात्पापं तथाऽन्याय्यं न कार्यमिति मे मतिः

इत्थं ब्रुवत्यभयवक्तरि केरलेशे
रक्तेक्षणः सुकुपितः सहसा युधाजित् ॥
पश्यन्नितो नृपसभां सितकोणदृष्टचा
तं रक्तकोणनयनेन नृपं त्वभाणीत् ॥४६॥

इति श्रीभीमकान्तकविविरचिते जगदम्बिकावैभवकाव्ये
केरलेशकर्तृकयुधाजिद्भर्त्सनं नाम षष्ठः सर्गः ॥६॥

हे राजेन्द्र ! तपाईको नाती रूपै नभएका भए पनि, गुणै नभएका भए पनि यदि कन्याले तिनैलाई वरण गरिन् भने कसैको द्वेष हुनेछैन । तर आज त्यस विषयमा विवाद नगर्नुहोस् । धर्म र सत्य मात्रै सदा सर्वदा विजयी हुन्छ, अधर्म र असत्य कहिल्यै पनि विजयी हुँदैन । त्यसकारण पाप र अन्याय गर्नु हुँदैन भन्ने मेरो विचार छ ॥४३-४५॥

यसरी अभयसाथ केरलका राजाले भनेपछि रिसाएर राता आँखा गराएका युधाजित् राजाले राजसभापट्टि सेता आँखा गराएर छड्के नजर लगाउँदै तथा केरलका राजापट्टि राता आँखा गराएर छड्के नजरले हेर्दै ती राजालाई भन्न थाले । ४६

यस 'जगदम्बिकावैभव' काव्यको (नेपाली अनुवाद) छैठौं सर्ग पूरा भयो ॥६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सप्तमः सर्गः

अथानन्तरं तूज्जयिन्याः क्षितीशो नृपाणां समाजेऽब्रवीत् केरलेशम् ।
महाराज ! नीतिर्न चैषा विभाति बलिष्ठेषु सत्स्वेव नान्यो वहेत्ताम् ॥१॥

कदाचिच्छृगालो मृगेन्द्रस्य भागं ग्रहीतुं न योग्यो भवत्येव सत्यम् ।
तथेयं वरा कन्यका दुर्बलस्यात्यनर्हा भवित्री बलिष्ठेषु सत्सु ॥२॥

बलं ब्राह्मणानां श्रुतिः क्षत्रियाणां बलं चाप एवार्यजातेस्तु वित्तम् ।
तथैवं सति क्षत्रियो यो बलिष्ठः स एव प्रगृह्णातु कन्याललाम ॥३॥

यदीयं वरा कन्यका कान्तमन्यं वृणीते न तस्मिन् मदीयोऽस्त्यमर्षः ।
कदाचित्तु सा शत्रुजिच्छत्रुमेनं वृणीयात्तदा तं हनिष्यामि सत्यम् ॥४॥

बलात् कन्यकां शत्रुजिद्धस्तयातां करिष्यामि सेयं प्रतिज्ञा मदीया ।
इतीमां युधाजित्प्रतिज्ञां निशम्य सुबाहुं समाकार्य चोचुः क्षितीशाः ॥५॥

त्यसपछि उज्जयिनीका राजा युधाजित्‌ले राजाहरूको समाजमा केरलका राजालाई भने -'राजन् ! यस्तो नीति ठीक छैन जुन कि बलिष्ठहरू हुँदा हुँदैं निर्बलले ती कन्यालाई विवाह गर्न सक्दैन । जस्तै स्यालले सिंहको भाग लिन उचित हुँदैन त्यस्तै अरु बलवान् पुरुष हुंदाहुंदैं यी श्रेष्ठ कन्यालाई दुर्वलले विवाह गर्न योग्य हुँदैन ॥१-२॥ '

'ब्राह्मणको बल वेद हो, क्षत्रियको बल धनु हो र वैश्यको बल धन हो । यस्तो भएपछि क्षत्रियमा जो बलवान् छ उसैले यी कन्यारत्नलाई ग्रहण गरोस् । ' ॥३॥

'यदि यी श्रेष्ठ कन्याले अर्कै पुरुषलाई वरण गर्छिन् भने त्यसमा मेरो केही रिस छैन, कथञ्चित् शत्रुजितको शत्रु यो सुदर्शनलाई वरण गरिन् भने त्यसै वेला त्यसलाई मार्नेछु, यो साँचो प्रतिज्ञा हो झूटा हुनेछैन ॥४॥'

अनि बलैले यी कन्यालाई शत्रुजित्‌का हातमा पार्नेछु । यो मेरो हठ प्रतिज्ञा छ ।' युधाजित्‌को यस्तो प्रतिज्ञा सुनेर अरु राजाहरूले सुबाहु राजालाई बोलाएर भन्छन् ॥५॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महाराज ! कस्मै सुतां दित्ससि त्वं तदर्थं नृपाणां भवेद् वैरभावः ।
तदाकर्ण्य राजा सुबाहुर्जगाद सुता मे भरद्वाजऋष्याश्रमस्थम्- ॥६॥

नृपस्यात्मजातं सुनेत्राभिधानं च्युतं राज्यसम्पत्तितस्तं वृणोति ।
मया नैकधा वारिता सापि मात्रा न प्रत्येति वाक्यं पितुश्चापि मातुः ॥७॥

सुता यं वृणीते मया तेन सार्धं विवाहो विधेयो बली वा वराकः ।
नृपस्येदृशं वाक्यमाकर्ण्य भूपाः सुनेत्रं समाकार्य चैकान्त आहुः ॥८॥

महाराजपुत्र ! त्वयैकाकिना किं समागम्यते भूभृतामत्र सङ्घे ।
न ते दृश्यते सैन्यवृन्दं न मन्त्री न वीर्यं न कोषो न वा त्वं वलिष्ठः ॥९॥

यदस्मिन् समाजे नृपा युद्धकामा विचारेण जानीमहे कन्यकार्थे ।
तवैवानुजः शत्रुजिन्नाम नूत्नो नृपः सैन्यकैः सार्धमत्रागतोऽस्ति ॥१०॥

तदस्मिन् सहायं विधातुं युधाजित् पुरैवात्र जिघृक्षयैवागतोऽस्ति ।
त्वमागच्छ वा गच्छ वास्माकमस्ति न हानिर्न लाभो यथार्थं वदामः ॥११॥

"महाराज ! तपाईंले छोरी कसलाई दिन खोज्नु भएको छ, कन्याका निमित्त राजाहरूको ठूलो वैरभाव हुने संभावना छ ।" यो कुरा सुनेर सुबाहु राजा भन्छन् "मेरी छोरीले भरद्वाज मुनिका आश्रममा भएको, राज्य सम्पत्तिबाट च्युत भएको, सुदर्शन नाम भएको युवक, राजाको छोरालाई वरण गर्छे, मैले धेरै पटक रोकें, अनि आमाले पनि रोक्दा बाबु-आमाको भनाइलाई पत्यार मान्दिन ॥६-७॥ "

'छोरीले जसलाई वरण गर्छे उसै साथ विवाह गरिदिने हो, चाहे बलवान् होस्, चाहे विचरा होस् ।' सुबाहु राजाको यस्तो वचन सुनेर राजाहरूले सुदर्शनलाई बोलाएर एकान्तमा भन्दछन्-"हे राजपुत्र ! तिमी एक्लै यो राजाहरूको समूहमा किन आयौ ? तिम्रो सैनिकको समूह पनि देख्दिन, न मन्त्री छन्, न पराक्रम छ, न धनको कोष छ, न तिमी बलवान् छौ । ॥८-९॥

"यस समाजमा विचार गर्दा कन्याका निम्ति युद्ध गर्न खोज्छन् भन्ने जान्दछौं, तिम्रै भाइ शत्रुजित् भन्ने नयाँ राजा सेनाहरूलाई साथमा लिएर यहीं आएका छन् ॥१०॥"

"अगाडि नै तिमीलाई पक्डिएर शत्रुजित्लाई सहायता गर्न पहिले नै युधाजित् यहाँ आएका छन्, तिमी आऊ अथवा जाऊ हामीलाई हानि लाभ केही पनि छैन, यथार्थ कुरा भन्छौं ॥ ११॥ "

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कृपामात्रदृष्ट्या विसैन्ये यदुक्तं हितायैव ते त्वं यथेष्टं कुरुष्व ।
नृपाणां हितं स्वं समाकर्ण्य वाक्यं स तेषामिदं चोत्तरं प्राह बालः ॥१२

न मे भीमसैन्यं न मित्रं न दुर्गः सहायो बलं वा न मे रक्षकोऽस्ति ।
स्वयं कन्यका कान्तमेकं वृणीते समाकर्ण्य तद् द्रष्टुकामः समेतः ॥१३॥

ममान्या चिकीर्षा न काप्यस्ति भूपाः परं स्वप्न एवाम्बया प्रेरितोऽस्मि ।
तया यद्धितं वाऽहितं वा मनुष्ये कृतं तद् भवेद् भाग्यमित्युच्यतेऽपि ॥१४॥

न शत्रुर्न मित्रं समो वा न कोऽपि भवानीं तु सर्वत्र पश्याम्यहन्तु ।
मया यो रिपुत्वं करोति स्वयन्तु तमेषा प्रशासिष्यतीत्येव जाने ॥१५॥

अतोऽहं तु यद्यद्भविष्यं भवेत्तन्न यद्यच्च भाव्यं न तत्संभवेच्च ।
इतीत्थं ममास्मिन् हृदीषन्न चाल्यं दृढत्वं निविष्टं कथं तत्र चिन्ता ॥१६॥

यदेषां सुराणां तथा मानुषाणां नृपाणां तथा दानवानां पशूनाम् ।
दरीदृश्यते शक्तिरेषा भवानी न शक्ताः स्वयं ब्रह्मरुद्रादयोऽपि ॥१७॥

"सेना नभएकालाई दया गरेर जुन भन्यौं त्यो तिम्रा हितका लागि हो, तिम्रो इच्छा जे छ सोही गर ।" राजाहरूको आफूलाई हित हुने कुरा सुनेर तिनीहरूलाई सुदर्शनले उत्तर गरे ॥१२॥

"मेरो डरलाग्दो सैन्य, मित्र,गढी, सहायक, वल, रक्षक कोही पनि छैनन् । कन्याले आफै एउटा सुन्दर पुरुषलाई वरण गर्छिन् भन्ने सुनेर त्यही देख्नका निमित्त आएको हुँ ॥१३॥

"राजा हो ! मेरो अरु केही गर्ने इच्छा छैन, किन्तु स्वप्नमा जगदम्बाले प्रेरणा गर्नु भएको छ, वहाँले मानिसका प्रति हित वा अहित जे गर्नुहुन्छ त्यस कुरालाई भाग्य भनिन्छ ॥१४॥"

"मेरो शत्रु , मित्र वा सम कोही छैन, मैले सर्वत्र जगदम्बालाई देख्छु मेरा साथ जसले आफै शत्रुता गर्छ त्यसलाई भवानीले दण्ड दिनुहुनेछ भन्ने जानेको छु ॥१५॥ "

"यस कारण भविष्य जे हुनुपर्ने हो त्यो भएरै छाड्छ, जो नहुनुपर्ने हो त्यो हुनेछैन, मेरा हृदयमा यस्तो कत्ति न डग्ने दृढता छ भने त्यसमा चिन्ता कसरी होस् र ? ॥१६॥

'यिनी देवताहरूको, त्यस्तै मनुष्यको, राजाको, दैत्यको र पशुको जुन शक्ति देखिन्छ त्यो शक्ति भन्नु नै जगदम्बिका हुन् । ब्रह्मा, रुद्र आदि पनि स्वतः शक्तिमान् छैनन्, किन्तु उनै देवी शक्ति हुन् ॥१७॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अशक्तस्त्वमित्थं भवद्भिर्निरुक्तो न मे शक्तिरस्ति स्वतः किन्तु सैव ।
तदीयाज्ञयैवागतोहं मदर्थे न चिन्ता भवद्भिर्विधेया कदाचित् ॥१८॥

जये वापि हानौ न मे तत्र लज्जा यतस्तद्विधेयोऽस्मि तस्यास्तु लज्जा ।
इतीत्थं सजोषं नृपाणां समाजे बभाषे नृपास्तत्समाकर्ण्य चोचुः ॥१९॥

त्वयोक्तं न मिथ्याऽखिलं सत्यमेव तथाप्युज्जयिन्याः पतिस्ते जिघांसुः ।
अतस्त्वां वदामो विचारेण कार्यं भवान् बुद्धिमान् शक्तिभक्तोऽस्ति धन्यः ॥२०॥

नृपाणां वचोऽन्ते पुनः प्राह बालो भवद्भिः कृपाऽकारि सौहार्दवद्भिः ।
ममेदं विभाति क्वचित्केनचिद् वा न मृत्युर्भवेत्कस्यचिद् वा समर्थः - ॥२१॥

विना कर्म, तच्च त्रिधोक्तं मुनीन्द्रैः समारब्धकं सञ्चितं वर्तमानम् ।
न देवोपि हन्तुं मनुष्यं समर्थो निमित्तं विना सोऽपि कालोऽसमर्थः ॥२२॥

पितुर्मे निमित्तं मृगेन्द्रो बभूव युधाजिन्निमित्तं च मातामहस्य ।
अनेकैः प्रयत्नैः सदा रक्षितोऽपि गृहेऽपि म्रियेत स्वयं प्राप्तकालः ॥२३॥

वने निर्जने कैर्विसृष्टोऽपि दीनः स्वमायुर्भजेद्यावदास्ते स जीवन् ।
युधाजिन्नृपेन्द्रादहं नो बिभेमि समायाम्यशङ्कं नृपाणां समाजे ॥२४॥

हजुरहरूले 'अशक्त, तिमी' भनेर जो भन्नुभयो, मेरो शक्ति केही छैन, किन्तु वहाँ नै हुनुहुन्छ, देवीका आज्ञाले म यहाँ आएको छु, यहाँहरूले कहिले पनि चिन्ता गर्नु पर्दैन ॥१८॥

"जिते पनि हारे पनि मलाई लाज छैन, किन कि म जगदम्बाको वशवर्ती छु वहाँलाई नै लाज होला।" यस्तो कुरा सुदर्शनले जोशका साथ राजाको समाजमा भने र त्यो कुरा सुनेर राजाहरूले फेरि भने ॥१९॥

"तिमीले भनेको कुरा झूटा होइन, सवै सत्य हो, तैपनि उज्जयिनीका राजा तिमीलाई मार्न इच्छुक छन्, यसैकारण तिमीलाई भन्दछौं तिमी बुद्धिमान् र शक्तिको भक्त पनि छौ, धन्य छौ, तर काम भने विचार गरेर गर्नुपर्छ ॥२०॥

"राजाहरूको भनाइ सकिएपछि सुदर्शनले फेरि भन्छन्- 'हजुरहरूले दया गरी मित्र संझेर भन्नुभयो तर मलाई यस्तो लाग्छ –कर्म विना कहीं कसैको मृत्यु गर्न काल पनि समर्थ छैन। कर्म पनि प्रारब्ध, सञ्चित र वर्तमान गरी मुनिहरूले तीन प्रकारको बताएका छन्। निमित्त नभई मानिसलाई मार्न देवता र त्यो काल पनि समर्थ छैनन् ॥ २१, २२॥"

'मेरा पिताजीको मृत्युमा सिंह निमित्त भयो, मातामहको मृत्युमा युधाजित् निमित्त भए। अनेक प्रकारले सधैं रक्षित पनि, घरैमा पनि, काल आएपछि स्वयं मर्दछ। निर्जन वनमा कसैले लगेर छाडिदिए पनि, दुःखी भए पनि, आफ्नो आयु छँदा सम्म जीवित रहन्छ। म राजा युधाजित् देखि डराउन्न, राजाको समाजमा निशङ्क भएर आएको छु ।'॥२३, २४॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सदा चण्डिकायाः पदौ मे हृदिस्थौ यतः शं करिष्यत्यसौ मां प्रतीतिः ।
शुभं वाऽशुभं पूर्वजन्मार्जितं यन्नरस्तस्य भोक्तेति सम्यग्विजाने ॥२५॥

अतः शोकमोहौ न मे स्तः कदाचित् कथं वा निमित्तस्य दोषं ददीय ।
न शोकं न वैरं भयं नैव जाने यतोऽहं परं दैवमन्यान्न मन्ये ॥२६॥

पतिं कन्यका स्वेच्छया यं वृणीते स्वयं द्रष्टुकामोऽस्म्यहं कौतुकेन ।
जगच्चण्डिकाया वशे वर्ततेऽदस्तदन्यत् प्रमाणं न मे मानसेऽस्ति ॥२७॥

युधाजित् सुखी स्यान्नमे वैरभावः फलं तस्य शीघ्रं भवेद्वैरिणां मे ।
इतीत्थं समुक्ता नृपास्तस्य तुष्टाः स्वकीयाश्रमं ते समाजग्मुरिष्टम् ॥२८॥

सबालोऽपि नैजाश्रमं सञ्जगाम निशानन्तरं सर्व एवोदतिष्ठन् ।
समाप्यात्मनः स्नानसन्ध्यादिकृत्यं नृपाज्ञां ग्रहीतुं सुसज्जा बभूवुः ॥२९॥

अथानन्तरं स्नानसन्ध्यादिकृत्ये समाप्ते सुबाहुः समाकारयत्तान् ।
समागत्य सर्वे नृपा मञ्चकेषु स्थिता दिव्यभूषास्तथा दिव्यवेषाः ॥३०॥

चण्डिका देवीका पाउ हरदम मेरा हृदयमा छन्, त्यसकारण मलाई कल्याण गर्नुहुनेछ । पूर्व जन्ममा कमाएको शुभ वा अशुभ कर्म मानिसले अवश्य भोग गर्नुपर्छ भन्ने राम्ररी जानेको छु ॥२५॥

त्यसकारण ममा शोक र मोह कहिले पनि छैनन्, किन निमित्तलाई दोष दिउँ ? त्यस्तै शोक, शत्रुता र डर मलाई थाहा छैन, किन कि दैव भन्दा ठूलो अरुलाई ठान्दिन ॥२६॥

'कन्याले आफ्ना इच्छाले जसलाई वरण गर्छिन् त्यसलाई आफै देखूँ भनेर कौतुकले आएको छु । यो जगत् चण्डिकाको वशमा छ, त्यो भन्दा दोस्रो प्रमाण मेरो मनमा लाग्दैन । " ॥२७॥

"युधाजित् सुखी होउन्, ममा वैरभाव छैन, जसले मेरो वैर गर्छ त्यसको फल तुरुन्त पाउँछ ।" यसो भने पछि राजाहरू सुदर्शनका प्रति खुशी भएर आ-आफ्नो इष्ट आश्रमतिर गए । ती बालक सुदर्शन पनि आफ्नो स्थानमा गए । रात वितेपछि सवै उठे, आ-आफ्नो स्नान सन्ध्यादि कर्म समाप्त गरेर राजाको आज्ञा स्वीकार गर्न ठीक भए ॥२८-२९॥

त्यसपछि सुबाहु राजाले पनि आफ्नो स्नान सन्ध्यादि कर्म पूरा गरेर ती राजाहरूलाई बोलाए । दिव्य गहना लगाएका दिव्य कपडा धारण गरेका सवै राजाहरू आएर मञ्चमा बसे ॥३०॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कदा कन्यका दिव्यमालां गृहीत्वा स्वयं चेटिकाकूर्परे दत्तहस्ता ।
नृपं भाग्यवन्तं चरत्पुण्यपुञ्जं कमेवाश्रयेत स्रजं क्षेपयित्वा ॥३१॥

यदैनं भरद्वाजमुन्याश्रमस्थं वृणीयात् कदाचिद् विवादस्तदा स्यात् ।
इदं चिन्तयत्सु क्षितीशेषु सत्सु महान् बाद्यघोषो ह्युदस्थात्तदैव ॥३२॥

नृपः काशिनाथः स्वपुत्रीं तदाह करासक्तमाल्या धृतक्षौमवस्त्रा ।
विवाहोचितोपस्करैर्युक्तदेहा त्वरैवाऽऽत्मजे गच्छ राज्ञां समाजे ॥३३॥

तवेष्टो गुणी रूपवान् यः कुलीनस्तमेव स्वयं संवृणीष्व स्वरुच्या ।
सखी ते ह्यमीषां कुलं नाम गोत्रं गुणित्वं प्रभावं विजानाति सर्वम् ॥३४॥

इति प्रेरिता प्रेरितारं स्वतातं वचः किञ्चिदाह स्मितास्या मितञ्च ।
न राज्ञामहं दृष्टिमार्गे व्रजामि स्त्रियाः स्वीयभर्त्तैकलः प्रेक्षणीयः ॥३५॥

पुरः कामुकानां कथं दृष्टिमार्गे सती गन्तुमिच्छेत् तथाहं न यामि ।
करे माल्यमादाय या मण्डपे वै समायाति वेश्येव सामान्यमेषा ॥३६॥

'कहिले कन्याले दिव्यमाला लिएर संगिनीको कुहिना समातेर आफै, पहिले पुण्य कमाएको कुन राजालाई माला लगाइ दिई वरण गर्ने हुन् ? जब भरद्वाज मुनिका आश्रममा बस्ने यो सुदर्शनलाई कदाचित् वरण गरिन् भने त्यसबेला झगडा पर्नेछ । यस्तो चिन्ता राजाहरूले गर्दै थिए त्यसैवेला ठूलो बाजाको शब्द पैदा भयो ॥३१-३२॥

काशीनरेशले त्यसवेला आफ्नी छोरीलाई भन्छन् 'छोरि ! रेशमी कपडा लगाएर, विवाहमा उचित हुने सामग्रीले सिंगारिएर हातमा माला लिएर राजाहरूको समाजमा तुरुन्त जाऊ, तिम्रो मन परेको, गुणी, राम्रो, कुलीन जो छ त्यसैलाई आफै वरण गर, तिम्री संगिनीले यिनीहरूको कुल, नाम, गोत्र, गुण, प्रभाव सवै जानेकी छन् ॥३३-३४॥

यसरी प्रेरणा गरिएकी कन्याले प्रेरणा गर्ने बाबुलाई खिस्स हाँसेर केही थोरै भन्छिन् –"अरु राजाहरूको दृष्टि मार्गमा म जान्न, स्त्री जातिहरूले एउटा आफ्नो पति मात्र देख्न योग्य हुन्छ । कामुकहरूका अगाडि सती स्त्री जान कहाँ इच्छा गर्छन् ? म पनि त्यस्तै हुँ, जान्न । हातमा माला लिएर जो मण्डपमा जान्छे त्यो ता सामान्य वेश्या जस्ती नै हो ॥३५-३६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यतो मण्डपस्था नृपाः कल्पयन्ति मम स्यान्मम स्यादिति स्वेष्टसिध्यै ।
मया पूर्वमुक्तः सुनेत्राभिधानो भरद्वाजमुन्याश्रमस्थः पतिः स्यात् ॥३७॥

तमेवात्र कोष्ठे समाकार्य सम्यक् शुभेऽह्नि स्वयं कन्यकां देहि हस्ते ।
तदा मे शुभं स्यात्ततो नान्यथा स्यान्न चान्यः पतिर्मेऽन्यजन्मन्यपि स्यात् ॥३८॥

इत्थं चन्द्रकला जगाद नृपतिं राजा तु चिन्तातुरो
वेदोक्तिं ह्यनुसन्दधे स्वजनने या दुःखदा दारिका ।
या वित्तं हरते प्रदानसमये या यौवने दोषकृत्
या पित्रोर्हृदयं विदारयति रे तस्मात् सुता दारिका ॥३९॥

इति श्रीभीमकान्तकविविरचिते जगदम्बिकावैभवकाव्ये
सुदर्शननीतिकथनं सुबाहुचिन्तावर्णनं नाम सप्तमः सर्गः ॥७॥

किन कि मण्डपमा बसेका राजाहरूले 'यो मेरी भए हुने थियो' भनेर आफ्नो इष्ट सिद्धिका निमित्त कल्पना गर्छन् । मैले अघि नै भनेको भरद्वाज मुनिका आश्रममा बसेको सुदर्शन नै मेरा पति होउन् । तिनैलाई यहाँ कोठामा बोलाएर राम्रो दिनमा विधिपूर्वक, स्वयं हातमा कन्यादान गर्नुहोस्, त्यसो भयो भने मलाई सुख हुनेछ, अन्यथा हुनेछैन । अर्को पति मेरो अर्को जन्ममा पनि नहोस्, सुदर्शन मात्र होस् ॥३७-३८॥ "

यस्ता रीतिले शशिकलाले राजा सुबाहुलाई भनिन्, राजा चिन्ताले आतुर भए, अनि वेदको यस उक्तिलाई संझे "जो आफू जन्मदा दुःखदिने, दानदिने बेलामा धन हर्ने, जवानीमा धेरै दोष गराउने, बाबु-आमाको हृदय चिर्ने हुनाले छोरी दारिका नै हो ॥३९॥"

यस 'जगदम्बिकावैभव' काव्यको (नेपाली अनुवाद) सातौं सर्ग पूरा भयो ॥७॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अष्टमः सर्गः

ईदृशीं स्वतनयामनयां तां वीक्ष्य वैति नृपचेतसि चिन्ता ।
किं ब्रवीमि बहुभूपसमाजे कन्यका न बहिरेति वरीतुम् ॥१॥

नास्ति सैनिकबलं मम तादृग् यादृगस्त्यखिलभूपतिसैन्ये ।
योद्धुमिच्छति नृपेन्द्रसमाजो मां निहन्युरवशा मिलितास्ते ॥२॥

कन्यया खलु वृतः स सुनेत्रः सोऽपि सैन्यबलकोषविहीनः ।
किन्तु भूपतिपदोः प्रपतामि रक्षतेति न सकृत् प्रणमामि ॥३॥

भूभृदित्थमभिसृत्य नृपाणामग्रतः प्रणतिपूर्वकमेव ।
बद्धहस्तयुगलो निजगाद राजकस्य वदनानि विलोक्य ॥४॥

नैति मण्डपगृहे मम पुत्री प्रेरितापि च मयापि जनन्या ।
खेदिता यदि तदा म्रियते वा स्यात्तदा तु मम सङ्कटमन्यत् ॥५॥

किन्तयाऽविनयया मम पुत्र्या पुत्रिकेति कलयन्तु भवन्तः ॥
अर्चयामि बहुरत्नधनैर्वः प्रव्रजन्तु मदनुग्रहवन्तः ॥६॥

यस्ती नीति न जानेकी छोरीलाई देखेर सुबाहु राजाको मनमा “राजाहरूको समाजमा म के भनूँ ? कन्या वरलाई वरण गर्न बाहिर आउन्न भनी कसरी भनूँ ? जस्तो यी राजाहरूको सैनिक बल छ त्यस्तो सैनिक बल मेरो छैन, राजाहरूको समूह भने युद्ध गर्ने इच्छा गर्छ, यी सबै राजाहरू मिलेर मलाई मार्ने पो हुन् कि” भन्ने चिन्ता पर्‍यो ॥१-२॥

“कन्याले निश्चय नै त्यही सुदर्शनलाई वरण गरी, त्यो पनि सैन्य बलले र धनले हीन छ, के गरु ? ती राजाहरूका पाउमा पर्छु र रक्षा गर्नुहोस् भनेर प्रणाम गर्छु । ” सुवाहु राजाले यस्तो विचार गरेर राजाहरूका अगाडि गई प्रणामपूर्वक दुई हात जोडी राजसमूहको मुखं हेरेर भने - ॥३-४॥

“उसकी आमाले र मैले प्रेरणा गर्दा पनि मेरी छोरी मण्डप घरमा आउन्न, ज्यादै भनेर खिन्न पारें भने पनि मर्ने पो हो कि ? त्यसो भयो भने मलाई अर्को सङ्कट आइपर्नेछ ॥५॥

त्यो विनय नभएकी मेरी छोरीबाट केही काम भएन, हजुरहरूले पनि यसलाई छोरी नै ठान्नुहोस्, हजुरहरूलाई धेरै रत्नले र धनले पूजा गर्दछु मेरा प्रति अनुग्रह गरेर आ-आफ्ना घर फर्कनुहोस् ॥६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रार्थिताः प्रियवचोभिरनेकैर्मौनमाकलितवन्त इवासन् ।
किन्त्वखर्वममताऽऽस्पदरूढः क्रोधरक्तदृगुवाच युधाजित् ॥७॥

किं ब्रवीषि नृप ! मूर्ख इव त्वं संशयो यदि तवात्मभवायाः ।
किं स्वयम्वरमखो रचितोऽयं किं नृपाश्च निखिला उपहूताः ॥८॥

द्रष्टुमेत्य च विवाहविशेषं किं निवृत्य वचनं प्रवदन्तु ।
किं कृतं सकलराजगणस्य स्वागतावसर एष निकारः ॥९॥

नावमत्य निखिलानवनीशान् दातुमिच्छसि सुदर्शनहस्ते ।
पूर्वमेव हि विचार्य कृते तु नैव कोऽपि विषमो भविता ते ॥१०॥

ईदृशं नृपगणं विनयेनाऽऽकार्य कार्यमकृतं विहितं किम् ? ।
किं न वेत्सि भवताऽऽदृतमेतद्राजकं त्वपकृतं ह्यधुना तु ॥११॥

त्वां निहन्मि प्रथमं कृतपापं तत्परं तव सुदर्शनमेव ॥
कन्यकां तु तनयातनयाय ह्यर्पयामि मम निश्चय एषः ॥१२॥

धेरै धेरै मीठा वचनहरूले प्रार्थना गरिएका ती राजकुमारहरू चूप लागे जस्ता भए, किन्तु ठूलो ममता भएका राजा युधाजित्ले रिसले राता आँखा गराएर भन्न लागे ॥७॥

"राजन् ! के तपाइँले मूर्खले जस्ता कुरा गर्नुहुन्छ, तपाइँकी छोरीमा त्यस्तो सन्देह थियो भने किन यो स्वयम्वर यज्ञ बनाउनु भयो ? किन सम्पूर्ण राजाहरूलाई वोलाउनुभयो ? ॥८॥

यो विवाह हेर्न भनी आएर नदेखिकन फर्केपछि के वचन भनुन् ? सम्पूर्ण राजसमूहको स्वागत गर्ने वेलामा यो अपमान ? के गरेको महाराज यस्तो ? ॥९॥

सम्पूर्ण राजाको समूहलाई नहटाइकन सुदर्शनको हातमा कन्या दिन चाहनुहुन्छ, पहिलेदेखि त्यस्तो विचार सित काम गर्नु भएको भए तपाइँ सित कोही पनि शत्रु बन्ने थिएन ॥१०॥

यस्तो राजसमूहलाई विनयपूर्वक बोलाएर, काम गरिएन, के गरेको ? आफैले आदर गरिएको राजसमूहलाई अहिले अपमान गरियो भन्ने कुरा के तपाई जान्नु हुन्न ? ॥११॥

पहिले यस्तो पापी तिमीलाई म मार्छु , त्यसपछि तिम्रो सुदर्शनलाई मार्छु, अनि कन्या मेरी छोरीका छोरालाई दिलाउँछु यो मेरो निश्चय छ ॥१२॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तिष्ठतो मम पुरस्तव कन्यां को जिहीर्षति सुदर्शननामा ।
पूर्वमेव हि सुदर्शनघाते मत्प्रयत्नमजयन्मुनिवाक्यम् ॥१३॥

त्यक्त एव हि मया ह्यधुना तु हन्मि निश्चयममुं भवतोऽग्रे ।
तद्विचार्य भवता निजकन्या दीयतां मम सुतातनयाय ॥१४॥

आश्रयो नृपतिभिः करणीय उच्च एव न तु नीचतरैस्तु ।
शत्रुजित्करगतां प्रविधाय मां कुरुष्व तव सख्यसमेतम् ॥१५॥

अन्यथा तव सुतान्तु हठेन नेष्य एव दुहितुस्तनयार्थे ।
किं बलोऽसि बलवद्भिरयन्ते आपतिष्यति वृथैव विरोधः ॥१६॥

इत्थमेव बहुवारमुदीर्य मौनमिच्छति युधाजिति राज्ञि ।
तस्य चोत्तरमुदारमदत्वाऽन्तःपुरं समभिगत्य च राज्ञीम् ॥१७॥

यद्यदुक्तमभवत् खलु तेन तत्तदेव समुवाच सुशोचन् ।
राज्ञि ! पश्य कलहोऽस्ति सुतार्थे किं मया वद परं करणीयम् ॥१८॥

सङ्कटे समुपगच्छति भद्रे ! त्वां स्मरामि मम निर्णयमात्थ ॥
किं ब्रवीमि वद राज्ञि ! यथेच्छं मन्यते यदि सुता प्रतिबोध्या ॥१९॥

म छँदाछँदै मेरा अगाडिबाट तिम्री कन्यालाई के सुदर्शनले हरणगर्न सक्छ ? पहिले नै सुदर्शनलाई मार्न मेरो प्रयत्न भएको थियो मुनिको वाक्य मानेर छाडिदिएँ । अहिले त तिम्रा अगाडि यसलाई निश्चय मार्छु । सो कुरा विचार गरेर तिमीले आफ्नी छोरी मेरी छोरीका छोरालाई दिनुपर्छ ॥१३-१४॥

राजाहरूले उच्च आश्रय गर्नुपर्छ, नीचसित आश्रय गर्नु हुँदैन, छोरीलाई शत्रुजित्का हातमा दिएर मलाई आफ्नो सम्धी बनाऊ ॥१५॥

दिन्नौ भने तिम्री छोरीलाई जवर्दस्त नातीका निमित्त लैजानेछु, कति बलिया छौ र ? बलिया सित तिम्रो व्यर्थै विरोध आइपर्नेछ ॥१६॥

धेरै पटक यस्तो भनेर राजा युधाजित् चूप रहे पछि त्यसको मिल्दो उत्तर नदिइकन सुबाहु राजा अन्तःपुरमा गएर शोक गर्दै युधाजित्ले भनेका सबै कुरा रानीलाई सुनाउँदै भने- "रानि ! हेर, छोरीका निमित्त कलह हुने भयो, मैले अब के गर्ने भन ? ॥१७-१८॥

"हे कल्याणि ! हे रानि ! सङ्कट परेको वेलामा मैले तिमीलाई संझन्छु, तिमी मलाई निर्णय देऊ, मैले के भनूँ यथेच्छ भन, यदि छोरीले मान्दछे, भने त्यसलाई संझाउनुपर्‍यो ॥१९॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पत्युरित्थमुदितं प्रणिशम्य पुत्रिकानिकटमेत्य जगाद ।
त्वत्पिता तव कृतेऽतिसदुःखस्तत्सुदर्शनमपास्य वृणीष्व ॥२०॥

यद्यसौ तव वृतः स सुनेत्रस्तञ्च तातमपि हन्ति युधाजित् ।
त्वां बलादपि च नेष्यति तस्माच्छत्रुजित्करगतैव भवित्री ॥२१॥

इत्थमुक्तमुचितं नृपपत्न्या साप्युवाच जननीं नृपकन्या ।
"मातरेहि न हि मज्ज विषादे यद्भविष्यति न तत्र विचिन्त्यम् ॥२२॥

तं सुदर्शनमुपाह्वय चान्तर्देहि तस्य करयोरविचार्य ।
एक एव हि वरो वनिताया ह्यन्यपूरुषमुखं न हि दृश्यम् ॥२३॥

धर्मशास्त्रवचनं त्विदमेव या न पश्यति परान् सुसती सा ।
कामुकस्य निकटे न हि गच्छेद् या सतीत्वमनुपालयते सा ॥२४॥

संस्मरन्ति कुलदैवतमित्थं कामुका हृदि यदीयमुपैति ।
मत्समीपमथ मां परिधाप्य माल्यमावृणुत इष्टमदास्यम् ॥२५॥

पतिले यति भनेको सुनेर छोरीका नजिकमा गई रानीले भनिन्- "पुत्रि ? तिम्रा पिता तिम्रा निमित्त साह्रै दुःखी हुनुहुन्छ, त्यसकारण सुदर्शनलाई छाडेर अरुलाई वरण गर ॥२०॥'

यदि यो सुदर्शनलाई तिमीले वरण गर्‍यौ भने त्यसलाई र तिम्रा बुबालाई पनि युधाजित्ले मार्नेछन्, तिमीलाई जवर्दस्ती लैजाने छन् र तिमी शत्रुजितकै हात पर्नेछौ ।" ॥२१॥

यस्तो उचित कुरा रानीले भनिन् । ती राजकन्याले पनि आमालाई सम्झाइन्- "आमा ! खेद नगर्नुहोस्, जुन कुरा पछि हुने हो त्यसका विषयमा चिन्ता गर्नु हुँदैन ॥२२॥

ती सुदर्शनलाई भित्र बोलाउनुहोस्, केही विचार नगरी तिनैका हातमा मलाई दिनुहोस्, स्त्री जातिको एउटै वर हुनुपर्छ, पर पुरुषको मुख हेर्नुहुँदैन । धर्म शास्त्रको वचन यही छ कि जसले पर पुरुषलाई हेर्दिन त्यो सती हो, सतीत्व पालन गर्ने स्त्री कामुकहरूको नजिक नजानू ॥२३-२४॥

कामुकहरूले 'यदि यो स्त्री मेरा नजीकमा आउँछे, मलाई माला पहिराएर वरण गर्छे भने इष्ट कुरा तिमीलाई चढाउनेछु' भनेर मनमा कुलदेवताको संझना गर्दछन् ॥२५॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तादृशव्यवहृतौ क्व सतीत्वं सर्वसंमुखगतौ क्व च भावः ।
किन्तु योजयसि मां गणिकानां कृत्यकर्मणि विनिन्दितकार्ये ॥२६॥

पूर्वमानवपरम्परयैकं यत्कृतं कुलवधूभिरपीदम् ।
कार्यमद्य वनिताभिरपीत्थमाकलय्य चरणीयमदः स्यात् ॥२७॥

ब्रह्मचर्यमपि पालयितुं हि शक्नुयां यदि न तेन विवाहः ।
अन्यथा तु बहुजन्मसु जाता मृत्युमेव कलये न गृहित्वम् ॥२८॥

यद्भविष्यति भवेत्तदनिष्टं मां विवाहविधिना प्रतिपाद्य ।
तं विसर्जय पितर्जगदम्बा रक्षणं मम करिष्यति मार्गे ॥२९॥"

पुत्रिकोक्तमपि पूर्वमपूर्वं सङ्गतं वचनमित्यवधार्य ।
चिन्तया व्यथितचेतन आह भूपतिः स्वगतमेव भविष्यम् ॥३०॥

सङ्गता हि सकलाः क्षितिपाला ये स्वयम्वरमखेऽर्पितपत्राः ॥
स्व-स्वमञ्च उपविश्य यतन्ते कन्यका क्व नु कदा बहिरेति ॥३१॥

त्यस्तो व्यवहारमा पनि कहाँ सतीत्व ? सबैका सम्मुखमा गएपछि कहाँ सती भाव ? यस्तो वेश्याको कर्तव्य भएको निन्दित कर्ममा मलाई किन खटाउनुहुन्छ ॥२६॥

अघिका मानवहरूका परम्परामा कुलवधूहरूले जस्तो काम गरे हालका कुलवधूहरूले पनि त्यही गर्नुपर्छ । यो काम पनि त्यस्ता कुरालाई विचार गरेर गर्नुपर्छ ॥२७॥

यदि सुदर्शनका साथ मेरो विवाह भएन भने ब्रह्मचर्यमा रहन पनि सक्नेछु, त्यसो भयो भने जति जन्म लिएर जन्मे पनि केवल जन्मने मर्ने मात्र हो, गृहस्थी हुने छैन ॥२८॥

इष्ट अथवा अनिष्ट जो हुनुपर्ने हो त्यो हुने नै छ , मलाई विवाह विधिद्वारा दिएर सुदर्शनलाई विदा दिनुहोस् । पिताजी ! जगदम्बाले बाटामा मेरो रक्षा गर्नुहुने नै छ ॥२९॥"

छोरीको यस्तो अपूर्व सङ्गत वचनलाई सुनेर चिन्ताले व्यथित चित्त भएका राजाले मन-मनमा भविष्य चिन्ता गरेर भन्छन् ॥३०॥

जो जो राजा स्वयम्वर यज्ञमा पत्र दिइएका थिए ती सबै जम्मा भएका छन् र आ-आफ्ना मञ्चमा बसेर 'ती कन्या कहाँ छन् ? कहिले बाहिर आउँछिन् ? भनी बुझ्न प्रयत्न गरिरहेका छन् ॥३१॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सर्व एव बलिनश्च ससैन्या नैकलं नृपमलं प्रतिकर्तुम् ।
किन्तु तान् बलवतो मिलितास्तु वार्तयापि परिषोढुमशक्ष्यम् ॥३२॥

न स्वयम्वरमठे मम पुत्री याति यात गृहमित्थमवक्ष्यम् ।
मां निहन्युरखिला धृतकोपाः किं ब्रवीमि समरे न समर्थः ॥३३॥

नास्ति सैन्यबलमेव यथैषां नापि दुर्गबलमस्ति ममात्र ।
येन सर्वनृपतीन् प्रतिकुर्यां शोकसागरनिमग्न इवास्मि ॥३४॥

इत्थमेव स विचिन्तयति स्म सन्निधावपि जगाम नृपाणाम् ।
तान् प्रणम्य समुवाच विनीय प्रश्रयावनत एव नृपेन्द्रः ॥३५॥

किं करोमि न विवाहमठे साऽऽयाति मेऽत्र दुहितातिहठेन ।
प्रेरितापि च मया सह पत्न्या तन्नमामि शिरसा चरणान् वः ॥३६॥

तद्ददामि बहुमूल्यसमानि रत्नवस्त्रगजवाजिगृहाणि ।
दुःखितस्य च ममाप्यनुकम्पां कर्तुमर्हथ गृहं प्रति यात ॥३७॥

इत्थमुक्तवति काशिनेरेशे यद्युधाजिदवनीश्वर आह ।
पूर्वमेव कथितं त्वपरे तु मौनमाकलितवन्त इवाऽऽसन् ॥३८॥

सबै राजकुमार बलवान् छन्, सबै सैनिकसाथ छन्, एउटा एकला राजालाई पनि हटाउन सकिन्न भने मिलेका, बलिया तिनीहरूलाई बोलेर मात्रै पनि जित्न सकिन्न ॥३२॥

'स्वयम्वर घरमा मेरी छोरी जान्नन्, तपाईंहरू घरमा जानुहोस्' यसो भनूँ भने सबै राजाहरू रिसाउनलान् र मलाई मारिदिनन्, युद्ध गर्न सक्दिन, के भनूँ ? ॥३३॥

जस्तो यिनीहरूको सैन्य बल छ त्यस्तो मेरो छैन, गढीको बल पनि मेरो छैन, जुन बलले सबै राजालाई हटाउन सकूँ, त्यस्तो केही छैन । शोक सागरमा डुबे जस्तो भएको छु ॥३४॥

यस रीतिले राजा सुबाहुले चिन्ता गरे । राजाहरूका नजिकमा पनि गए । ती राजाहरूलाई प्रणाम गरेर नम्र भई हडवडका साथ नुहेर राजाले भने- ॥३५॥

"मेरी छोरी स्वयम्वर घरमा आउन्न, ज्यादै हठ गर्छे, मैले र उसकी आमाले प्रेरणा गर्दा पनि आउन्न, त्यसकारण शिरले हजुरहरूका पाउमा नमस्कार गर्दछु ॥३६॥

त्यसकारण धेरै मूल्य पर्ने रत्न, वस्त्र, हात्ती, घर हजुरहरूलाई दिन्छु, दुःखी भएका म प्रति दया गर्नुहोस् र घर जानुहोस् ॥३७॥

काशी नरेशले यति भनेपछि युधाजित् राजाले जुन कुरा भने त्यो पहिले नै बताइएको छ, अरु राजाहरू भने मौन धारण गरेका हुन् कि भने जस्ता भए ॥३८॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भूय एत्य तनयानिकटे तु साहसं न कुरु पुत्रि ! बहूनाम् ।
नो विरोधमुपपादय तस्मै संप्रदाय विसृजे विकलाय ? ॥३९॥

राज्ञां बहूनां भविता विवाद-
स्तस्मात्पणं ते प्रकरोमि कञ्चित् ।
सज्यं धनुर्यः कुरुते च तस्मै
दास्यामि सीतामिव मैथिलेशः ॥४०॥

त्वत्तुष्टयेऽहं प्रकरोमि पुत्रि !
यो वा नरेशः पणबन्धजित् स्यात् ।
तस्मै ददे तेन कृते विवाहे
मा भून्नृपाणामधुना विवादः ॥४१॥

इति श्रीभीमकान्तकविविरचिते जगदम्बिकावैभवकाव्ये
शशिकलाहठात् पुनः सुबाहुचिन्तावर्णनं नाम अष्टमः सर्गः ॥८॥

फेरि छोरीका नजिक आएर राजाले भन्छन् -"हे पुत्रि ! यस्तो साहस नगर, धेरै राजाको विरोध नपार,' के एकला सुदर्शनलाई दिएर पठाऊँ ? ॥३९॥

हे पुत्रि ! धेरै राजाहरूको झगडा हुनेछ, त्यसकारण एउटा कुनै पणबन्ध गराउँछु मीथिलाका राजा जनकले सीतालाई दिए जस्तै जसले धनुमा ताँदो चढाउँछ, त्यसैलाई दिनेछु ।

तिम्रो खुशीका लागि म त्यसै गर्छु, जुन राजाले पणबन्ध जित्ला त्यसैलाई दिन्छु त्यसो गर्दा विवाह गरेपछि यस मौकामा आशङ्का गरिएको झगडा हुने छैन ॥४०-४१॥

यस 'जगदम्बिका वैभव' काव्यको (नेपाली अनुवाद) आठौं सर्ग पूरा भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नवमः सर्गः

इति नृपेण चिकीर्षितमुद्यमं श्रुतवती प्रजगाद वचः सुता ।
मनसि यः प्रवृतस्त्वपहाय तं कथमहं प्रवृणेऽन्यनृपं वरम् ॥१॥

यदि पणं स सुदर्शन एव हि विजयतेऽस्मि सुपूर्णमनोरथा ।
अपर एव जयेद्यदि तं कथं परिवृणोमि नयाम्यथ संशये ॥२॥

यदि कथञ्चिदुभौ जयिनौ पणं बहव एव जयेयुरतः कथम् ।
कतममेत्य वृणोत्वबला बलात् प्रथममेव विवाद उपस्थिते ॥३॥

जनक ! तन्मनसा कृतनिश्चयो मनसि याति न मे पणबन्धकः ।
हृदि वृथां न कुरुष्व विचिन्तनमथ समाह्वय चाशु सुदर्शनम् ॥४॥

कुरु विवाहविधिं गृहमन्तरा सकलवेदविदा सुपुरोधसा ।
विसृज माञ्च सुदर्शनहस्तयोरुभयमेव विसर्जय यौतकैः ॥५॥

यदि नृपा बलवन्त उपेत्य तं समरमेव विधातुमभीप्सवः ।
पथि ससैन्यमुपेयुरसैन्यकमथ जगज्जननी परिपाति नौ ॥६॥

राजाले इच्छा गरेको 'पणबन्ध' बनाउने उद्योगलाई सुनेर कन्याले भनिन्- 'पिताजी ! मनमा जसलाई वरण गरिएको छ त्यसलाई छाडेर अर्को राजालाई 'वर' भनी कसरी वरण गरुँ ? ॥१॥

यदि त्यही सुदर्शनले नै पणबन्ध जित्छ भने त मेरो मनोरथ पूर्ण होला, अर्केले जित्यो भने त्यसलाई कसरी वरण गर्छु र ? अब मैले संशयमा जाने कुरा भएन ॥२॥

कदाचित् दुईजनाले पण विजय गरे भने अथवा धेरै जनाले जिते भने पहिले नै झगडा उठेमा विचरा अबलाले कुनसंग पुगेर उसलाई जबर्दस्त वरण गरुन् ! ॥३॥

पिताजी ! त्यसकारण हजुरले मनमा चिन्ता गर्नुभएको पणबन्ध पनि मेरा मनमा ठीक लाग्दैन, व्यर्थै मनमा चिन्ता न लिनुहोस्, अब चाँडै सुदर्शनलाई झिकाउनुहोस् ॥४॥

सम्पूर्ण वेद जानेका पुरोहितद्वारा विवाहको विधि घरमै गर्नुहोस् र मलाई सुदर्शनको हातमा छाडिदिनुहोस्, दाइजो साथै दुवैजनालाई विदा गर्नुहोस् ॥५॥

यदि बलवान् राजाहरू सुदर्शनसंग युद्ध गर्न इच्छा गरेछन् भने, सैन्य नभएकासंग सैन्य सहितका राजाहरू आइपरेछन् भने त्यहाँ जगज्जननी देवीले हामी दुवैलाई रक्षा गर्नुहुनेछ ॥६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यदि विधिप्रतिकूलतया मृधे रिपुशरैर्व्यथिते विषमैर्मृते ।
अहमपि स्वसतीत्वबलेन ते समनुयामि तवास्तु सदैव शम् ॥७॥

इति सुतावचनानि निशम्य स नृपतिरप्यनुमोदमवाप्य च ।
क्षितिपयूथमुपेत्य जगाद भो ! नृपतयो न सुतैति स्वयम्वरे ॥८॥

निशि सुतामनुनीय दिनान्तरे निनयितास्मि भवन्निकटे मठे ।
स्वशिविराणि भवन्त उपेत्य मेऽर्पितमदभ्रमिदं विनियुञ्जथ ॥९॥

नृपतिनार्पितमिष्टनृपोचितमशनमंशुकमाप्य च केचन ।
अवितथं नृपवाक्यमिति प्रियं स्वशिविरं प्रति जग्मुरनेकशः ॥१०॥

अथ सुबाहुनृपस्तनयां स्विकां नृपसुतं च सुदर्शनमाह्वयत् ।
स्वजनबन्धुजनैरपि रक्षिते सविधि गुप्तगृहेऽकुरुत क्रियाम् ॥११॥

स्नपनमाप्य वधूवरयोर्युगं विविधचन्दनभूषणभूषितम् ॥
विधिवदर्चितुमारभत द्वयं वसनविष्टरकुण्डलमाल्यकैः ॥१२॥

यदि दैव प्रतिकूल भएछ र लडाइँमा शत्रुका विषम वाणवाट ती सुदर्शन व्यथित भएछन् अथवा मरेछन् भने म पनि मेरा सतीत्वका वलले तिनैका पछि जानेछु, हजुरलाई कल्याण हुनेछ ॥७॥

छोरीका यस्ता वचन सुनी राजाले पनि स्वीकार गरी अरु राजाहरूको समूहमा पुगेर भन्छन् -"हे महाराज हो ! स्वयम्वरमा मेरी छोरी आउँदिनन् ॥८॥

राती छोरीलाई बिन्ती गरेर अर्कोदिन तपाइँहरूको नजिक स्वयम्वर मठमा ल्याउने छु, हजुरहरू आ-आफ्ना शिविरमा गएर मैले अर्पण गरेको यो प्रशस्त 'खाद्य वस्तुहरू' लिइबक्सियोस् ॥९॥

सुवाहु राजाले अर्पण गरेको राजाहरूले भोगगर्न उचित खाद्य र कपडा पाएर एकथरी धेरै जसो राजाहरू 'राजाको वचन साँचो हो' भनेर आ-आफ्ना शिविरमा गए ॥१०॥

त्यसपछि सुवाहु राजाले आफ्नी छोरीलाई र राजपुत्र सुदर्शनलाई सुटुक्क बोलाएर आफन्त र दाजुभाइले रक्षा गरिएका गुप्त घरमा विधिपूर्वक कर्म गरे ॥११॥

पहिले स्नान गरेर त्यसपछि अनेक थरी चन्दन, माला र गहनाले सिंगारिएका वधू वर दुवैलाई विधिपूर्वक पूजा गर्न थाले । दुवैलाई वस्त्र, आसन, कुण्डल र मालाहरूले पूजा गरे ॥१२॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सविधि पूजितसद्वरहस्तयोः स्वतनयाकरपद्ममथार्पयत् ।
स तु वरोऽप्यतिहर्षितमानसः शशिकलाकरपङ्कजमग्रहीत् ॥१३॥

अथ सुपूजितमाप्य वरोत्तमं समनयन् क्व च कौतुकमण्डपे ।
नृपतिधीसचिवास्तदनन्तरं प्रमुदितौ तदुभौ निवहौ नृणाम् ॥१४॥

विधृतभूषणवस्त्रसुकङ्कणां नृपसुतामनयन् वरसन्निधौ ।
तदवरोधभवाः कुशलाः स्त्रियः समभिरोप्य रथे मखमण्डपे ॥१५॥

अथ पुरोहित एत्य यथाविधि सुरगणानुपलक्ष्य हुताशने ।
समजुहोदभिघार्य हविर्घृतं नववधूकरलाजमहावयत् ॥१६॥

कृतकुतूहलहोमपरिक्रमौ प्रथमहार्दपरस्परवीक्षितौ ।
बुभुजतुः सुखमुत्सुकसङ्गजं न विधिमत्यजतां कुलगोत्रजम् ॥१७॥

नृपतिरप्यददाद् द्विशतं रथान् शरसमूहसमेतशरासनान् ।
मदकरान् करिणः शतसंख्यकानपि ददौ गिरिशृङ्गसमान् तथा ॥१८॥

विधिपूर्वक पूजा गरिएका असल वरका हातमा राजाले आफ्नी छोरीको हातरूपी कमल अर्पण गरे र ती वर सुदर्शनले पनि मनमा खूब हर्ष लिएर शशिकलाको करकमल ग्रहण गरे ॥१३॥

त्यसपछि ती पूजा गरिएका उत्तम वरलाई राजाका मन्त्रिहरूले कुनै कौतुकपूर्ण मण्डपमा लगे । वधू-वर दुवै पक्षका मानिसहरूका दुवै समूह अति खुशी भए ॥१४॥

अन्तःपुरमा रहने कुशल स्त्रीहरूले वस्त्र, गहना र सुनका वाला लगाएकी राजकन्यालाई रथमा चढाएर यज्ञमण्डपमा दुलहाको नजिक ल्याए ॥१५॥

अनि पुरोहित आएर विधि अनुसार देवतागणको उद्देश्य गरी अग्निमा घृत धारा लगाएर चरु हवन गरे, नववधूका हातवाट लाजा हवन पनि गराए ॥१६॥

आश्चर्य लाग्दो होममा परिक्रमा गरेका, आफूले चाहेको पहिलो परस्परको हेराहेर गरेका वधू-वरले उत्सुकतापूर्ण सङ्गतबाट भएको सुख भोग गरे र आफ्ना कुल गोत्रमा चलेको विधि पनि छाडेनन् ॥१७॥

राजाले दुई शय रथ, शयौं वाणले सहित धनु, पर्वतका टाकुरा जत्रा शयौं मदमत्त हात्ती पनि दाइजोको रूपमा दिए ॥१८॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शतमदाच्च सुवर्णविभूषितं स हि करेणुगणञ्च सदासिकम् ।
पुनरदादपि दाससहस्रकं विविधशस्त्रविभूषणसंयुतम् ॥१९॥

उचितरत्नविभूषणचैलकाविकसुकम्बलवन्ति गृहाणि च ।
द्विगुणितञ्च सहस्रमदात्तदा स खलु सैन्धवदेश्यतुरङ्गमान् ॥२०॥

तदनु भारसहाँश्च मयानदात् त्रिगुणितञ्च सहस्रमितं ततः ।
द्विगुणितञ्च शतं शकटोत्तमानपि च धान्यरसैः परिपूरितान् ॥२१॥

स हि सुबाहुनृपस्तु मनोरमां प्रणिपतन्निजगाद करोमि किम् ?।
तमृजुवाक्यमुवाच नृपाङ्गना तव कुलस्य सदास्तु समृद्धता ॥२२॥

अहमलं भवताऽप्यतिमानिता मम सुताय सुता प्रतिपादिता ।
च्युतपदाय वनस्थितये धनैरपि जनै रहिताय फलाशिने ॥२३॥

बलवतो धनिनोऽपि नृपानिमानविगणय्य विधाय च वैरिताम् ।
न कतमोऽपि ददाति गुणान्वितां स्वतनयां समवित्तकुलोचिताम् ॥२४॥

त्यस्तै सुनले शोभित भएका शय हात्तीको समूह दिए, दासीले सहित भएका, अनेक थरी गहनाले युक्त भएका एक हजार दास दिए , उचित रत्नका गहना, वस्त्र र भेडाका रौंबाट बनेका कम्वलसहितका घरहरू दिए । सिन्धु देशबाट ल्याइएका दुइ हजार घोडा दिए ॥१९-२०॥

त्यसपछि भारी बोक्नसक्ने तीनहजार ऊँटहरू दिए, अनि खाद्यान्न, मिष्ठान्न एवं रसिला तरकारी अचार आदि वस्तुले परिपूर्ण भएका दुइशय उत्तम गाडाहरू दिए ॥२१॥

ती सुवाहु राजाले मनोरमा रानीलाई प्रणाम गरेर भने - 'मैले के गरूँ ? ' राजपत्नी मनोरमाले उनलाई भनिन्- "राजन् ! हजुरको कुलमा सदा समृद्धि होस् ॥२२॥ "

हजुरले मलाई अत्यन्त मान गरिबक्सियो, पदच्युत भएको, वनमा वसेको, धन जनले रहित भएको, वनका फलफूल खाने त्यस्तो मेरो छोरालाई छोरी दिइवक्स्यो ॥२३॥

बलवान्, धनी राजाहरूलाई गणना नगरेर, उनीहरूसित वैरभाव गरेर, गुणवती, समान कुल, धन भएकालाई दिन लायक आफ्नी छोरी कसैले पनि त्यस्तालाई दिन्न तर हजुरले दिनुभयो ॥२४॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मम सुतस्तव बन्धुतया कृतः किल सुमेरुसमः किमहं ब्रुवे ।
अतिविचित्रचरित्रमिदं तव त्वमसि धैर्यवतां धुरि संस्थितः ॥२५॥

स वरमातृवचः प्रणिशम्य तत् सरसवाक्यमुवाच कृताञ्जलिः ।
"सुमुखि ! राज्यमिदं मम यद् भवेत् प्रतिगृहाण वसात्र सहात्मजा ॥२६॥

तव सुतस्य सुसैनिकरक्षिणां पतिरहं प्रभवामि वसामि च ।
परिणयेन ह्यनेन रुषान्वितान् नरपतीनभिगम्य च सान्त्वये ॥२७॥

यदि न यान्ति कृतेऽपि च सान्त्वनेपरमुपाययुगं विदधामि तत् ।
तदपि न स्फुरति प्रसभं नृपैरपरमाकलये प्रविदारणम् ॥२८॥

जयपराजययोरुभयोरपि भवति दैववशात् समधीनता ।
तदपि धर्मवशो विजयो भवेत् पुनरधर्मवशस्तु पराजयः ॥२९॥"

इति नृपस्य वचांस्यभिशृण्वती हितकरं निजगाद वचोऽर्थवत् ॥
नरपतेरतिमानमवाप्य सा सततहृष्टमना हि मनोरमा ॥३०॥

हजुरको वन्धु (ज्वाइँ) बनाइएको हुनाले मेरो छोरा आज सुमेरु समान भएको छ, मैले के भनूँ र, हजुरको यो चरित्र अति विचित्र छ, हजुर धैर्यधारीहरूका माझमा अग्रगण्य हुनुहुन्छ ॥२५॥

वरकी आमाको यसप्रकारको वचन सुनेर राजाले हात जोडी यस्तो सरस वाक्य भने -"हे सुमुखि ? मेरो यो राज्य जे जति छ टक्र्याउँछु, स्वीकार गर्नुहोस्, छोराका साथ यहीं बस्नुहोस् ॥२६॥

तपाइँका छोराका रक्षक सैनिकहरूको पनि 'सेनापति' भएर म वस्छु । यो विवाहले क्रुद्ध भएका राजाहरूलाई गएर संझाउँछु । यदि सम्झाउँदा पनि शान्त भएनन् भने अरु दुई उपायबाट शान्त गर्छु, ती दुई उपाय (दान र भेद) पनि उनीहरूलाई फुरेन भने चौथो उपाय युद्ध छ त्यही गर्छु ॥२७-२८॥

जित र हार दुवैमा दैवको अधीनता हुन्छ, त्यसमा पनि विजय धर्मका अधीनमा छ र पराजय अधर्मका अधीनमा छ ॥२९॥

राजा सुबाहुवाट अति मान पाएर असाध्यै खुशी मन भएकी र राजाका उपर्युक्त वचन सुनेकी रानी मनोरमाले सवैलाई हित गर्ने गम्भीर अर्थ भएको वचन भनिन् ॥३०॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

“कुरु महीप ! महीप्रतिपालनं त्यज भयं स्वसुतैः सहितो वस ।
मम सुतोऽपि पितुर्निजराज्यकं समभिलप्स्यत एव न संशयः ॥३१॥

अथ वयं निज वेश्म यियासवस्त्वभिविसर्जय नो, जगदम्बिका ।
तव करिष्यति शं नु तथाऽनयोरपि हितं प्रविधास्यति संस्मृता ॥३२॥”

विविधवाक्यपदै रससंयुतैरमृतवर्षिपरस्परभाषणैः ।
क्षणसमा क्षणदा क्षपिताऽभवन्न तु तयोरभिभाषणमारमत् ॥३३॥

समभिगत्य विवाहविधिं कृतमुषसि रोषवशंवदभूभुजः ।
नगरबाह्यगता जगदुः स्वनं नृपकलङ्कतया स निहन्यते ॥३४॥

अनभियोग्यममुञ्च सुदर्शनमिह निहत्य वधूरपि गृह्यते ।
इतरथा निजवेश्म कथं त्रपाकुलमिदं वदनं नृषु दर्श्यते ॥३५॥

शृणुत तूर्यनिनादमिमं ततो विजितशंखमृदङ्गरवो महान् ।
विविधगीतरवो ध्वनति श्रुतौ श्रुति गिरोऽपि वटुद्विजघोषिताः ॥३६॥

“हे महाराज ! पृथ्वीको पालन गर्नुहोस्, आफ्ना पुत्रका साथ रहनुहोस्, डर भन्ने कुरा त्याग गर्नुहोस् । मेरा छोराले पनि आफ्नो पैतृकराज्य अवश्य पाउनेछ,यसमा सन्देह छैन ॥३१॥

अब हामीहरूले आफ्नो घरमा जाने इच्छा गरेका छौं, हामीलाई पठाउनुहोस्, जगदम्बिकालाई संझिए पछि वहाँले हजुरको कल्याण गर्नुहुनेछ र यिनीहरूको पनि हित गर्नुहुनेछ ॥३२॥

अनेक प्रकारका रसिला वाक्यले र पदले अमृत वर्षाउने जस्ता परस्परका भाषणले रात्रि क्षण समान भएर बित्यो किन्तु ती दुवैको वातचीत समाप्त भएन ॥३३॥

उज्यालो भएपछि विवाह विधि सम्पन्न गरेको थाहा पाएर रिसले चूर भएका राजाहरूले नगरको बाहिर गएर शब्द सुनाए - “यो राजा सुवाहु राजकलङ्क हुनाले अब मारिन्छ ॥३४॥

अयोग्य यो सुदर्शनलाई यहीं मारेर दुलहीलाई हामी लैजान्छौं, यसो नगर्ने हो भने आफ्नो घरका मानिसलाई यो लज्जित मुख कसरी देखाउने ? ॥३५॥

यो वाजाको शब्द सुन, अनि शङ्खको र मादलको विजय ध्वनिलाई सुन, अनेक गीतको शब्द कानमा घन्कन्छ, ब्राह्मणवटुले उच्चारण गरिएका वेदका वाणी पनि कानमा घन्कन्छन् ॥३६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विविधवाक्यपदैर्मसृणैर्वयं कुहकविश्वसिनाः परिवञ्चिताः ।
सकलभूमिभृतोऽप्यपहाय तं समभिनीय सुदर्शनमानयत् ॥३७॥

विधिवदस्य करे समपादयच्छशिकलाकरपद्ममिदं स्फुटम् ।
अथ किमद्य विधेयमहो ! महत्तरमुपागतमस्ति सुसङ्कटम् ॥३८॥

सकलभूपतयः प्रविचार्य तत् समभियन्तु गृणन्तु धरन्तु च ।
इति विमर्शकृतामपि भूभुजामकृतवत्सु विनिर्णयकोटिषु ॥३९॥

कृतविवाहविधिः प्रसमाप्य तं समभिगत्य सुबाहुमहीपतिः ।
स करसंपुटिताञ्जलिराह तान् प्रणिपतन् पदयोर्विनयान्वितः ॥४०॥

"नृपतयः ! सुतया तु सुदर्शनः परिवृतः पतिरित्यकरोत् स्पृहाम् ॥
अथ निमन्त्रयितुं भवतोऽप्यहमभिगतोऽस्मि गृहे मम गच्छत ॥४१॥

विविधपाकरसायनभोजनं कुरुत शान्तिमतिञ्च दयालवः ! ।
मम सुतापि सुतेत्यभिमन्यतां न मयि कैश्च नृपैरपराध्यताम् ॥४२॥"

अनेक प्रकारका बोलीले र मीठा वाक्यले कपटीका विश्वासमा परेर हामी ठगियौं, सम्पूर्ण राजाहरूलाई छोडी त्यो सुदर्शनलाई बिन्ती गरेर लगेछन् ॥३७॥

त्यही सुदर्शनसंग शशिकलाको विधिपूर्वक विवाह गरिदिए भन्ने स्पष्टै भयो । अव हामीले के गर्ने, आज हामीलाई ठूलो सङ्कट आइपरेको छ, आश्चर्य ! ॥३८॥

त्यस कुरालाई विचार गरेर सम्पूर्ण राजाहरू अघि जानुपर्छ, सुदर्शनलाई समाउनुपर्छ, थुन्नुपर्छ । " राजाहरूले यस्तो सल्लाह गरेर निर्णयको टुङ्गो न लाग्दै गरेको अवस्थामा विवाहको विधि गरिसकेर समाप्त भएपछि राजा सुबाहु गएर दुवै हात जोडी तिनीहरूका पाउमा प्रणाम गरे ॥३९-४०॥

"हे महाराज हो ! मेरी छोरीले त सुदर्शनलाई वरण गरिन्, पति भनेर हुरुक्कै गरिन् । अब म हजुरहरूलाई निमन्त्रणा गर्न आएको छु, मेरा घर हिंड्नुहोस्, अनेक थरी पाक भएका रसिला मिठाई भोजन गर्नुहोस्, बुद्धि शान्त गर्नुहोस्, दयालु हुनुहोस्,मेरी छोरीलाई छोरी भन्ने ठान्नुहोस् कुनै राजाले पनि म माथि अपराध न गर्नुहोस् ॥४१-४२॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इति वदन्तमपि क्षितिपालकं न किमिवोत्तरमाहुरमर्षतः ।
प्रतिवचः प्रददुर्निशि तावका विविधपाकमभुक्ष्म गृहं व्रज ॥४३॥

किमपि कर्म विवाहविधेः परं यदि भवेत् कुरु सर्वमशेषतः ।
वयमपि स्वगृहाणि व्रजाम भोः ! सुकृतमेव कृतं भवता नृप ! ॥४४॥

अथ नृपेन्द्रवचः प्रणिधाय स मनसि शङ्कित एत्य गृहं पुनः ।
किमिव रुष्टनृपा मम दुर्नयं समभिनीय चरन्ति न वाऽप्रियम् ॥४५॥

प्रतिगते नृपतौ बहवो नृपाः समयमेकमिमं त्वचरन् पुनः ।
तदयनं ह्यवरुध्य निहत्य तं शशिकला त्वधुनैव ग्रहीष्यते ॥४६॥

अथ च केचन भूपतयस्तु ते क्व नु सुदर्शनतोऽस्त्यपराधकः ।
न वयमद्य नृपैः सह कुर्महे किमपि कौतुकमेव गृणीमहे ॥४७॥

इत्युक्तवन्तः किल रोषवन्तो मार्गं निरुध्य स्थितवन्त एव ।
षड्वासरास्तत्र तु यातवन्तो न त्यक्तवन्तः किल तत्प्रतीक्षाम् ॥४८॥

इति श्रीभीमकान्तकविविरचिते जगदम्बिकावैभवकाव्ये
अन्तःपुरे सुदर्शनेन सह शशिकलाविवाहो नाम नवमः सर्गः ॥९॥

यसो भन्ने राजालाई रिसले गर्दा तिनीहरूले केही पनि उत्तर दिएनन् तर "हामीले राती नै विविध पाक भोजन गऱ्यौं, घरमा जानुहोस्, विवाह विधिको केही अवशिष्ट काम छ भने सबै पूरा गर्नुहोस् । हामीहरू पनि आ-आफ्नो घर जान्छौं तपाइँले राम्रो काम गर्नु भएको छ ।" भन्ने प्रत्युत्तर दिए ॥४३-४४॥

त्यहाँपछि राजाहरूका वचनलाई मनमा राखेर सुबाहु फेरि घर गई "रिसाएका राजाहरू सबै जम्मा भएर मेरो केही दुर्नय अथवा नराम्रो गर्ने हुन् कि ? भनी शङ्कित भए ॥४५॥

तिनी सुबाहु राजा घर फर्केपछि धेरै राजाहरू मिली त्यसको बाटो छेकेर, त्यसलाई मारी 'अहिले नै शशिकलालाई लिइन्छ' भन्ने सल्लाह गरे ॥४६॥

त्यसपछि कोही राजाहरूले भने-'सुदर्शनबाट हामीलाई के अपराध भएको छ र ? आज हामीहरूले यी राजाहरूलाई सहायता गर्ने होइन । केही कौतुक मात्र हेर्ने हो, हेर्छौं ॥४७॥

'मार्छौं' भन्ने रिसाएका राजाहरू बाटो छेकेर बसे, छ दिन विते तर तिनीहरूले सुदर्शनको प्रतीक्षा गर्न छाडेनन् ॥४८॥

यस 'जगदम्बिकावैभव' काव्यको (नेपाली अनुवाद) नवौं सर्ग पूरा भयो ॥९॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दशमः सर्गः

अथानन्तरं काशिराजः सुबाहुः प्रयाणाय कन्यावरौ वीक्ष्य सोत्कौ ।
तदादाय दायं नमत्स्वाग्रकायं समैच्छद्‌गृहे प्रेषणायैव सायम् ॥१॥

तदा चारवक्त्रच्छ्रुतं तेन राज्ञा विरुद्धा नृपेन्द्राः स्थिता वर्त्म रुध्वा ।
अतः श्वः परश्वोऽथवा प्रेषितास्मि ब्रुवन् षड्‌दिनं स्थापयायास राजा ॥२॥

पुनः षड्‌दिनान्ते सुनेत्रो जगाद महाराज ! मां प्रेषयालं विशङ्कय ।
भरद्वाजमुन्याश्रमं पूर्वमेत्य निवासस्ततः कल्प्यते यत्र कुत्र ॥३॥

नृपेभ्यो भयं नैव कार्यं भवद्‌भिर्यतो मे सहायो भवानी भवित्री ।
स्वजामातृवाक्यं तदाऽऽकर्ण्य राजा सदायं तु प्रातिष्ठिपच्चैनमित्थम् ॥४॥

कथञ्चिन्नृपा मार्गरोधं विधाय करिष्यन्त्यनिष्टं किमित्थं विचिन्त्य ।
सुबाहुर्बलैरश्वहस्त्यादिरूढैः सहेयाय पश्चात् सहायाय तस्य ॥५॥

ददर्शाग्रतो मार्गमारुध्य भूपान् स्थितास्तेन चिन्तासमाविष्टचित्तः ।
स्वचित्ते शिवां चिन्तयित्वा शरण्यां तदैकाक्षरं कामराजं जजाप ॥६॥

त्यहाँ पछि काशी देशका राजा सुबाहुले ती वधू-वरलाई घर जान उत्कण्ठित भएको देखेर शिर नुहाई नम्रतापूर्वक दाइजोको साथ साँझमा घर पठाउने इच्छा गरे । त्यसै समयमा गुप्तचरका मुखबाट 'विरुद्ध भएका राजाहरूले बाटो थुनेर बसेका छन्' भन्ने सुनेर भोलि अथवा पर्सि पठाउँला भन्दै छ दिन सम्म आफ्नै घरमा राखे ॥१-२॥

छ दिन पछि फेरि सुदर्शनले भने -'महाराज ! मलाई पठाउनुहोस्, शङ्का गर्नु पर्दैन । पहिले भरद्वाज मुनिको आश्रममा पुगेर त्यसपछि कहीं न कहीं वासको कल्पना गर्छौं ॥३॥

'हजुरहरूले ती राजाहरूबाट डर हुने न ठान्नुहोला, भवानी देवी मेरो सहाय हुनुहुन्छ ।' ज्वाइँको यस्तो वचन सुनेर दाइजो वस्तुका साथै सुदर्शनलाई यसरी पठाए ॥४॥

कदाचित् राजाहरूले बाटो रोकेर केही अनिष्टगर्ने हुन् कि भन्ने चिन्ता गरेर राजा सुबाहु पनि हात्ती र घोडामा चढेका फौजलाई लिएर सुदर्शनको सहायताको लागि तिनीसंगै गए ॥५॥

अगाडि बाटो छेकेर अडिएका राजाहरूलाई सुदर्शनले देखे र चित्तमा चिन्ता पऱ्यो अनि आफूले शरण लिने 'शरण्य' जगदम्बिकाको चित्तमा ध्यान गरेर एकाक्षर कामराज मन्त्र जपे ॥६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सपत्नीकमित्थं सुनेत्रं विलोक्य सहायार्थमेतं सुबाहुं च दृष्ट्वा ।
निहन्तुं वरं ताञ्च हर्तुं वधूटीं समुत्तस्थुरेके नृपा युद्धकामाः ॥७॥

ततः काशिराजः सुबाहुर्नरिशो नृपान् हन्तुकामो रणे सज्जितोऽभूत् ।
स्वयं जेतुमिच्छन् सुनेत्रः सुबाहुं निवार्याग्रतोऽगात् क्षितीशान्निहन्तुम् ॥८॥

ततस्तत्र भेर्याऽनको दुन्दुभिश्च विनेदुश्च शंखा असंख्या हि सङ्ख्ये ।
सुबाहोर्नृपाणां जिगीषावशानां बभूवातियुद्धं नियुद्धं कतीनाम् ॥९॥

सुनेत्रं जिघांसुस्तदा शत्रुजित्तु युधाजित्सहायः सुसन्नद्धकायः ।
जघानोरसि भ्रातरं ज्येष्ठमित्थं स चान्यैः शरैस्तस्य चिच्छेद वाणम् ॥१०॥

क्रुधाऽन्योन्यमित्थं प्रहारैरनेकैर्विमर्दं चरन्तौ यदा युध्यतः स्म ।
तदा काशिराजः स्वजामातृपक्षं दधानो रणे वारणस्थोऽन्वियाय ॥११॥

द्वयोरित्थमाजौ स्वजामातृपक्षं सुबाहुर्युधाजित् स्वदौहित्रपक्षम् ।
समालम्ब्य तावप्यतिक्रोधयुक्तौ जिघांसू तदाऽन्योन्यमस्त्रप्रहारैः ॥१२॥

सपत्नीक सुदर्शनलाई र सहायका निमित्त आएका सुबाहुलाई देखेर वरलाई मार्न र वधूलाई हरण गर्न भनी युद्धको इच्छा गर्ने एकथरी राजाहरू उठे ॥७॥

काशीका राजा सुबाहु ती राजाहरूलाई मार्ने इच्छाले युद्ध गर्न तयार भए, सुदर्शन पनि एक्लैले शत्रुलाई जित्ने इच्छाले सुबाहुलाई हटाएर आफू अघि सरे ॥८॥

अनि त्यस युद्धमा नगरा, पटह, दुन्दुभि र असंख्य शङ्खहरू वजे । सुबाहुको र जितुँला भन्ने आशाका नशामा परेका अन्य कतिपय राजाहरूको घनघोर युद्ध भयो । कसैको बाहु युद्ध पनि भयो ॥९॥

सुदर्शनलाई मार्न इच्छा गर्ने, कवच पहिरेका, युधाजित्लाई साथमा लिएका शत्रुजित्ले आफ्ना जेठा दाजु सुदर्शनलाई मार्न छातीमा वाण प्रहार गरे, सुदर्शनले पनि आफ्ना वाणले शत्रुजित्का वाणलाई काटिदिए ॥१०॥

जव दुवै पक्ष परस्परमा यसरी रिसले अनेक प्रहार गरेर युद्ध गर्दैथिए तत्काल काशिराज आफ्नो ज्वाइँको पक्ष लिई हात्तीमा चढेर आइलागे ॥११॥

ज्वाइँको पक्ष लिएका सुबाहु र नातीको पक्ष लिएका युधाजित् परस्परमा अति रिसाएर आ-आफ्नो प्रहारले एकले अर्कालाई मार्न तत्पर भए ॥१२॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परित्यज्य बन्धुत्वमित्थं कुमारौ स्वसम्बन्धितामप्यनादृत्य वृद्धौ ।
यदा संकुलं युद्धमारेभिरे ते तदैवाम्बिका सिंहसंस्थाऽऽविरासीत् ॥१३॥

अनेकैर्युता भूषणैरम्बरैश्चाप्यनेकेषु हस्तेषु नानाऽयुधाढ्या ॥
अनेकाप्सरोरूपमप्याक्रमन्ती ह्यनेकैर्नृपैर्विस्मितैः सा त्वदर्शि ॥१४॥

कुतोऽयं मृगेन्द्रः कुतश्चेयमेनं समारुह्य याता भवानी विचित्रम् ।
दिविष्ठैः सुरैरर्चिता कल्पवृक्षप्रसूनैरहो ! काञ्चनीं प्रैति शोभाम् ॥१५॥

अहोभाग्यमस्माकमम्बाक्षिमार्गं समेता वयं द्रष्टुमेताः स्म युद्धम् ।
गवेष्यन् शिलां देवलिङ्गं ह्यवापदिति न्याय एवात्र सार्थो बभूव ॥१६॥

सुनेत्रः शिवां वीक्ष्य तत्राह राजन् ! सुबाहोऽम्बिकाऽऽयाति मे रक्षणार्थम् ।
अहोऽस्या दयालुत्वमस्मिन् स्वभक्ते भवद्भिर्न चिन्ता विधेया रिपुभ्यः ॥१७॥

यदीयाऽऽज्ञयाहं पुराप्यस्म्यभीकोऽधुना दर्शनान्निर्भयः सर्वतोऽपि ।
समेहि प्रणामं करिष्याव एत्य भवानी सुतुष्टाऽऽवयोः कार्यसिध्यै ॥१८॥

यसरी कुमारले बन्धुत्व त्यागेर र बूढाहरूले सम्बन्ध त्यागेर जब कठोर युद्धको आरम्भ गरे त्यसै वेला सिंहमा चढेकी जगदम्बिका प्रकट भइन् । अनेक गहना र कपडाले युक्त भएकी, अनेक हातहरूमा थरी थरीका हतियार लिएकी, अनेक अप्सराहरूको रूपलाई आफ्नो सौन्दर्यले जितेकी यस्ती देवीलाई अनेक राजाहरूले आश्चर्य मानेर हेरे ॥१३-१४॥

यस्तो सिंह कहाँबाट आयो ? सिंहमा चढेकी भवानी कहाँबाट आइन् ? आश्चर्य ! आकाशका देवताहरूद्वारा कल्पवृक्षका फूलले पूजा गरिएकी, यिनले सुनको शोभा पाएकी छन्, यस्ती यिनी कहाँबाट आइन् ?

आश्चर्य छ, युद्ध हेर्न भनी आएका हामीले देवीको दर्शन पायौं, "ढुङ्गो खोज्दा देवता मिल्यो" भन्ने उखान नै यहाँ सार्थक भयो ॥१५-१६॥

त्यहाँ सुदर्शनले देवीलाई देखेर भन्छन्- 'राजन् ! मेरो रक्षा गर्न अम्बिका आउनुभयो, आफ्नो भक्त ममा यी देवीको कस्तो दयालुता ! आश्चर्य !! अब शत्रुबाट हुने चिन्ता हजुरहरूले लिनुपर्दैन । जसको आज्ञाबाट अघि पनि म निर्भय थिएँ, आज पनि उनैलाई देखेपछि सर्वथा निर्भय छु, आउनुहोस् गएर वहाँलाई प्रणाम गरौं, हाम्रो कार्य सिद्धिका लागि भवानी खुशी हुनुहुन्छ ॥१७-१८॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इतीत्थं ब्रुवन्तौ गतौ तत्सकाशे प्रणामं पदोर्दण्डवच्चक्रतुस्तौ ।
तदाम्बां विलोक्यानयोर्हर्षसंपद् न काये मिताऽगाद् बही रोमरोम्णः ॥१९॥

तदैवाम्बिकां वाहयन् यो मृगेन्द्रो ननादातिभीता गजेन्द्राश्चुकुर्दुः ।
तथैवातिघोरा ववुर्वायवोऽपि दिशश्चाप्यदृश्यन्त शोभाविहीनाः ॥२०॥

सुनेत्रः सुबाहुश्च देवीप्रसादात् स्मितास्यौ परे वैरिणो विस्मितास्याः ।
तदैवाह सेनापतिं स्वं स्वमार्गे व्रज त्वं करिष्यन्ति किन्ते महीपाः ॥२१॥

शरण्या भवानी हि मे रक्षणार्थं समेता मया संस्मृता पश्य दुर्गाम् ।
न शंका रिपुभ्यो विधेया त्वयैषा नृपै रुद्धमार्गाद्धठादेव नेया ॥२२॥

तदाकर्ण्य वाक्यं ससेनापतिश्च समादाय कन्यामयासीत्तथैव ।
युधाजिन्नृपः क्रोधरक्तेक्षणस्तान् नृपानाह किंवो भयं युद्धकाले ॥२३॥

नृपान् युद्धदर्पाननादृत्य बालो गृहीत्वैव कन्यां कथं गन्तुमिच्छुः ।
मृगेन्द्राधिरूढां स्त्रियं वीक्ष्य भीताः कथं त्यक्तुकामा हतैनं कुमारम् ॥२४॥

त्यसो भन्दै सुदर्शन र सुबाहु दुवै देवीका नजिकमा पुगे र देवीका दुइ पाउमा दण्डवत् प्रणाम गरे, त्यस वेला देवीलाई देखेर तिनीहरूको हर्षरूपी सम्पत् शरीरमा न अटाई रौं रौंबाट बाहिर निस्क्यो । तत्काल अम्बिका चढ्नु भएको सिंह गर्ज्यो र त्यसबाट डराएका हात्तींहरू कुंदे । त्यस्तै अति डर लाग्दा वायु वहन लागे र दिशा पनि शोभा नभएका देखिए ॥१९-२०॥

सुदर्शन र सुबाहु देवीका निगाहबाट मुसुमुसु हाँसेका र अरु राजाहरू आश्चर्यमा मग्न भएका थिए, त्यसैवेला सुदर्शनले सेनापतिलाई भने -“ती राजाहरूले के गर्नेछन् र तिमी आफ्नो बाटोबाट हिंड, हेर मैले संफ्केको हुनाले शरण लिने देवी मेरो रक्षा गर्न आउनु भएको छ, शत्रुको शङ्का गर्नुपर्दैन, तिमीले दुलहीलाई हठैले रुद्धमार्गबाट लैजाऊ ।२१-२२॥ ”

त्यो वचन सुनी सेनापतिले कन्यालाई लिएर त्यसै बाटो गए । युधाजित् राजाले रिसले राता आँखा देखाएर अन्य राजाहरूलाई भने- “युद्ध गर्ने समयमा तिमीहरूलाई के डर आइपऱ्यो ? युद्धमा सेखी गर्ने राजाहरूको अपमान गरेर बालकले कन्यालाई लिएर कसरी जान सक्छ ? सिंहमाथि चढेकी स्त्रीलाई देखेर डरले कसरी छाड्ने ? यो कुमारलाई मार ॥२३-२४॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ससैन्यान् बलिष्ठाननादृत्य चास्मान् गृहीत्वाऽबलो याति कन्याललाम ।
यथा सिंहभागं समादाय दूरं शृगालस्तथाऽयं जिघांस्यः स्वशस्त्रैः ॥२५॥

निहत्यामुमाच्छिद्य कन्यामहं तु प्रयच्छामि पुत्र्याः सुतायैव सत्यम् ।
ब्रुवन्नित्थमैषीत् स्वयं योद्धुकामस्तदा शत्रुजित्सार्धमग्रे युधाजित् ॥२६॥

धनुः कर्णपर्यन्तमाकृष्य बाणान् स शाणैः समुल्लिख्य तीक्ष्णान् मुमोच ।
सुनेत्रं निहन्तुं तथा सोऽपि बाणान् विचिच्छेद मध्ये रिपोरात्मबाणैः ॥२७॥

तदित्थं प्रवृत्तेऽभिमर्दे कराले भवानी भृशं चण्डिकाप्यत्यकुप्यत् ।
युधाजिन्नृपे प्रत्यवार्षीत् स्वबाणाननेकायुधाऽनेकरूपाप्यदर्शि ॥२८॥

ततःसंयुगे रौद्ररूपे प्रवृत्ते सदौहित्रमग्रे युधाजिन्नृपेन्द्रम् ।
जघानोरसोस्तावुभौ तीक्ष्णबाणै रथस्थाविमौ भूमिमालिङ्गतःस्म ॥२९॥

तदा दर्शकास्ते नृपा येऽथ शत्रुजितः पक्षगा विस्मयं प्रापुरेव ।
भवानीचरित्रं न जानाति कोऽपि हरिर्वा हरो वा कथं ते विदन्तु ॥३०॥

के सिंहको भाग लिएर स्याल टाढा दगुरे झैं, ससैन्य वलवान् हामीहरूलाई वास्ता नगरेर यो दुर्वलले कन्या रत्न लाई लिएर जान्छ ? जाँदैन । आफ्ना हतियारले यसलाई मार्नुपर्छ साँच्चै, मैले ता यसलाई मारी यो कन्यालाई खोसेर आफ्नो नातीलाई दिन्छु । ” यसो भन्दै शत्रुजित्का साथै युधाजित् युद्ध गर्न अघि सरे ॥२५-२६॥

तिनले कानसम्म धनु खिचेर, सुदर्शनलाई मार्न भनी शान लगाएका तीखा वाण छाडे, सुदर्शनले पनि आफ्ना वाणले शत्रुका वाणलाई बीचैमा काटिदिए, यसरी भयङ्कर युद्ध प्रवृत्त भएपछि चण्डिका देवी पनि अति रिसाउनु भयो र युधाजित् राजाप्रति आफ्ना वाणहरू वर्षाउनु भयो, अनि आफू पनि अनेक रूप लिएकी अनेक शस्त्र लिएकी देखिनुभयो ॥२७-२८॥

त्यसपछि डरलाग्दो रूप लिएर युद्ध प्रवृत्त भयो अनि शत्रुजित् सहित युधाजित् राजालाई देवीले तीखा वाणले छातीमा हान्नुभयो, दुवै रथबाट भूईंमा अङ्कमाल गर्न पुगे । त्यसवेला अरु दर्शक राजाहरू र शत्रुजित् पक्षका राजाहरू पनि आश्चर्यमा पुग्ने नै भए । जगदम्बाको चरित्र विष्णुले अथवा शिवले पनि जान्दैनन् भने तिनीहरूले के जानुन् ? ॥२९- ३०॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जयेत्युच्चकैः शब्दमुच्चारयन्तौ सुबाहुः सुनेत्रश्च बद्धाञ्जलिं द्वौ ।
नमश्चक्रतुश्चण्डिकां प्रेमयुक्तौ स काशीपतिस्तोतुमिच्छुर्बभूव ॥३१॥

निबद्धाञ्जलिस्तां महीलग्नजानुः स्पृशन् पादपद्मं स्वमूर्ध्नाम्बिकायाः ।
स तुष्टाव वाक्यैः प्रियैर्मसृणैश्च स्वयं साश्रुदृग्गद्गदेन स्वरेण ॥३२॥

नमो देवि दुर्गे जगद्धात्रि मातः ! शिवे कामदे भक्तदुर्दुःखहन्त्रि ! ।
नमो मोक्षदे ! ते जगन्मातरम्ब ! नमो विश्ववन्द्ये ! चिदानन्दरूपे ! ॥३३॥

पुराकल्प आद्येऽपि मातः ! प्रसुप्ते समाश्रित्य निद्रां हरौ शेषतल्पे ।
मधुः कैटभेनान्वितोऽजं समेत्य नियुद्धाय पद्मासनार्थं ययाचे ॥३४॥

विधिः संभ्रमाद् विष्णुमैषीत् शरण्यं स निद्रावशस्त्वां समस्तौत् स्वयम्भूः ।
हरेस्तत्तदङ्गात्समुत्थाय देवि ! त्वमेव स्थिता विष्णुविध्यन्तराले ॥३५॥

हतौ तौ तवैवोत्कटाक्ष्णोः कटाक्षान्महाकालिकेति त्वमेतावतासि ।
कदाचित् पुरा माहिषेणासुरेण वशीकुर्वति स्वर्गमर्त्यस्वलोके ॥३६॥

तदा सर्वदेवात्मतेजःस्वरूपा त्वमेव प्रकटचैव रक्षो जघन्थ ॥
अनेनैव ते कर्मणा संज्ञितासि महत्पूर्वलक्ष्मीरीति ख्यातिमेता ॥३७॥

सुबाहु र सुदर्शन दुवैले हात जोडेर 'जय' शब्द उच्चारण गर्दै प्रेमयुक्त भएर चण्डिकाको नमस्कार गरे, अनि सुबाहु राजाले स्तुति गर्ने इच्छा गरे । उनले घुँडा टेकेर, दुइ हात जोडेर , शिरले जगदम्बिकाको पादकमल छोएर , आँशुले भरिएका आँखा सहित, गद्गद् स्वरले, प्यारा, मीठा र मसीना वाक्यले स्तुति गरे ॥३१-३२॥

"हे दुर्गे ? देवि ?! हे जगत् पालनकर्त्रि ? हे माता ? हे कल्याणकारिणि ? हे इच्छा माफिक वर दिने हे भक्तको कठोर दुःख नाशगर्ने ? हे मोक्षदिने ? हे जगज्जननि ? हे जगत्ले नमस्कार गरिने ? हे आमा ? हे चिदानन्दरूपिणि हजुरलाई नमस्कार छ ॥३३॥

पहिले आदि कल्पमा भगवान् विष्णुले निद्रा लिएर शेष शैयामा सुतेको समयमा मधु र कैटभ दैत्य आई ब्रह्माजीसंग....कमलासन अथवा युद्ध मागेका थिए । हे देवि ? त्यसबेला ब्रह्माजी हडवडसित विष्णुका शरणमा गए, विष्णु निद्राका वशमा हुँदा पहिले निद्राको स्तुति गरे र हजुर हरिका तत् तत् अङ्गबाट प्रकट भएर ब्रह्मा र विष्णुका बीचमा रहनुभएको थियो ॥३४-३५॥

ती दुई मधु कैटभ हजुरकै उत्कट आँखाका कटाक्षबाट मारिए यसैले हजुरको नाम महाकालिका रह्यो । अघि कुनै समयमा महिषासुर दैत्यले स्वर्ग, मर्त्य र पाताल वश गरेमा त्यसैबेला सम्पूर्ण देवताका तेजबाट हजुर प्रकट भएर दैत्यलाई मारिवक्स्यो, यस कर्मबाट 'महालक्ष्मी' भन्ने संज्ञाले प्रख्यात भएकी हुनुहुन्छ ॥३६-३७॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कदाचित् परस्मिन्ननेहस्यपि त्वं निशुम्भादिदैत्यैः सुरेष्वर्दितेषु ।
तदा हैमवत्पर्वतप्रान्तभागात् प्रभूता तथा पार्वतीति प्रसिद्धा ॥३८॥

निहत्यैव शुम्भं निशुम्भञ्च देवि ! सरस्वत्यपि त्वं महत्पूर्विकासि ।
चरित्रत्रयं ते स्वकर्मत्रयेण प्रकृत्या गुणानां त्रयेणापि सिद्धम् ॥३९॥

यदा ते चरित्रत्रयं योऽपि मर्त्यः पठेद्वा स्मरेद्वा द्विकालं त्रिकालम् ।
स भक्तस्त्विहापि क्षितीशो धनी वा सपुत्रः परत्रापि मोक्षं लभेत ॥४०॥

कलौ नास्ति किञ्चिच्चरित्रत्रयात्ते परं वित्तदं सिद्धिदं मोक्षदं वा ।
तदेतत्सुविज्ञाय धीराः पठन्ति परेऽपि प्रतिज्ञाय मन्त्रं जपन्ति ॥४१॥

तवैतस्य सन्मन्त्रराजस्य भावोऽप्ययं "चण्डिके ! सच्चिदानन्दरूपे ! ।
त्रिमूर्ते ? वयं ब्रह्मविद्यामवाप्तुं चरित्रत्रयं संस्मरन्तो भजेम" ॥४२॥

क्व ते विश्वमूर्तिः क्व मर्त्योऽस्मि कीटः कथं त्वद्गुणान् भूरिशो गातुमीशः ॥
यथाभक्ति यत्नान्मयोक्ता स्तुतिस्तेऽनया तोष्टुमर्हस्यलं तावतैव ॥४३॥

अर्को कुनै समयमा शुम्भ निशुम्भ आदि दैत्यले देवताहरूलाई दुःख दिए त्यसवेला हिमालय पर्वतको प्रान्तबाट पैदा भएर 'पार्वती' भन्ने नामले प्रसिद्ध हुनुभयो ॥३८॥

हे देवि ! शुम्भ र निशुम्भलाई मारेर हजुर 'महासरस्वती' हुनुभयो । हजुरका तीन चरित्र यी पूर्वोक्त तीन कर्मबाट र प्रकृतिका तीन गुणबाट पनि सिद्ध भए ॥३९॥

कुनै पनि मानिसले हजुरका तीन चरित्र दुइकाल, त्रिकाल पढ्छ वा संझन्छ भने त्यो भक्त यस लोकमा राजा वा धनी अथवा पुत्रवान् हुन्छ परत्र मोक्ष पनि पाउँछ ॥४०॥

कलियुगमा हजुरको तीन चरित्रभन्दा अर्को केही छैन जसले धन, सिद्धि वा मोक्ष देओस् । त्यसैले बुद्धिमान् मानिसहरूले यही पढ्छन्, कसैले प्रतिज्ञा गरेर मन्त्र जप गर्छन् । हजुरको मन्त्रराज नवार्णको भाव यो हो- 'सच्चिनानन्दरुपिणि ? हे त्रिमूर्ति चण्डिके ! हामीहरू ब्रह्मविद्या प्राप्त गर्न हजुरको तीन चरित्र संझना गर्दै भजन गर्छौं "॥४१-४२॥

कहाँ हजुरको विश्वरूप ? कहाँ म मनुष्यरूपी कीरा ? मैले कसरी हजुरका धेरै गुण गान गर्न सक्छु र ? भक्ति अनुसार यत्न गरेर जुन स्तुति गरें त्यसैले खुशी होइबक्स्योस्, यत्ति हो ॥४३॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मृतो यस्य तातस्तथा राज्यहीनो रिपूणां भयान्निर्गतो यो गृहाच्च ।
अरण्ये शरण्ये मुनेः सन्निवासे भरद्वाजनाम्नः स्थितोऽसौ वराकः ॥४४॥

त्वमेतादृशी भक्तदुःखार्तिहन्त्री यतः सत्यसन्ध्यात्मजो रक्षितोऽयम् ॥
दया ते स्वभक्तेषु जाने भवानि ! कृपापाङ्गदृष्टिं मयि प्रार्थयामि ॥४५॥

एवं स्तुता भगवती करुणात्ममूर्ति-
भूर्पं प्रसन्नवदना निजगाद वाक्यम् ॥
कस्ते मनस्यभिमतोऽपि वरोऽस्ति राजन् !
तन्मे वरं वरय यं प्रददामि तुष्टा ॥४६॥

इति श्रीभीमकान्तकविविरचिते जगदम्बिकावैभवकाव्ये
युधाजित्शत्रुजिद्धननं सुबाहुकृतस्तुतिश्च नाम दशमः सर्गः ॥१०॥

यी विचरा जसका बाबु मरे, जो राज्यहीन भए, शत्रुका डरले घरवाट निस्केर जंगलमा भरद्वाज नामका मुनिका आश्रममा शरण मागेर बसेका थिए ॥४४॥

हजुर यस्ती भक्तको दुःख सङ्कट हरण गर्ने हुनु हुन्छ, जसले यी ध्रुव सन्धिका छोरा सुदर्शनलाई रक्षा गरिवक्सियो । हे देवि ! आफ्ना भक्तहरूमा हजुरको दया हुन्छ भन्ने जानेको छु, ममा पनि कृपाकोण भएको दृष्टिहोस् भनेर प्रार्थना गर्दछु ॥४५॥"

यसरी सुवाहु राजाले स्तुति गरिएकी, दयाकी मूर्ति, भगवतीले प्रसन्न मुख गराएर भन्नुहुन्छ -"राजन् ! तिम्रा मनमा इच्छा भएको वर के छ, त्यो वर माग, खुशी भएकी छु, म त्यो वर दिन्छु ॥४६॥

यस 'जगदम्बिकावैभव' काव्यको (नेपाली अनुवाद) दशौं सर्ग पूरा भयो ॥१०॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एकादशः सर्गः

श्रुत्वा भगवतीवाक्यं सुबाहुरतिभक्तिमान् ।
उवाच जगदम्बाग्रे प्रेमगद्‌गदितान्तरः ॥१॥

भवत्या दर्शनाद्देवि ! नगण्या सार्वभौमता ।
दर्शनेनैव धन्योऽस्मि किं याचेऽन्यं महीतले ॥२॥

याचेति मयि यत्प्रोक्तं दयया जगदीश्वरि ! ।
भक्तिर्मे त्वय्यनन्याऽस्तु सर्वदैवाऽनपायिनी ॥३॥

एतदेव समीहेऽहं वाञ्छितं मनसा मम ।
राज्यं दाराः सुता वित्तं त्वत्प्रसादाद् भवन्ति मे ॥४॥

अन्यच्च नगरे चास्मिन् भवत्या स्थीयतां सदा ।
भविता नाम दुर्गेति सर्वशक्तिस्वरूपिणी ॥५॥

रक्षा कार्या भवत्याऽपि काश्यां निवसतां सताम् ।
सुदर्शनो यथा त्रातो रक्षितव्या नगर्यपि ॥६॥

भगवतीका पूर्वोक्त वाक्य सुनेर अति भक्ति भएका सुबाहु राजाले भित्री प्रेमले गद्‌गद् भएर देवीका अगाडि भने - "हे देवि ! चक्रवर्ती राजा हुनुभन्दा हजुरको दर्शन पाउनु ठूलो कुरा छ, दर्शन पाएर मात्रै म धन्य भएँ, यो पृथ्वीतलमा अर्को बढी के छ र मागूँ ? ॥१-२॥

हे जगदीश्वरि ! 'वर माग' भनेर मलाई दयाले जुन भन्नुभयो हजुरमा मेरो अनन्य, कहिले पनि न छुट्ने भक्ति होस् ॥३॥

मेरा मनले इच्छा गरेको यही हो, यही माग्छु, राज्य, पत्नी, छोरा धन ता हजरका निगाहबाट मेरा छँदैछन् ॥४॥

अर्को वर पनि माग्दछु, यो काशी नगरीमा हजुर सदा वसिवक्स्योस्, सम्पूर्ण शक्ति स्वरूप भएकी 'दुर्गा' भन्ने हजुरको नाम हुनेछ ॥५॥

काशीमा वस्ने सज्जनहरूको हजुरले रक्षा गरिवक्सिनेछ, जस्तो सुदर्शनलाई रक्षा गर्नु भयो त्यस्तै यो नगरीलाई पनि रक्षा गर्नुहुनेछ ॥६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भूमौ काशी पुरी यावत् तावदत्र स्थिराभव ।
पूजां करोमि दुर्गे ! ते यावदायुः प्रवर्तते ॥७॥

अन्येऽपि भक्तास्त्वां देवि ! पूजयिष्यन्ति सर्वदा ।
अमङ्गलविनाशं च सर्वेषां कुरु चण्डिके ! ॥८॥

भक्तकामदुघे ! मातः ! किमन्यत् प्रार्थयाम्यतः ।
इत्युक्ता जगदम्बा तु नृपं वाक्यमिदं जगौ ॥९॥

राजन् काश्यां निवासं मे प्रकल्पय वसाम्यहम् ।
रक्षामि सर्वलोकाँश्च यावत् सन्धारयेद् धरा ॥१०॥

तथा सुदर्शनोऽप्येत्य प्रणम्य जगदम्बिकाम् ।
तुष्टाव परया भक्त्या सन्तुष्टः कार्यसिद्धितः ॥११॥

रक्षितो भक्तिहीनोऽपि कृपया जगदम्बिके ॥
अभक्तानपि पाताऽसि भक्ताँस्त्वन्येऽपि निर्जराः ॥१२॥

जगत्स्रष्टुं पालयितुं संहर्तुमपि कारणम् ॥
रक्षा मम वराकस्य न चित्रं भुवनेश्वरि ! ॥१३॥

यो पृथिवीमा जब सम्म काशी पुरी रहन्छ तब सम्म हजुर यहाँ स्थिर हुनुहोस् । हे दुर्गे ! जबसम्म मेरो आयु रहन्छ तहाँसम्म पूजा गर्छु ॥७॥

अरु भक्तहरूले पनि हजुरको सधैं पूजा गर्नेछन् । हे चण्डिके ! सम्पूर्ण मानिसको अमङ्गलको नाश पनि गरिबक्सियोस् ॥८॥

हे भक्तको कामना पूर्ण गर्ने आमा ! यहाँ भन्दा बढी मैले के मागूँ र ? राजाले यसो भनेपछि जगदम्बाले राजालाई यो वाक्य भन्नुभयो- ॥९॥

'राजन् ! काशीमा मेरो वासस्थानको कल्पना गर, म बस्दछु, जहाँसम्म पृथ्वीले लोकलाई धारणा गर्छिन् तहाँसम्म सम्पूर्ण लोकको रक्षा गर्छु ॥१०॥

त्यस्तै सुदर्शन पनि आएर अम्विकालाई प्रणाम गरी कार्यसिद्धिबाट खुशी भएका हुँदा ठूलो भक्तिले स्तुति गरे ॥११॥

"हे जगदम्बिके ! म भक्तिहीनलाई पनि दया गरेर रक्षा गरिवक्सियो, भक्तलाई त अरु देवताले पनि रक्षा गर्छन् हजुरले अभक्तलाई पनि रक्षा गर्नुहुन्छ ॥१२॥

जगत्लाई सृष्टि गर्न, पालन गर्न र संहार गर्न पनि हजुर कारण होइबक्सिन्छ, हे भुवनेश्वरि ! हजुरले म विचराको रक्षा गर्नु कुनै आश्चर्य छैन ॥१३॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आज्ञापयसि मां यस्मिन् कार्ये तद् विदधाम्यहम् ।
मूढः स्वयं न जानामि किङ्करोऽस्मि करोमि किम् ? ॥१४॥

इत्थं स्तुवन्तं तं देवी करुणावरुणालया ।
जगाद मधुरं वाक्यं नृपाणां शृण्वतामिदम् ॥१५॥

राजपुत्र ! व्रजायोध्यां स्वराज्यममि पालय ।
मया ते निहतौ शत्रू राज्यं निष्कण्टकं तव ॥१६॥

स्मरणीया सदैवाहमतो मां नैव विस्मरेः ।
कल्याणं तव राज्येऽपि करिष्यामि सजागरा ॥१७॥

मम पूजा सदा कार्या बलिदानविधानतः ।
अष्टम्याञ्च नवम्याञ्च चतुर्दश्यां विशेषतः ॥१८॥

पूजाप्रचारः कर्तव्यो नगरेऽपि त्वया नृप ! ।
त्रिसन्ध्यमेव कर्तव्यं पूजनं भक्तिभावतः ॥१९॥

चतुर्षु नवरात्रेषु भक्तिभावसमन्वितैः ॥
शास्त्रोक्तेन विधानेन पूजा कार्या विशेषतः ॥२०॥

जुन काम मलाई आज्ञा हुन्छ त्यो काम मैले गर्छु । मूर्ख छु , आफै केही जान्दिन, किङ्कर हुँ, के गर्नु पर्छ ? ॥१४॥

यसरी स्तुति गर्ने सुदर्शनलाई दयाकी समुद्र भएकी देवीले सवै राजाहरूले सुन्ने गरी यो मधुर वाक्य भन्नुभयो - ॥१५॥

'राजपुत्र ! अयोध्यामा जाऊ, आफ्नो राज्य पालन गर । तिम्रा दुवै शत्रु मारिदिएँ, तिम्रो राज्य निष्कण्टक भयो ॥१६॥

मलाई सधैं संझनुपर्छ, अतः मलाई न विर्से, तिम्रो राज्यमा पनि जागा रहेर कल्याण गरिदिनेछु ॥१७॥

बलिदान विधि अनुसार मेरो पूजा सधैं गर्नु, विशेष गरी अष्टमी, नवमी र चतुर्दशी तिथिको दिन गर्नुपर्छ ॥१८॥

हे राजन् ! तिमीले नगरमा पनि पूजाको प्रचार गर्नू, त्रि-सन्ध्यामा भक्तिभावले पूजा गर्नू ॥१९॥

चारै नवरात्रमा भक्तिभावसित शास्त्रमा बताइएको विधिले विशेष पूजा गर्नू ॥२०॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इत्थमाभाष्य राजानं बालकं च सुदर्शनम् ।
अन्तर्दधे भगवती भक्तदुर्गतिनाशिनी ॥२१॥

अन्तर्हितायां देव्यां तु तत्रस्था भूभुजोऽखिलाः ।
सुदर्शनं नमस्कृत्य देवेन्द्रमिव निर्जराः ॥२२॥

काशिराजोऽपि तं नत्वा प्रहर्षोत्फुल्ललोचनः ।
सर्व एव महीपालाः परिवृत्य सुदर्शनम् ॥२३॥

उपविश्य समीपे तेऽञ्जलिं बद्धा समूचिरे ।
सुदर्शन ! महाराज ! त्वमस्माकं नृपोत्तमः ॥२४॥

अस्मान् स्वकिङ्करान् विद्धि राजराजत्वमाश्रय ।
अस्माभिस्त्वत्प्रसादेन दृष्टा भगवतीश्वरी ॥२५॥

यस्या आराधनान्मर्त्यैश्चतुर्वर्गोऽप्यवाप्यते ।
त्वत्कृते भगवत्याद्य कृतं शत्रुविनाशनम् ॥२६॥

धन्योऽसि बहुपुण्यस्त्वं कोऽपरस्त्वादृशो जनः ।
यत्कृते जगदम्बापि भूमौ प्रादुरभूत् स्वयम् ॥२७॥

राजा सुबाहुलाई र बालक सुदर्शनलाई पनि यसो भनेर भक्तको दुर्गति नाश गर्ने भगवती अन्तर्धान हुनुभयो ॥२१॥

देवी अन्तर्धान भएपछि त्यहाँ भएका सवै राजाहरूले, देवताहरूले इन्द्रलाई जस्तै सुदर्शनलाई नमस्कार गरेर, हर्षले आँखा फारेका काशीनरेशले पनि ती सुदर्शनलाई नमस्कार गरेर, अरु सवै राजाहरूले पनि सुदर्शनका वरिपरि नजिकमा वसेर हातजोडी अञ्जलि वाँधेर सुदर्शनलाई भन्न लागे - ॥२२-२३.५॥

हे सुदर्शन महाराज ! हजुर हाम्रा राजराज हुनुहुन्छ । हामीहरूलाई आफ्ना किङ्कर भनेर जानुहोस्, राजराज पदमा वस्नुहोस्, हजुरका प्रसादबाट हामीहरूले जगदम्बिकाको दर्शन पायौं । वहाँको आराधना गर्नाले मनुष्यले धर्म, अर्थ, काम र मोक्ष चारै पाइन्छ । तपाइँका निमित्त देवीले शत्रुको नाश गर्नु भयो ॥२३.५- २६॥

धैरै पुण्य भएका हजुर धन्य हुनुहुन्छ, तपाई जस्तो अर्को वो छ र ! जसका निमित्त जगदम्बा आफैं भूमिमा प्रकट हुनुभयो ॥२७॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वयं तु जगदम्बाया मायाजालविलम्बिताः ।
ममेदमिति देहादौ बन्धुसंबन्धबन्धनाः ॥२८॥

कथमेषाऽऽगता देवी किंप्रभावा किमात्मिका ।
कथञ्चाराधिता पूर्वं त्वया कुत्र कदा वद ॥२९॥

संसारोत्तारणायैव देव्या आराधनं श्रुतम् ।
तद्विधिं त्वाञ्च पृच्छामस्त्वमशेषेण वर्णय ॥३०॥

एवं भूपतिभिः पृष्टो महीपालः सुदर्शनः ।
देवीं संस्मृत्य मनसि नृपान् प्रत्यवदन् मुदा ॥३१॥

शृणुत क्षितिपाः ! सर्वे वचनं प्रथमं मम ।
चरितं जगदम्बाया विदुर्ब्रह्मादयोऽपि न ॥३२॥

सेशाः सुरा न जानन्ति मादृशानां तु का कथा ।
ममानुभूतिं कथये तच्चरित्रं कथं ब्रुवे ॥३३॥

या मूलप्रकृतिः शास्त्रे वेदेऽपि प्रतिपादिता ।
सगुणा निर्गुणा शक्तिः सा देवीत्यभिधीयते ॥३४॥

हामी त देवीका माया जालमा फसेका र देह आदिमा 'यो मेरो हो', 'यो बन्धु हो' 'यो सम्वन्धी हो' भन्ने बन्धनमा परेका छौं ॥२८॥

यी देवी कसरी आइन् ? यिनको प्रभाव कस्तो छ ? स्वरूप के हो ? अघि तपाईंले कहिले, कहाँ कसरी आराधना गर्नुभयो ? त्यो बताउनुहोस् । साथै यो संसारबाट तर्नका निमित्त देवीको आराधना गर्नुपर्छ भन्ने सुनेका छौं, त्यसको विधि तपाइँलाई सोद्धछौं, बाँकी नराखेर वर्णन गर्नुहोस् ॥२९-३०॥

यसरी अन्य राजाहरूबाट सोधिएका राजा सुदर्शनले मनमा देवीको सम्झना गरेर हर्षका साथ ती राजाहरूलाई उत्तर दिए ॥३१॥

"हे राजा हो ! पहिले मेरो वचन सवैले सुन्नुहोस् "जगदम्बिकाको चरित्र ब्रह्मादिले पनि जान्दैनन् , ईश्वर सहितका देवताले पनि जान्दैनन् भने हामी जस्ताको त के कुरा ? मैले अनुभव गरेको कुरा बताउँछु, तिनको चरित्र भन्न कसरी सक्छु र ? ॥३२ -३३॥

"जसलाई शास्त्रमा मूल प्रकृति भनिएको छ, वेदमा पनि प्रतिपादन गरिएको छ, तिनै सगुण अथवा निर्गुण शक्तिलाई देवी भनिन्छ ॥३४॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

या शक्तिस्तन्त्रशास्त्रेषु महाकालीति तामसी ।
राजसी च महत्पूर्वा विज्ञेया सा सरस्वती ॥३५॥

सात्त्विकी तु महालक्ष्मीः सर्वस्याद्योत्तमोत्तमा ।
सृष्ट्यादौ सगुणा देवी प्रकृत्या त्वगुणैव सा ॥३६

निर्गुणोपासनं भूपाः कष्टात्कष्टतरं भवेत् ।
भवादृशैर्मादृशैश्च संसेव्या सगुणात्मिका ॥३७॥

सुदर्शनवचः श्रुत्वा राजानः पुनरब्रुवन् ।
बाल्ये तपोवनं प्राप्तो युधाजिद्भयतो भवान् ॥३८॥

कथं त्वयोपासिता सा कथं ज्ञाताथ पूजिता ।
कथं प्रसन्ना साहाय्यं चक्रे या शत्रुमारणात् ॥३९॥

सुदर्शनः पुनः प्राह बाल्यभावे तपोवने ।
ऋषिबालकसंघुष्टः कामराजाभिधो मनुः ॥४०॥

परन्तु बिन्दुहीनोऽपि कौतुकाज्जपितो मया ।
तस्याः शक्तेः प्रभावश्च श्रुतो मुनिमुखादपि ॥४१॥

अत एव मया ज्ञाता ध्याता भक्त्याऽप्यहर्निशम् ॥
सन्तुष्टा चाम्बिका शक्तिर्वरञ्चाभिमतं ददौ ॥४२॥

तन्त्र शास्त्रमा जुन शक्तिलाई वताइएको छ त्यसमा 'महाकाली' तामसी शक्ति हुन्, 'महासरस्वती' राजसी शक्ति हुन् र 'महालक्ष्मी' सात्विकी शक्ति हुन् ।

यिनी सवैकी आधार र अति उत्तम छन्, सृष्टि, स्थिति पालन र संहार गर्दा सगुण शक्ति हुन्छिन्, स्वभावले भने उनी निर्गुण नै छन् ॥३५-३६॥

हे राजा हो ? देवीको निर्गुण शक्तिको उपासना गर्न अति कष्ट छ, हजुरहरू जस्ताले र म जस्ताले सगुणशक्तिको उपासना गर्नुपर्छ ॥३७॥

सुदर्शनको यो वचन सुनेर राजाहरूले फेरि भन्दछन् - ' हजुर युधाजित्का डरलें वाल्यावस्थामा नै तपोवनमा आउनु भयो । कसरी तपाइँले देवीको उपासना गर्नुभयो ? कसरी जान्नुभयो र पूजा गर्नुभयो ? कसरी देवी प्रसन्न भएर शत्रुलाई मारिदिई सहाय गर्नुभयो ? ॥३८-३९॥

सुदर्शनले फेरि भने -" बाल्यावस्थामा तपोवनमा ऋषि कुमारले भनेको कामराज भन्ने मन्त्र सुनें, बिन्दुहीन भए पनि त्यसलाई कौतुकले मैले जपें, तिनी शक्तिको प्रभाव पनि मुनिका मुखबाट सुनें । यसरी मैले जानें र ध्यान पनि भक्तिसित रातदिन गरें अनि सन्तुष्ट भएकी अम्बिका देवीले इच्छा अनुसारको वर पनि दिनुभयो ॥४०-४२॥ "

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रुत्वैतद्वचनं भूपा ज्ञात्वा तां परमेश्वरीम् ।
दधाना हृदये भक्तिं निर्जग्मुः स्वगृहान् प्रति ॥४३॥

सुबाहुरपि राजेन्द्रः स्वां काशीनगरीं प्रति ।
जगाम स्वबलैः सार्धमभिमन्त्र्य सुदर्शनम् ॥४४॥

सुदर्शनश्च नृपतिर्मात्रा पत्न्याऽपि संयुतः ।
कियज्जनबलोपेतो भरद्वाजाश्रमं गतः ॥४५॥

स ऋषीनृषिपत्नींश्च ह्यभिवादनपूर्वकम् ।
सपत्नीकः सुसन्तुष्टो बभाषे विनयान्वितः ॥४६॥

भवतां कृपया ह्यत्र स्थितोऽहं मातृसंयुतः ।
शुभाशिषोदुह्य कन्यां सपत्नीकः समागतः ॥४७॥

शत्रू मे निहतौ युद्धे मदर्थे जगदम्बया ।
यस्याः प्रसादात् संप्राप्तं राज्यं निष्कण्टकं मया ॥४८॥

मात्रा पत्न्या संयुतोऽहं गन्तुमीहे गृहं प्रति ।
कृतकृत्योऽस्मि युष्माभिरुपकारः कृतो महान् ॥४९॥

बालको बालिशोऽप्यस्मि ह्याशीर्वादांश्च कामये ।
इत्युक्त्वा स्वजनैः सार्धं कोसलान्प्रति निर्ययौ ॥५०॥

यो वचन सुनेर 'सवै राजाहरू ती देवीलाई परमेश्वरी हुन् भन्ने जानेर, हृदयमा भक्ति लिएर सवै आ-आफ्ना घर तर्फ गए ॥४३॥

त्यसपछि सुबाहु राजा पनि आफ्ना फौजलाई साथमा लिएर सुदर्शनसंग विदा भई आफ्नो काशी नगरीतिर गए ॥४४॥

आमा र पत्नीले सहित सुदर्शन राजा पनि अलिकति मानसिलाई साथमा लिएर भरद्वाज ऋषिको आश्रममा गए ॥४५॥

पत्नीसहित भएका, सन्तुष्ट भएका सुदर्शनले ऋषिहरू र ऋषिपत्नीहरूलाई प्रणाम गरी नम्र भएर यसो भने - ॥४६॥

"हजुरहरूका कृपाले आमा सहित म यहाँ बसें, यहाँहरूका आशीर्वादले कन्या विवाह गरेर सपत्नीक आएको छु , मेरा निमित्त मेरा दुवै शत्रुलाई जगदम्वाले मारिदिनु भयो, वहाँकै प्रसादवाट निष्कण्टक राज्य पनि मैले पाएँ ॥४७-४८॥

आमा र पत्नीले सहित छु, घरतर्फ जान चाहान्छु । हजुरहरूले ठूलो उपकार गर्नुभयो, कृतकृत्य छु । म बालक र अनजान छु । आशीर्वाद पाउँ" यसो भनेर आफन्तजनका साथ सुदर्शन अयोध्यातर्फ गए ॥४९-५०॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ये पूर्वं मन्त्रिणस्तस्य श्रुत्वा शत्रुजितो वधम् ।
हर्षेण धावमानास्ते प्रेम्णोपेयुः सुदर्शनम् ॥५१॥

प्रातिकूल्यङ्गते दैवे स्वजनोऽप्येति वैरिताम् ।
आनुकूल्ये तु दिष्टस्य दुष्टोऽपि स्वजनायते ॥५२॥

तमागतमुपश्रुत्य प्रजाः साकेतवासिनः ।
द्रष्टुं ययुस्ते सोत्कण्ठा नानोपायनपाणयः ॥५३॥

गत्वाऽयोध्यां सपत्नीको मन्त्रिभिश्च समातृकः ।
वन्दिभिः स्तूयमानश्च सर्वान् संमान्य सादरम् ॥५४॥

प्राविशद्राजभवनं पञ्चकन्याभिरर्चितः ।
वेदविद्वद्द्विजैरुक्तः स्वस्तिवाचनपूर्वकम् ॥५५॥

तं पूर्वं मुनिशरणोपयातमर्भं
पत्न्या संप्रति सहितं जितारिवर्गम् ॥
स्वे राज्ये नृपसदने स्थितं विलोक्य
हर्षास्रैरभिषिषिचुः प्रजा द्विजाश्च ॥५६॥

इति श्रीभीमकान्तकविविरचिते जगदम्बिकावैभवकाव्ये
सुदर्शनस्य स्वराज्ये प्रवेशो नाम एकादशः सर्गः ॥११॥

सुदर्शनका जो मन्त्रीहरू पहिले थिए तिनीहरू शत्रुजित्‌को वध भएको सुनेर हर्षले दौड्दै प्रेमसाथ सुदर्शनसंग मिल्न आए । दैव प्रतिकूल भएमा आफन्त पनि वैरी बन्छ र दैव अनुकूल भएमा शत्रु पनि आफन्त बन्छ ॥५१-५२॥

सुदर्शन आए भन्ने सुनेर अयोध्यावासी प्रजाहरू अनेक नजराना हातमा लिएर प्रेमले दर्शन गर्न गए ॥५३॥

अयोध्यामा पुगेर पत्नीसहित, आमा सहित, मन्त्रीहरूले सहित भएका, वन्दिजनले स्तुति गरिएका, पञ्चकन्याले पूजा गरिएका र वेद जान्ने ब्राह्मणहरूले आदेश दिइएका सुदर्शन सम्पूर्ण प्रजाहरूलाई आदरपूर्वक सम्मान गरेर स्वस्तिवाचनपूर्वक राजदरवारमा प्रवेश गरे ॥५४-५५॥

पहिले मुनिका शरणमा गएका वालक हाल शत्रुको समूहलाई जितेर अहिले पत्नीसहित भई आफ्नो राज्यको राजदरवारमा प्रवेश गरी वसेको देखेर जनता र ब्राह्मणहरूले तिनलाई हर्षाश्रुले सेचन गरे ॥५६॥

यस 'जगदम्बिकावैभव' काव्यको (नेपाली अनुवाद) एघारौं सर्ग पूरा भयो ॥११॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द्वादशः सर्गः

अवाप्य निजमन्दिरं पितृपितामहाद्याश्रितं
स्वराज्यमपि पूर्वजैरवनिपैः क्रमात् पालितम् ॥
जगाम स तु शत्रुजिज्जननिकासकाशं तदा
प्रणम्य शिरसाऽब्रवीन्मनसि पुत्रशोकातुराम् ॥१॥

अहो ! जननि ! ते सुतोऽपि च पिता समित्यां मृतौ
स्पृशामि चरणौ मया न निहतौ हतौ दुर्गया ॥
न मेऽत्र विषयेऽस्तु ते ह्यनपराध्यतो वैरिता-
ऽप्यवेहि सकलं जगत् सुकृतदुष्कृतोद्दिष्टभुक् ॥२॥

यथा मम मनोरमा जननि ! तादृशी त्वं प्रिया
न भेदमतिरस्ति मे मनसि काऽपि दासोऽस्मि ते ॥
मृतं तनयमप्यतो न बहु शोच तं वै वृथा
सुखेन वस मे गृहे कुरु हितं परत्राऽऽत्मनः ॥३॥

तदत्र सुखमापतेदथ कदापि दुःखं भवेत्
क्रमेण स्वसुखाधिकानपि च दुःखमात्राधिकान् ॥
विचिन्त्य न समर्पयेत् स्वमपि हर्षशोकोभयोः
स्वचित्तभवयोस्तयोररिसमानतां प्राप्तयोः ॥४॥

आफ्ना पितृ-पितामह आदि अघिका राजाहरू बसेको आफ्नो दरवार र पूर्वज राजाहरूले पालन गरिएको स्वराज्य पनि पाएर त्यसवेला सुदर्शन शत्रुजित्की आमाका समीपमा गए । मनमा पुत्रशोकले विह्वल भएकी सपत्न मातालाई शिरले दण्डवत् प्रणाम गरेर भने - ॥१॥

"आमा ! खेद छ, हजुरको छोरा अनि बुवा पनि युद्धमा परलोक भए । हजुरका पाउ छुन्छु, सत्य, मैले मारेको होइन, दुर्गाले मार्नु भएको हो, यस विषयमा मेरो अपराध छैन, त्यसकारण ममा शत्रुता नहोस्, सम्पूर्ण जगत् आफ्नो पाप पुण्यरूपी कर्मको फल भोगने हो भन्ने जान्नुहोस् ॥२॥

हे जननि ! जस्तो मेरी आमा मनोरमा हुनुहुन्छ त्यस्तै हजुर पनि प्यारी हुनुहुन्छ, मेरा मनमा भेद बुद्धि कत्ति पनि छैन, म हजुरको दास हुँ, यसकारण मरेको छोराको व्यर्थै धेरै शोक नगर्नुहोस् । सुखपूर्वक मेरो घरमा वस्नुहोस्, परलोकमा आफूलाई हित हुने कुरा गर्नुहोस् ॥३॥

यो संसारमा जुन सुख आइपर्छ, अथवा दुःख हुन्छ क्रमैले आफूभन्दा बढी सुखीलाई र बढी दुःखीलाई विचार गरेर हर्ष र शोक दुवैमा आफूलाई समर्पण नगर्नु किन कि आफ्नै मनमा उब्जेका र शत्रुसमान भएका ती हर्ष र शोक हुन्, शत्रुलाई आत्मसमर्पण गर्नु हुँदैन ॥४॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यथेन्धनमयी वधूर्नटवशेन सन्नृत्यति
स्वकर्मवशगो जनोऽपि च तदाश्रयो वर्तते ॥
तथैव वनगोऽप्यहं स्वकृतकर्मचिन्तां चरन्
न दुःखवशगोऽभवं परमतः सुखं मेऽभवत् ॥५॥

मृतस्तव पितुः करान्मम रणे हि मातामहो
भयेन विधुरा ममाऽपि जननी परेतः पिता ॥
वनं गतवती मया सह तथा विदल्लेन च
हृतं धनमधोंऽशुकान्यपि पथिस्थपाटच्चरैः ॥६॥

तदापि कृतकर्मणां परिणतिं सदा भावयन्
न दुःखवशगोऽभवं प्रति गतो मुनेराश्रमम् ॥
स्ववृत्तिमुपकल्पयन् फलजलैर्मुनेः सेवया
प्रयाप्य समयं स्थितोऽस्मि जगदम्बिकाचिन्तया ॥७॥

स्मरामि वनवासतो जगति राज्यभोगाद् वरं
वनेऽम्बुफलभोजनं मुनिजनैः कृतं सङ्गतम् ॥
व्रजिष्यति मृतः परे जनुषि राज्यभुङ्नारकं
यथाऽऽगमपथं सरन् पथि चरन् न नीवारभुक् ॥८॥

जस्तै कठपुतली (नारी) नटुवाहरूका वशमा परेर खूब नाच्दछे, आफ्ना कर्मका वशमा परेको जन पनि त्यसै गरी नाच्दछ । वनमा गएको मैले पनि आफूले गरेका कर्मको चिन्ता गरेर दुःखका वशमा परिन किन्तु मलाई घरमा भन्दा बढी सुख वनमा भयो ॥५॥

हजुरका पिताका हातबाट मेरा मातामह युद्धमा स्वर्गे हुनुभयो । आमा पनि डरले दुःखित हुनुभयो, पिता पहिल्यै स्वर्गे हुनुभयो । आमा म र मन्त्री विदल्लका साथ वनमा जानु भयो, बाटामा चोरहरूले हाम्रो धन र धोती-साडी पनि लुटेर लगे ॥६॥

त्यस वखतमा पनि आफूले गरेका कर्मको परिपाक हो भन्ने सदा सम्झदैं भरद्वाज मुनिका आश्रममा गएको म दुःखको वशमा परिन । फल र जलले आफ्नो वृत्ति कल्पना गर्दै मुनिको सेवा गरेर समय विताएँ र जगदम्बिकाको चिन्तन गरेर वसें ॥७॥

वनवासको अनुभववाट यो सम्झन्छु कि संसारमा राज्यभोग गर्नुभन्दा वनमा जल, फल खाएर वस्नु र मुनिजनहरू सित सङ्गत गर्नु वेश छ । राज्यभोग गर्ने मानिस मरेपछि अर्को जन्ममा नरकमा जानेछ, शास्त्रको मार्गमा चल्ने, परम्पराको बाटो न छाड्ने, वनमा मुनिधान्य खाने मानिस नरकमा जाँदैन ॥८॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इहैव खलु भारते भुवि मनुष्यता दुर्लभा
सुखं शयनभोजनादिजनितं कुयोनिष्वपि ॥
विहाय सुखमुत्तमं परजनाविहैतत्सुखे
न मज्जति जनः कदापि मतिमानुदर्केऽशुभे ॥९॥

सुदर्शनमुखादिदं सदुपदिष्टमित्थं वचो
विधार्य हृदये स्वयं निजमनस्थशोकं जहौ ॥
उवाच तनयं न ते क्वचन कोऽपराधो भवेद्
युधाजिदपराध्यभूत्वयि भृशं मदीयः पिता ॥१०॥

निहत्य तव मातृतातमपि वीरसेनाभिधं
क्रमेण तव हस्तगं तनय ! राज्यमप्याहरत् ॥
न वारयितुमप्यलं स्वजनकं तथैवात्मजं
यतोऽहमबला ममापि खलु नापराधो भवेत् ॥११॥

स्वकर्मवशतो हतो मम सुतः समातामहो
न कारणमसि स्वयं प्रमृतयोर्वृथा खिन्द मा ॥
अहं तु न तयोः शुचं प्रकलये परं तत्कृतं
विगृह्य हननं रणेऽतिघृणितं सुशोचामि यत् ॥१२॥

यही भारत वर्षमा मनुष्य भएर जन्मनु दुर्लभ छ, खान, सुत्नवाट हुने सुख त कुयोनिमा पनि मिल्दछ । परलोकमा उत्तम सुख मिल्ने कर्मलाइं छाडेर अशुभ परिणाम हुने यस लोकको यो अनित्य सुखमा वुद्धिमान् मनुष्य कहिले पनि पर्दैन ॥९॥

सुदर्शनका मुखबाट यसरी उपदेश गरिएको यो सत्यवचनलाई मनमा विचार गरेर आफ्ना मनमा भएको पुत्रशोक र पितृशोकलाई आफै त्याग गरिन्, अनि छोरालाई भनिन् -"वावु ? तिम्रो अपराध कहीं केही होओइन, मेरै पिता युधाजित् तिम्रा प्रति ज्यादै अपराधी भए ॥१०॥

तिम्री आमाका वावु वीरसेनलाई संग्राममा मारिदिए । हे पुत्र ! क्रमले तिम्रा हातमा आएको राज्य पनि छिनेर लिए, म अवलाले पनि आफ्नो वावुलाई र छोरालाई हटाउन सकिन त्यसकारण मेरो पनि अपराध न होला ॥११॥

मेरो छोरा र मेरा पिता आफ्ना कर्मका वशबाट मरेका हुन्, तिमी स्वयं कारण छैनौ, ती मरेकाहरूको व्यर्थै खेद नगर । मैले त ती दुवैको शोक लिएकी छैन, किन्तु तिनीहरूले अन्यायपूर्वक संग्राममा मारेको जो अति निन्दनीय छ वरु त्यसको पीर गरेकी छु ॥१२॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्वमेव ननयोऽसि मेऽस्ति भगिनी तवैवाम्बिका
न मातृसुतयोः कदापि मम कोऽपि कोपागमः ॥
कुरुष्व निजराज्यकं न विहतं तथाऽकण्टकं
हतं रिपुभिरप्यलं भगवतीप्रसादागतम् ॥१३॥

निशम्य जननीवचस्तदनु तां प्रणम्यादरात्
जगाम भवनं निजं स्थितिरभूद्यदस्मिन् पुरा ॥
स्वमन्त्रिगणमाजुहोत् स निखिलं सदैवज्ञकं
निरूप्य दिवसं शुभं व्यरचयच्च सिंहासनम् ॥१४॥

हिरण्यमणिनिर्मितेऽतिरमणीयसिंहासने
निधाय जगदम्बिकाऽऽकृतिमतीं सुमूर्तिं तदा ॥
समर्च्य विविधैः शुभैः सुवसनैः स्रगाद्यैः पुनः
करोमि निजराज्यकं समवदन्नमात्यान् प्रति ॥१५॥

निशम्य नृपशासनं सचिवनायकः काञ्चनीं
विधाय प्रतिमां न्यधात् सुसमये स सिंहासने ॥
समैः कुशलकारुभिर्विरचिते तदीयाज्ञया
नवीनशुभमन्दिरे सुसमये प्रतिष्ठां व्यधात् ॥१६॥

तिमी नै मेरा छोरा हौ, तिम्री आमा नै मेरी दिदी हुन्, तिमीहरू आमा छोरा माथि मेरो कहिले पनि रिस उठेन । कतैबाट पनि टण्टा र शत्रु नभएको, पहिले शत्रुले हरण गरे तापनि भगवतीका प्रसादबाट आफ्ना हातमा आएको, आफ्नो वंश परम्परा प्राप्त राज्य गर ॥१३॥

आमाको यो वचन सुनेर त्यसपछि आदरपूर्वक प्रणाम गरी अघि जहाँ बसेका थिए त्यही घरमा गए । उनले आफ्ना मन्त्रीहरू र ज्योतिषीलाई बोलाए अनि शुभ दिन ठहराएर सिंहासन बनाउन लगाए ॥१४॥

"सुनले र मणिले बनाइएका अत्यन्त राम्रा सिंहासनमा जगदम्बिकाको आकृति रचिएको राम्रो मूर्ति राखी त्यसवेला अनेक किसिमका शुद्धवस्त्र, फूल, माला आदि सामग्रीले पूजा गरेर आफ्नो राज्य गर्छु" भनी राजाले मन्त्रीहरूलाई भने ॥१५॥

राजाको आदेश सुनेर प्रधानमन्त्रीले सुनको देवीप्रतिमा बनाई राम्रो समयमा सिंहासनमा राखेर सम्पूर्ण सिपालु कालीगढहरूले राजाको आज्ञानुसार बनाइएको नयाँ, राम्रो मन्दिरमा शुभ दिनमा प्रतिष्ठा गरे ॥१६॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तदित्थमवनीपतेः प्रथमतः प्रतिष्ठापने
द्विजाः श्रुतिगिरोऽपठँश्च निखिला जगुर्वन्दिनः ॥
चकार हवनं जगज्जननिकाप्रियं पूजनं
सदुत्सवमकारयज्जगति तत् समाचारयत् ॥१७॥

अनेन विधिना नृपः प्रतिदिनं चकारार्चनं
प्रजा अपि गृहे गृहे नियमतोऽर्हणं चक्रिरे ॥
अनन्तरमतोऽकरोत् स्वजनकस्य राज्यं रघु-
र्यथा दशरथात्मजः सकलवन्दितो राघवः ॥१८॥

सुदर्शननृपे नृपासनगते प्रजा हर्षिता
चतुष्पदयुतं सदा सकलमान्यधर्मोऽभवत् ॥
न कस्यचन चेतसीन्द्रियगणेऽप्यधर्मे मति-
र्न वैरमपि जानते न दधते तदीयाः प्रजाः ॥१९॥

निधाय हृदि चण्डिकाचरणपङ्कजातं सदा
प्रजा अपि सुशिक्षयन् बहिरभूत् स भीमो नृपः ॥
दयार्द्रहृदयो यतः कमलपुष्पकान्तोऽन्तरा
कथं भवतु चण्डिकाचरणपद्मधृन्निष्ठुरः ॥२०॥

यो रीतिसित पहिले राजाले देवीको प्रतिमाको प्रतिष्ठा गर्दा ब्राह्मणहरूले वैदिक मन्त्र पढे । सम्पूर्ण वन्दिजनहरूले स्तुति गान गरे, होम गरे । जगदम्बालाई मन पर्ने पूजा गरे, राम्रो उत्सव गरे । यसरी गरिएको देवीको पूजनादि उत्सवको लोकमा प्रचार पनि गरे ॥१७॥

यही विधिले राजा सुदर्शनले दिन दिनै देवीको पूजा गरे, प्रजाहरूले पनि घर घरमा नियमपूर्वक पूजा गरे । त्यसपछि आफ्ना पिताको राज्य त्यसरी गरे जसरी रघुराजाले गरेथे अथवा सवैले पूजिएका, दशरथका छोरा रामचन्द्रले गरेथे ॥१८॥

राजा सुदर्शन राज्यासनमा वसेपछि प्रजाहरू हर्षित भए, धर्म पनि सधै सवैले मानिएको र चारै पाउले सहित भयो । कसैको मनमा र अरु इन्द्रिय समूहमा पनि अधर्मपट्टि मति लागेन र ती राजाका प्रजाहरूले वैरभाव भन्ने कुरा जानेका पनि थिएनन् र गरेनन् पनि ॥१९॥

हृदयमा चण्डिकाको पादपद्म राखेर, सदा प्रजाहरूलाई शिक्षा गर्दा ती सुदर्शन राजा भयङ्कर जस्ता बाहिर देखिन्थे, भित्र भने कमलका फूल जस्ता मनोहर, कोमल भएका हुँदा दयाले भिजेको हृदय भएका थिए । देवीको पादकमल धारण गर्ने पुरुष निष्ठुर कसरी होउन् ? कोमल पादपद्म कठोर हृदयमा कसरी रहन सक्थ्यो र निष्ठुर हुन्थे ? ॥२०॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुबाहुरपि काशिकाधिपतिरेत्य काशीपुरी-
मनल्पधनसाधितं समकरोन्महन्मन्दिरम् ॥
विधाय प्रतिमां शुभां मणिमयीञ्च दुर्गाभिधां
निवेश्य च दृढासने सहृदयैः स तामार्चयत् ॥२१॥

न केवलंमसौ नृपो भवति नित्यदुर्गार्चकः
परं तदनु ये जना नृपति शासनस्थाः प्रजाः ॥
इमेऽपि समपूजयन्निशि दिवा दृढा भक्तितो
यथा विधिविधानतो विविधभक्तिविश्वेश्वरम् ॥२२॥

सुबाहुनृपकारितं भगवतीमहन्मन्दिरं
तदन्तरभिपूजितं प्रतिमया युतं साम्प्रतम् ॥
यतस्तत उपस्थिताद् गृहगणात्तदुच्चैस्तमं
सुभक्तजनसेवितं तदसिघट्ट आस्ते स्थिरम् ॥२३॥

बभूव पृथिवीतले प्रचुर एव पूजाविधि-
र्जनाः समुपगम्य तामपरपूर्वयाम्योत्तरात् ॥
समर्च्य जगदम्बिकां तदनु कीर्तनं वन्दनं
चरन्ति तदनन्तरं समनुकृत्य नृत्यन्ति च ॥२४॥

काशी नरेश सुबाहुले पनि काशी पुरीमा गएर धेरै धन लगाएर ठूलो मन्दिर बनाए, राम्रो मणिमय दुर्गाको मूर्ति बनाएर दृढ सिंहासनमा राखेर भक्तहरू द्वारा पूजा गराए ॥२१॥

केवल यी राजा सुबाहु मात्र दुर्गाको पूजा गर्ने होइनन् किन्तु राजाका शासनमा रहेका जति प्रजाहरू थिए तिनले पनि जुन विधि विधानले विश्वनाथको पूजा गर्दथे त्यस्तै गरी दृढ भएर रात दिन भक्तिका साथ दुर्गाको पूजा गरे ॥२२॥

सुवाहु राजाले बनाएको भित्र पूजित प्रतिमा रहेको, मन्दिर वरिपरि भएका घरहरू भन्दा ज्यादै अग्लो भक्तजनहरूले सेवा गरिएको दुर्गाको मन्दिर असिघाटमा अहिले पनि छँदैछ ॥२३॥

पूर्व-पश्चिम, उत्तर-दक्षिणबाट जनताहरू त्यहाँ आएर जगदम्बिका दुर्गाको पूजा गरी कीर्तन, वन्दन गर्छन्, त्यस पछि अनुकरण गरेर नाच्छन् पनि । यस रीतिले पृथिवीतलमा बहुत पूजाविधिको प्रचार भयो ॥२४॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

द्विजो भवतु बाहुजो भवतु विट् च शूद्रो भवेत्
न किं भजति भक्तितो भजतु सर्वसेव्याम्बिकाम् ॥
अशक्त इति कथ्यते प्रकृतिभक्तिहीनो नरो
ह्यविष्णुरशिवः कदाचन जनो न कोऽप्युच्यते ॥२५॥

इहैव जगदम्बिकाभजनपूजनादौ रतः
परत्र नृपतिर्भवेदुत स सर्वमान्यः सुखी ॥
विलोक्य सुखवर्जितानशनपानवस्त्रार्दितान्
वितर्क्यममुना न च प्रकृतिरेभिराराधिता ॥२६॥

उपसंहारः

शरत्प्रभृत्यागमकीर्तितेषु
चतुर्षु वर्षे नवरात्रकेषु ॥
उपासनाऽस्या निगमाऽऽगमोक्ता
जनैर्विधेया सदुदर्कभूत्यै ॥२७॥

ब्राम्मण, क्षत्रिय, वैश्य, शूद्र जसले पनि भक्तिपूर्वक शक्तिको भजन गर्छ भने त्यसले के गर्न सक्दैन र ? सवैले सेवा गर्न योग्य अम्बिका भगवतीको भजन गरोस् । शक्तिको भक्ति नभएको 'शक्तिहीन भएको' मानिसलाई 'अशक्त' भनेर भनिन्छ तर 'अविष्णु' 'अशिव' भनेर कहिल्यै कसैलाई भनिंदैन ॥२५॥

यस लोकमा जगदम्बिकाको भजन, पूजन कीर्तनमा तत्पर भएको मानिस अर्को जन्ममा राजा अथवा सवैले मानिएको सुखी हुनेछ । दुःखी, खानपिन र वस्त्र पनि न पाएकालाई देखेर यो अनुमान गर्नु कि- यिनीहरूले पहिले प्रकृतिको आराधना गरेका रहेनछन् ॥२६॥

उपसंहार

शास्त्रमा बताइएका, एक वर्षमा पर्ने शरद् आदि चार नवरात्रमा यिनै जगदम्बिकाको उपासना वेदले र शास्त्रले बताएको रीतिले मानिसहरूले गर्नुपर्छ, परिणाममा कल्याण हुनेछ ॥२७॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सृष्ट्वाऽखिलं जगदिदं सदसत्स्वरूपं
शक्त्या स्वया त्रिगुणया परिपाति विश्वम् ॥
संहृत्य कल्पसमये रमते तथैका
तां सर्वविश्वजननीं मनसा स्मरामि ॥२८॥

अये ! भगवति ! त्वमेव मम जन्मदा प्राणदा
यतोऽर्पय ममाधुना सुधिषणां सुविद्यां तथा ।
तवैव पदपङ्कजं प्रति सदा मनो मे नय
जगज्जननि ! सिंहवाहिनि ! दयादृशाऽऽलोकय ॥२९॥

मुनिवेदाभ्रनयनमिते वैक्रमवत्सरे ।
आषाढ्या इदमारभ्य शिवरात्रौ समापितम् ॥३०॥

स्मारं स्मारं तच्चरित्रं निधाय हृदि चाम्बिकाम् ।
काव्यं यत्कृपया पूर्णं तस्याः कुर्वे पदार्पणम् ॥३१॥

इति श्रीभीमकान्तकविविरचिते जगदम्बिकावैभवकाव्ये
सुदर्शनराज्यप्रलम्भो नाम द्वादशः सर्गः सम्पूर्णः ॥१२॥

जुन भगवतीले सत् र असत् स्वरूप भएको यो सम्पूर्ण जगत्लाई सृष्टि गरेर आफ्नै त्रिगुणात्मक शक्तिद्वारा रक्षा गर्नु हुन्छ र कल्पान्तकालमा सम्पूर्ण विश्वलाई आफैमा लीन गरी एक्लै रमाउनु हुन्छ त्यस्ती सम्पूर्ण चराचर विश्वकी जननीलाई मनले सम्झना गर्दछु ॥३०॥

हे भगवति ! हजुर नै मेरी जन्मदात्री र प्राणदात्री हुनुहुन्छ, त्यसैकारण अहिले मलाई सदबुद्धि र सद्‌विद्या दिनुहोस साथै मेरो मनलाई पनि सधैं हजुरको पाद-कमलतर्फ खिच्नु होस् । हे जगज्जननि ! हे सिंहवाहिनि ! दयाको दृष्टिले हेर्नुहोस् ॥३१॥

हृदयमा जगदम्बिका भगवतीलाई ध्यान गरी वरावर उनको चरित्रलाई संझदै विक्रमसम्वत् २०४७ आषाढमहिनाको गुरुपूर्णिमादेखि लेख्न आरम्भ गरी शिवरात्रिमा लेखी सकिएको यो काव्य जसको कृपाले पूर्ण भयो उनै भगवतीको पाउमा अर्पण गर्दछु ॥३०-३१॥

यस 'जगदम्बिकावैभव' काव्यको (नेपाली अनुवाद) बाह्रौं सर्ग पूरा भयो ॥१२॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लेखकपरिचयः

नेपालावनिमण्डलस्य विषये यद् राजधान्याः पराग्
गुल्मीभूधुरकोटमध्यगबडाचौराभिधे खर्वटे ॥
ज्योतिःशास्त्रविदग्रणीर्मुनिभरद्वाजान्ववायोद्भवो
दत्तात्रेय इति स्वनाममुनिना तुल्योऽभवद् भूसुरः ॥१॥

तत्पुत्रः श्रुतवित्तमो बहुमतो देवीप्रसादाह्वय-
स्तस्य प्रस्तुतलेखकोऽस्मि तनयो यो भीमकान्ताभिधः ॥
नार्थज्ञो निगमाऽऽगमेष्वपठिती नो वा कविः केवलं
जिह्वाखर्जनशान्तये यदलिखं देव्याः पदोरर्पये ॥२॥

'नेपाल' देशको राजधानी (काठमाडौं) भन्दा पश्चिम गुल्मी जिल्लाको धुरकोट जनपद अन्तर्गत 'बडाचौर' भन्ने सानो गाँउमा, भरद्वाज ऋषिको वंशमा जन्म लिएका (भारद्वाजगोत्रीय) 'दत्तात्रेय' मुनितुल्य (लोकव्यवहार एवं शास्त्र-मर्यादा दुवै बुझ्ेका) ज्योतिषशास्त्र राम्रोसँगजानेका ब्राह्मण हुनुहुन्थ्यो ॥१॥

उहाँको छोरा, राम्रोसंग शास्त्र जान्ने र धेरैले मानिएका देवीप्रसाद भन्ने मेरा पिता हुनुभयो । उहाँको छोरा, भीमकान्त भन्ने म यस महाकाव्यको लेखक हुँ । वेद-वेदाङ्ग शास्त्र नपढेको र तिनको अर्थ न जान्ने हुँदा राम्रा कविता लेख्नसक्ने कवि पनि म होइन, केवल जिभ्रोको चिलाइ मेटाउनका लागि जे जस्तो लेख्नसकें त्यो जगदम्बिका भगवतीको चरण-कमलमा अर्पण गर्दछु ॥२॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अस्मिन् महाकाव्ये प्रयुक्ताः सूक्तयो लोकोक्तयश्च

१. राजा यथा स्याज्जनतास्तथा स्युः । (१।१५)

२. पुत्रं तु गार्हस्थ्यफलं वदन्ति । (१।४९)

३. रङ्कोऽपि पुत्रस्य मुखं विलोक्य नृपं न पश्येदिति लोकसिद्धम् (१।५०)

४. श्रुतं महाराज ? भवेच्च एव ज्यायान् स एवासनरोहणार्हः (१।६७)

५. यस्यास्ति खड्गः खलु तस्य भूमी । (१।७४)

६. अराजके वैरयुतेऽपि देशे न्यायाभिशून्ये कलहे प्रदीप्ते ।
चोराभिचारः परिवृद्धिमेति ये सज्जनास्ते तु भवन्ति खिन्नाः ॥ (१।७७)

७. क्रोधोद्गमे पश्यति कोऽरुणाक्षः । (२।८)

८. सर्वत्र पावयति यातृज्नान् स कर्णान्
वेदध्वनिश्च नसि सङ्गतहोमधूमः । (२।१८)

९. यज्ञाधिकं समुदितं पुरुषस्य पुण्यं
यच्चार्तरक्षणमिति प्रविवक्ति शास्त्रम् । (२।३५)

१०. जेष्ठो हि राज्यासनमर्हतीति । (३।८)

११. लोभाभिभूतस्य वृथैव दानं वृथैव तीर्थं पठनं वृथैव ।
यद्यत् स कर्माचरति स्वयं तद् वृथैव यस्मादकृतं कृतं तु ॥ (३।३२)

१२. लोभाभिभूतो न बिभेति पापात् ।

१३. लोभोऽत्र पापं जनयत्यवश्यम् । (३।३४)

१४. उदर्कभूतिं प्रतिवाञ्छता सता नचाऽप्युपेक्षो रिपुरल्पकोऽपि वा
यदि प्रवृद्धः खलु मृत्यवे भवेत् स राजयक्ष्मेव चिकित्सितोऽपि च (४।२)

१५. बलान्नयामीति यदुक्तवान् भवान्नयस्व पश्यामि तवास्ति यद्बलम् (४।१८)

१६. द्विजस्य संपत्सु नृपस्य भोग्यता
न दृश्यते क्वापि च शास्त्रवर्त्मसु । (४।१८)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१७. नयस्व पश्यामि तवास्ति यद्बलम् । (४।२३)

१८. तपस्विभिर्द्रोहकृतां कुलक्षयं भवत्यवश्यम् । (४।२५)

१९. तृणायते वज्रमपि क्वचित् क्वचित् तृणञ्च वज्रायत एव कर्हिचित् ।(४/२७)

२०. शशोऽपि शार्दूलवधं करिष्यति गजं तथैवं मशको हनिष्यति । (४/२८)

२१. योगः स्यान्मशृणमणेः सुवर्णकेन
नो रीतिं मणिरभियाति योग्यतायै । ४।५४)

२२. अज्ञातमानवमपेक्ष्य दुनोति कामः । (५।१)

२३. बलवती भुवनेश्वरीच्छा । (५।९)

२४. नो दुःसाध्यमस्ति महतां कृपया न चित्रम् (५।१२)

२५. यैः पूर्वजन्मनि न पूजितमस्ति देव्याः
पादाम्बुजं त इह दीनतया तपन्ति । (५।१६)

२६. भर्तुः शुश्रूषणं स्त्रीणां सर्वदेवार्चनादपि ।
तत्प्रशस्ततरं मन्ये स्वर्गदं मोक्षदं च यत् ॥ (६।३)

२७. धर्म एव तथा सत्यं जयी भवति सर्वदा । (६।४४)

२८. अधर्मश्च तथाऽसत्यं विजयी न कदाचन ।
तस्मात् पापं तथाऽन्याय्यं न कार्यमिति मे मतिः ॥ (६।४५)

२९. बलं ब्राह्मणानां श्रुतिः क्षत्रियाणां
बलं चाप एवार्यजातेस्तु वित्तम् ।(७।३)

३०. न देवोऽपि हन्तुं मनुष्यं समर्थो
निमित्तं विना सोऽपि कालोऽसमर्थः । (७।२२)

३१. अनेकैः प्रयत्नैः सदा रक्षितोऽपि
गृहेऽपि म्रियेत स्वयं प्राप्तकालः (७।२३)

३२. वने निर्जने कैर्विसृष्टोऽपि दीनः
स्वमायुर्भजेद्यावदास्ते स जीवन् । (७।२४)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३३. शुभं वाऽशुभं पूर्वजन्मार्जितं यन्
नर स्तस्य भोक्तेति सम्यग्विजाने । (७।२५)

३४. आश्रयो नृपतिभिः करणीय उच्च एव न तु नीचतरैस्तु । (८।१५)

३५. एक एव हि वरो वनिताया ह्यन्य पूरुषमुखं न हि दृश्यम् (८।२३)

३६ कामुकस्य निकटे न हि गच्छेद्
या सतीत्वमनुपालयते सा । (८।२४)

३७. जयपराजययोरुभयोरपि भवति दैववशात् समधीनता ।
तदपि धर्मवशो विजयो भवेत् पुनरधर्मवशस्तु पराजयः ॥(९।२९)

३८. गवेष्यन् शिलां देवलिङ्गं ह्यवाप-
दिति न्याय एवात्र सार्थो बभूव । (१०।१६)

३९. प्रातिकूल्यङ्गते दैवे स्वजनोऽप्येति वैरिताम् ।
आनुकूल्ये तु दिष्टस्य दुष्टोऽपि स्वजनायते ॥ (११।५२)

४०. अवेहि सकलं जगत् सुकृतदुष्कृतोद्दिष्टभुक् । (१२।२)

४१. यदत्र सुखमापतेदथ कदापि दुःखं भवेत्
क्रमेण स्वसुखाधिकानपि च दुःखमात्राधिकान् ।
विचिन्त्य न समर्पयेत् स्वमपि हर्षशोकोभयोः
स्वचित्तभवयोस्तयोररिसमानतां प्राप्तयोः ॥ (१२।४)

४२. यथेन्धनमयी वधूर्नटवशेन सन्नृत्यति
स्वकर्मवशगो जनोऽपि च तदाश्रयो वर्तते । (१२।५)

४३. व्रजिष्यति मृतः परे जनुषि राज्य भूङ्नारकं
यथाऽऽगमपथं सरन् पथि चरन् न नीवारभुक् । (१२।८)

४४. विहाय सुखमुत्तमं परजनाविहैतत्सुखे
न मज्जति जनः कदापि मतिमानुदर्केऽशुभे ॥ (१२।९)

४५. विलोक्य सुखवर्जितानशनपानवस्त्रार्दितान्
वितर्क्यममुना न च प्रकृतिरेभिरराधिता । (१२।२६)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शुद्धिपत्रम्

(टंकन-मुद्रण-दृष्टिदोषैः संजातास्त्रुटय इत्थं संशोधनीयाः)

प्रकाशितम्	प्रकाशनीयम्	पृष्ठाङ्काः	पङ्क्तयः
प्रकाशकीयं	प्रकाशकीयम्	क	१
जगतोःऽपि	जगतोऽपि	क	३०
बह्यः	बह्वयः	ख	१०
लिखिलिषन्ति	लिलिखिषन्ति	ग	१०
मशृणमणेः	मसृणमणेः	घ	२७
योग्यता यै	योग्यतायै	छ	२८
(११/२२)	(११/५२)	ज	२१
राज्ञो	राज्ञ्यो	४	५
काशींनगरीं	काशीनगरीं	४	१५
गड्गेन	खड्गेन	१०	९
ताश्च	ताँश्च	१८	४
राज्ञां	राज्ञ्या	२०	१३
किंवा	किं वा	२२	१२
तृतीयः	चतुर्थः	२९	१
घटोध्न्या	घटोघ्न्या	२९	१२
तृतीयः	चतुर्थः	३१	१
तृतीयः	चतुर्थः	३३	१
तृतीयः	चतुर्थः	३५	१
महोः	महो !	३७	५
सैन्य	सैन्यं	३९	२
शशकिला	शशिकला	४०	७
मोः	भो !	७२	५
वक्त्रच्छुतं	वक्त्राच्छुतं	७३	४
स्थितास्तेन	स्थिताँस्तेन	७३	१२
किंवो	किं वो	७६	११
ममि पालय	मभिपालय	८३	६
चतुष्पदयुतं	चतुष्पदयुतः	९३	११
केवलंमसौ	केवलमसौ	९४	६
(द्वादशे सर्गे अष्टाविंशतितमः श्लोकः कविरचित इति मत्वा प्रकाशितः स तु अन्यथा जात इति प्रार्थये । -प्रकाशकः)		९६	२
देव्याः	देव्याः	९९	११
भूङ्गारकं	भुङ्गारकं	१००	२१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal